# गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६

**पहिलो संशोधन–२०७९/११/१६ अनुसार परिमार्जन गरिएको**

**प्रदेश राजपत्र**

**गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित**

**खण्ड ०३) पोखरा, असार ०१ गते, २०७७ साल (अतिरिक्ताङ्क ०३**

**पहिलो संशोधन (२०७९।११।१६)**

**भाग १**

**प्रदेश सरकार**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७७ सालको ऐन नं. १

**गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको ऐन**

**प्रस्तावना:** गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरुपको मानव संशाधन विकास गर्न गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले, गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अध्यक्ष" भन्नाले सभाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले प्रतिष्ठानका कर्मचारी सम्झनु पर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले प्रतिष्ठानको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान सम्झनु पर्छ।

(ङ.१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(च) "प्रशिक्षक" भन्नाले प्रतिष्ठानका प्रशिक्षक वा स्रोतव्यक्ति सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ज) "सचिव" भन्नाले मन्त्रालयको प्रदेश सचिव सम्झनु पर्छ ।

(झ) "सभा" भन्नाले दफा ५ बमोजिमको प्रतिष्ठानको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना तथा काम,कर्तव्य र अधिकार

३. प्रतिष्ठानको स्थापना:

(१) गण्डकी प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको स्तर निर्धारण र प्रमाणीकरण गर्ने तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको व्यवस्था गरी बजार माग अनुरूपको मानव संशाधन विकास गर्ने उद्देश्यले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना गरिएको छ ।

(२) प्रतिष्ठान एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ

+ पहिलो संशोधनबाट थप

(३) प्रतिष्ठानको आफ्नो छुट्टै छाप हुनेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(६) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

४. <u>प्रतिष्ठानको संरक्षक:</u> (१) गण्डकी प्रदेशको मुख्यमन्त्री प्रतिष्ठानको संरक्षक हुनेछ ।

(२) संरक्षकले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

५. <u>प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभाको गठन:</u>

(१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सभा रहनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछ:-

(क) गण्डकी प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्री - अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य -सदस्य

(ग) गण्डकी प्रदेश सरकारका प्रमुख सचिव - सदस्य

(घ) प्रदेश सरकारको शिक्षा,आर्थिक मामिला, स्वास्थ्य, भौतिक पूर्वाधार, कृषि, वन, पर्यटन क्षेत्र हेर्ने मन्त्रालयका प्रदेश सचिवहरु -सदस्य

(ङ) इन्जिनियरिङ,स्वास्थ्य,कृषि,वन, पर्यटनसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरेका सम्बन्धित सात वर्ष अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट संरक्षकले मनोनीत गरेका कम्तीमा दुईजना महिला सहित पाँच जना -सदस्य

(च) प्रतिष्ठानको मुख्य कार्यालय रहेको स्थानीय तहको प्रमुख वा अध्यक्ष -सदस्य

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एकजना महिला सहित तीन जना -सदस्य

(ज) प्रादेशिक उद्योग वाणिज्य महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(झ) उद्योग, निर्माण, पर्यटन लगायतका सेवासँग सम्बन्धित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेका कम्तीमा एकजना महिलासहित तीन जना - सदस्य

(ञ) प्रतिष्ठानलाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरबाट प्राविधिक,भौतिक, आर्थिक लगायतका सहयोग उपलब्ध गराई प्रतिष्ठानको स्थापना, सञ्चालन र विकासमा महत्वपूर्ण योगदान पुर्याउने नेपाली नागरिक वा गैरआवासीय नेपाली मध्येबाट संरक्षकले मनोनित गरेका दुई जना - सदस्य

(ट) कार्यकारी निर्देशक - सदस्य सचिव

(३) मनोनीत सदस्यको कार्यकाल चार वर्षको हुनेछ र निज अर्को एक कार्यकालका लागि पुन: मनोनीत हुन सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (ङ) देखि (झ) सम्मका सदस्यहरुले प्रदेश सरकारले तोके बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(५) अध्यक्षसहित बहुमत सदस्य उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

तर, पहिलो पटकको बैठकमा गणपूरक संख्या नपुगी बैठक स्थगित भएमा त्यसपछि बस्ने बैठकको लागि अध्यक्ष सहित एक तिहाई सदस्य उपस्थित भएमा सभाको बैठकको गणपूरक संख्या पुगेको मानिनेछ

(६) सभाको बैठक सामान्यतया वर्षको एक पटक बस्नेछ ।

(७) बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. <u>सभाको काम, कर्तव्य र अधिकार:</u>

* पहिलो संशोधनबाट संशोधित

सभाको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रतिष्ठानको अल्पकालीन र दीर्घकालीन योजना स्वीकृत गर्ने ।

*(ख) प्रदेश सरकारबाट प्राप्त भएको एकमुष्ट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीति तथा रणनीति स्वीकृत गर्ने ।

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमको मूल्यांकन गरी आवश्यक परिमार्जनका लागि कार्यकारी समितिलाई निर्देशन दिने ।

(ङ) प्रतिष्ठानको लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन उपर छलफल गरी कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

(च) सीपको वर्गीकरण, परीक्षण, प्रमाणीकरण तथा स्तर निर्धारण गर्ने र सीप प्रमाणिका (इन्भेन्ट्री) स्वीकृत गर्ने ।

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम स्वीकृत गर्ने ।

(ज) प्रतिष्ठानको आचारसंहिता निर्माण गरी परिपालना गर्ने गराउने ।

(झ) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि कार्यकारी समितिलाई आवश्यक मार्गदर्शन गर्ने ।

७. <u>कार्यकारी समिति:</u>

(१) प्रतिष्ठानमा एक कार्यकारी समिति रहनेछ ।

(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) प्रदेश सरकारको शिक्षा क्षेत्र हेर्ने मन्त्री - अध्यक्ष

(ख) प्रदेश नीति तथा योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्य - सदस्य

(ग) मन्त्रालयको प्रदेश सचिव - सदस्य

(घ) सभाका सदस्यहरु मध्येबाट संरक्षकले तोकेको एक जना - सदस्य

(ङ) कार्यकारी निर्देशक - सदस्य सचिव

* पहिलो संशोधनबाट संशोधित

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यले प्रदेश सरकारले तोके बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछ।

८. <u>कार्यकारी समितिको बैठक:</u>

(१) कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) कार्यकारी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) कार्यकारी समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(४) कार्यकारी समितिको बैठकमा आवश्यकता अनुसार अधिकृत कर्मचारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) अध्यक्ष सहित बहुमत सदस्य उपस्थित भएमा कार्यकारी समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) बैठकमा सर्वसम्मतिबाट निर्णय गरिनेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ ।

(७) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९. <u>कार्यकारी समितिको काम,कर्तव्य र अधिकार:</u>

(१)कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रतिष्ठानको अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्ने,

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धि नीति, रणनीति तथा योजना तर्जुमा गरी सभा समक्षपेश गर्ने,

(ग) वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सभा समक्ष पेश गर्ने,

(घ) सीपको वर्गीकरण, परीक्षण, प्रमाणीकरण तथा स्तर निर्धारण गर्ने र सीप प्रमाणिका (इन्भेन्ट्री) तयार गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्ने,

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी व्यावसायिक कार्ययोजना स्वीकृत गर्ने,

(च) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्र र स्तर निर्धारण तथा प्रमाणीकरण गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने संस्था तथा निकायको लागि मापदण्ड तोक्ने,

(ज) स्वदेशी वा विदेशी, सरकारी वा गैरसरकारी संस्था वा व्यक्तिसँग समझदारी गरी आर्थिक,भौतिक तथा प्राविधिक सहयोग प्राप्त गर्ने र शैक्षिक कार्यक्रमको आदान-प्रदान गर्ने,

(झ) आङ्गिक, सामुदायिक, निजी र गैरसरकारी क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको लागि आवश्यक मापदण्ड तयार गर्ने, प्रदेशको आवश्यकता बमोजिम आशयपत्रको आव्हान, मूल्यांकन तथा स्वीकृत गर्ने,

(ञ) मापदण्ड पूरा गरेका संस्थालाई तोकिए बमोजिम सम्बन्धन प्रदान गर्ने,

(ट) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने,

(ठ) बहु-प्राविधिक (पोलिटेक्निक) आङ्गिक शैक्षिक संस्था स्थापना एवं सञ्चालन गर्ने गराउने,

(ड) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रम तयार गरी सभामा स्वीकृतिका लागि पेश गर्ने,

(ढ) एप्रेन्टिससिप तालिम सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(ण) आधुनिक शिक्षा प्रणाली र प्रयोगात्मक अभ्यास मार्फत समय सापेक्ष र बजार माग अनुरुप सीपयुक्त जनशक्ति तयार गर्ने,

(त) प्रतिष्ठानले सञ्चालन गरेका र सम्बन्धन प्रदान गरेका शैक्षिक संस्थाबाट तोकिएको शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई तोकिए बमोजिमको लब्धाङ्क तथा प्रमाणपत्र दिने र विशिष्ट व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्ने,

(थ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का प्रदेशभित्रका कार्यालय, शैक्षिक संस्था नेपाल सरकार वा अन्य निकायबाट हस्तान्तरण भई आएमा प्रतिष्ठानले सञ्चालन गर्ने,

(द) छात्रवृत्ति, पदक र पुरस्कारको व्यवस्था गर्ने,

(ध) सभाका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने

(न) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा बजेट, प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृति वा अनुमोदन वा जानकारीका लागि सभा समक्ष पेश गर्ने,

(प) ऐनको उद्देश्य कार्यान्वयन गर्न तोकिए बमोजिमको अन्य काम गर्ने ।

(२) उपदफा (१) को खण्ड (ज) बमोजिम वैदेशिक सहायता प्राप्त गर्दा वा समझदारी गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**१०. <u>पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था:</u>** (१) कार्यकारी समितिले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्न कार्यकारी निर्देशकको संयोजकत्वमा तोकिए बमोजिम विज्ञ सम्मिलित एक उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमितिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा संचालित शैक्षिक संस्था तथा निकायसँग समेत परामर्श गरी पाठ्यक्रम र पाठ्यपुस्तक तर्जुमा गरी कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उपसमितिले पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्दा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय प्रारुप समेतलाई आधार लिनु पर्नेछ ।

(४) x............................

## परिच्छेद-३

## <u>कार्यकारी निर्देशकको नियुक्ति, काम, कर्तव्य र अधिकार</u>

**११. <u>कार्यकारी निर्देशक:</u>**

(१) प्रतिष्ठानमा एक कार्यकारी निर्देशक रहनेछ ।

x पहिलो संशोधनबाट झिकिएको

(२) कार्यकारी निर्देशक प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको पारिश्रमिक र अन्य सुविधा प्रदेश सरकारले तोकेबमोजिम हुनेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सम्पादन सन्तोषजनक भएमा प्रदेश सरकारले निजलाई अर्को एक कार्यकालका लागि पुनः नियुक्त गर्न सक्नेछ ।

(४) मान्यता प्राप्त शैक्षिक संस्थाबाट विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ,स्वास्थ्य,कृषि, पर्यटन,शिक्षा वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय तहमा कम्तिमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति कार्यकारी निर्देशकमा नियुक्त हुन योग्य हुनेछ ।

(५) कार्यकारी निर्देशकको नियुक्तिको लागि मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा प्रदेश लोक सेवा आयोगको सदस्य र मन्त्रालयको प्रदेश सचिव सम्मिलित एक सिफारिस समिति गठन गर्नेछ

(६) उपदफा (५) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गरी प्रतिस्पर्धाको आधारमा सम्भव भएसम्म तीन जना व्यक्तिहरुको नाम वर्णानुक्रम अनुसार कार्यकारी निर्देशक नियुक्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्तिहरु मध्येबाट प्रदेश सरकारले कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(८) यस दफा बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्मका लागि प्रदेश सरकारले तोकेको कम्तिमा अधिकृतस्तर नवौं तहको कर्मचारीले कार्यकारी निर्देशकको रुपमा काम गर्नेछ ।

१२. <u>कार्य सम्पादन सम्झौताः</u>

(१) कार्यकारी निर्देशकले छनौट गर्दाको बखत पेश गरेको सूचक सहितको व्यावसायिक कार्य योजना बमोजिमको वार्षिक कार्य सम्पादन सम्झौता मन्त्रालयको प्रदेश सचिवसँग गर्नु पर्नेछ ।

(२) मन्त्रालयले उपदफा (१) मा उल्लिखत सम्झौता अन्तर्गत कार्यकारी निर्देशकको कार्य सम्पादनको अर्धवार्षिक/वार्षिक मूल्यांकन गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखत कार्य सम्पादन सम्झौता बमोजिम विशेष परिस्थितिमा बाहेक कार्यकारी निर्देशकको कार्य प्रगति ७० प्रतिशत भन्दा कम भएमा निजको कार्य सम्पादनस्तर सन्तोषजनक नभएको मानिनेछ ।

१३. <u>कार्यकारी निर्देशकको पद रिक्त हुने अवस्थाः</u>

(१) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट अध्यक्ष समक्ष राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) निजको पदावधि पूरा भएमा,

(घ) निज शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहेको भनी विज्ञ सम्मिलित तोकिए बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गरेमा,

(ङ) निजको कार्यसम्पादन स्तर सन्तोषजनक नभई प्रदेश सरकारले हटाएमा,

(च) निजले विदेशी राष्ट्रको स्थायी आवासीय अनुमतिपत्र लिन निवेदन दिएमा,

(छ) निजले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(ज) निजको उमेर ६५ वर्ष पूरा भएमा ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम प्रदेश सरकारले कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि तोकिए बमोजिम सफाइको मनासिब मौका दिनुपर्नेछ ।

१४. <u>कार्यकारी निर्देशकको काम,कर्तव्य, अधिकार,उत्तरदायित्व र जवाफदेहिताः</u>

(१) कार्यकारी निर्देशकको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानको दैनिक प्रशासन सञ्चालन गर्ने,

(ख) प्रतिष्ठानको कोष तथा चल अचल सम्पतिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, नीति रणनीति र योजना तर्जुमा गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(घ) सभा र कार्यकारी समितिको निर्णय र निर्देशन कार्यान्वयन गर्ने,

(ङ) आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गर्ने,

(च) प्रदेशस्तरको प्राविधिक तथा व्यावसायिक जनशक्तिको माग र आपूर्तिको विश्लेषण गरी पहिचान गर्ने,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा शिक्षण, प्रशिक्षण तथा अनुसन्धान गर्ने गराउने,

(ज) तोकिएको मापदण्ड बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्ने संस्था तथा निकायको नियमन गर्ने,

(झ) विभिन्न तालिम सम्बन्धी कार्यक्रमहरु बीच समन्वय कायम गर्ने गराउने,

(ञ) प्राविधिक प्रशिक्षक सम्बन्धी तालिम सञ्चालन गर्ने गराउने,

(ट) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धी वार्षिक कार्यतालिका सहितको कार्यविधि तयार गरी कार्यकारी समिति समक्ष पेश गर्ने,

(ठ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको परीक्षा नियन्त्रकको कार्य गर्ने,

(ड) सभा र कार्यकारी समितिको सदस्य सचिव भई काम गर्ने,

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) कार्यकारी निर्देशक सभा र कार्यकारी समितिप्रति उत्तरदायी हुनेछ ।

(४) कार्यकारी निर्देशक संस्थागत मूल्य, मान्यता र सिद्धान्तको परिपालना र नतिजाप्रति प्रत्यक्ष जवाफदेही हुनु पर्नेछ ।

## परिच्छेद ४

## कर्मचारी सम्बन्धी व्यवस्था

**१५. कर्मचारी सम्बन्धी व्यवस्था:**

(१) प्रतिष्ठानको संगठन संरचना र दरबन्दी प्रदेश सरकारले स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत स्थायी दरबन्दी प्रदेश लोक सेवा आयोगको सिफारिसमा पूर्ति गरिनेछ ।

(३) उपदफा (१)र (२) बमोजिम पदपूर्ति नभएसम्म प्रदेश सरकारले कर्मचारी काजमा खटाउन सक्नेछ ।

(४) कर्मचारीको पारिश्रमिक,सुविधा र सेवाका अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ ।

x+(५) प्रतिष्ठानले उपदफा (१) बमोजिमको संगठन संरचना र दरबन्दी बमोजिमका प्रशिक्षक, दक्ष विज्ञ र अनुसन्धानकर्ता जस्ता आवश्यक पदमा सेवा करारको माध्यमबाट प्रतिस्पर्धा गराई सेवा करार लिन सक्नेछ।

**१६. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था:**

प्रतिष्ठानको कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद-५

## प्रतिष्ठानको कोष,लेखा तथा लेखापरीक्षण

**१७. प्रतिष्ठानको कोष:**

(१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) प्रतिष्ठानको कोषमा देहायका रकमहरु रहनेछन्-

(क) संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त रकम,

(ख) प्रतिष्ठानले ऋण तथा सापटी लिएको रकम,

x पहिलो संशोधनबाट हटाइएको
\+ पहिलो संशोधनबाट थप

(ग) स्वदेश तथा विदेशबाट प्राप्त अनुदान तथा आर्थिक सहायता स्वरुप प्राप्त भएको भौतिक सामग्री वा नगद,

(घ) तालिम तथा अन्य परामर्श सेवाबाट आर्जित रकम,

(ङ) विद्यार्थी/प्रशिक्षार्थीबाट लिइने शुल्क तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(३) प्रतिष्ठानले ऋण तथा सापटी लिँदा प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ ।

(४) प्रतिष्ठानको कोषको रकम तोकिएको बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) प्रतिष्ठानको सबै खर्चहरु उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

१८. <u>प्रतिष्ठानको लेखा र लेखापरीक्षण</u>

(१) प्रतिष्ठानले आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नेछ ।

(२) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद- ६

## <u>विविध</u>

१९. <u>सहकार्य र समन्वय:</u>

(१) कार्यकारी समितिले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा स्वदेशी तथा विदेशी विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा संघसंस्थासँग सम्पर्क विस्तार गरी समन्वय र सहकार्य गर्न सक्नेछ ।

(२) कार्यकारी समितिले गण्डकी विश्वविद्यालय लगायतका अन्य विश्वविद्यालय वा शैक्षिक संस्थासँग तोकिए बमोजिम विद्यार्थी आदानप्रदान गर्न तथा समकक्षता निर्धारण गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ।

२०. <u>प्रमाणपत्रको मान्यता:</u>

(१) प्रतिष्ठानबाट सञ्चालित र स्वीकृत वा सम्बन्धन प्राप्त संस्थाबाट तोकिएको पाठ्यक्रममा आधारित भई सञ्चालन गरिएको तालिमका कुनै शैक्षिक उपाधिको प्रमाणपत्रलाई प्रतिष्ठानले मान्यता दिनेछ ।

(२) प्रमाणपत्रको मान्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. <u>सम्बन्धन सम्बन्धी व्यवस्था:</u>

(१) प्रतिष्ठानद्वारा सञ्चालन गरिने शैक्षिक संस्थाहरुलाई प्रदान गरिने सम्बन्धनको सिफारिसका लागि कार्यकारी निर्देशकको संयोजकत्वमा तोकिए बमोजिम एक सम्बन्धन सिफारिस समिति गठन हुनेछ।

(२) सम्बन्धन सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विषय तथा कार्यक्रम अनुसारका पूर्वाधार निर्देशिका स्वीकृत गरी लागू गर्ने,

(ख) स्थलगत तथा पूर्वाधार निरीक्षण निर्देशिका स्वीकृत गरी लागू गर्ने,

(ग) प्रक्रिया पूरा भएका शैक्षिक संस्थालाई सम्बन्धन स्वीकृतिका लागि प्रतिष्ठान समक्ष सिफारिस गर्ने,

(घ) प्रतिष्ठानले समय समयमा निर्धारण गरेको शैक्षिक, भौतिक, प्राविधिक, प्रयोगात्मक र प्रशासनिक स्तर कायम गरेका शैक्षिक संस्थाहरुलाई शुरुमा अस्थायी सम्बन्धन दिने र प्रतिष्ठानले तोकेको मापदण्ड पूरा गरेमा स्थायी स्वीकृति प्रदान गर्नका लागि प्रतिष्ठान समक्ष सिफारिस गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) सम्बन्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>सीप प्रमाणीकरण सम्बन्धी व्यवस्था:</u>

(१) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक काम गर्नको लागि कार्यकारी निर्देशकको अध्यक्षतामा तोकिए बमोजिम एक प्रदेश सीप परीक्षण समिति गठन गरिने छ।

पहिलो संशोधनबाट पहिलेको व्यवस्था हटाई नयाँ व्यवस्था गरिएको ।

(२) प्रदेश सीप परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सीपको दक्षता वर्गीकरण गर्ने, प्रमाणिका बनाउन र परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्न प्रदेश स्तरमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सो योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने,गराउने,

(ख) प्रदेश भित्रका विभिन्न व्यवसाय, सेवा वा पेशाको लागि चाहिने सीपको दक्षताको माग र आपूर्तिको सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने,गराउने,

(ग) सीपको दक्षताको स्तर वर्गीकरण गर्ने र वर्गीकृत सीप स्तर अनुरुप आवश्यक कार्य विश्लेषण (जव स्पेशिफिकेसन) सहित प्रदेश सीप प्रमाणिकाको मस्यौदा तर्जुमा गर्ने,

(घ) वर्गीकृत स्तर अनुसार सीपको दक्षता भए नभएको परीक्षण गर्न परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीलाई प्रमाणपत्र दिने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

(३) प्रदेश सीप परीक्षण समिति र सीप प्रमाणीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. <u>उपसमिति गठन गर्न सक्ने:</u> सभा र कार्यकारी समितिले प्रतिष्ठानको कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछन ।

२४. <u>असल नियतले काम गरेकोमा बचाउ:</u> प्रतिष्ठानको पदाधिकारी तथा कर्मचारीले असल नियतले प्रतिष्ठानको हितको लागि गरेको कुनै कामको सम्बन्धमा त्यस्तो पदाधिकारी वा कर्मचारीको विरुद्ध मुद्दा चलाउने वा अन्य कुनै कानूनी कारवाही गरिने छैन।

२५. <u>प्रदेश सरकारसँग सम्पर्क:</u> प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ ।

२६. <u>वार्षिक प्रगति प्रतिवेदन:</u>

(१) कार्यकारी निर्देशकले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रतिष्ठानको वार्षिक प्रगति प्रतिवेदन कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ ।

✪ पहिलो संशोधनबाट पहिलेको व्यवस्था हटाई नयाँ व्यवस्था गरिएको ।

(२) कार्यकारी समितिले उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन उपर आवश्यक छलफल गरी सभामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन सभाले आवश्यक छलफल गरी सार्वजनिक गर्नेछ ।

२७. **स्वीकृति लिनुपर्ने:** प्रतिष्ठानले कुनै कार्य गर्दा प्रदेश सरकारलाई दीर्घकालीन थप आर्थिक व्ययभार पर्ने भएमा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

२८. **नियम,कार्यविधि तथा मापदण्ड बनाउने अधिकार:**

(१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा(१) बमोजिमको नियमको अधिनमा रही प्रतिष्ठानले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(३) उपदफा(२) बमोजिम कार्यविधि तथा मापदण्ड बनाउँदा प्रदेश सरकारको कानुन सम्बन्धि विषय हेर्ने मन्त्रालय र आर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनुपर्ने छ।

प्रमाणीकरण मितिः २०७७।०३।०१

आज्ञाले
किरणराज शर्मा
प्रदेश सरकारको सचिव

⊕ पहिलो संशोधनबाट पहिलेको व्यवस्था हटाई नयाँ व्यवस्था गरिएको ।

# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, चैत ८ गते, २०७९ साल (अतिरिक्ताङ्क ४१


## भाग २

### गण्डकी प्रदेश सरकार

### सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको सूचना

### गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान नियमावली, २०७९

गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद — १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम “गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान नियमावली, २०७९” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,—

(क) “उपसमिति” भन्नाले नियम ३७ बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण उपसमिति सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन,२०७६ सम्झनु पर्छ ।

(ग) “कार्यालय” भन्नाले प्रतिष्ठानको कार्यालय सम्झनु पर्छ।

(घ) “कोष” भन्नाले ऐनको दफा १७ बमोजिम स्थापित प्रतिष्ठानको कोष सम्झनु पर्छ।

(ङ) “तालिम समिति” भन्नाले नियम १३ बमोजिम गठित औद्योगिक प्रशिक्षार्थी तालिम समिति सम्झनु पर्छ।

(च) “तालिम पाठ्यक्रम” भन्नाले तालिम समितिद्वारा स्वीकृत छोटो तथा मध्यम अवधिको तालिम पाठ्यक्रम सम्झनु पर्छ ।

(छ) “परीक्षण समिति” भन्नाले नियम ७ बमोजिम गठित प्रदेश सीप परीक्षण समिति सम्झनु पर्छ ।

(ज) “परीक्षा समिति” भन्नाले नियम ३५ बमोजिम गठित परीक्षा सञ्चालक समिति सम्झनु पर्छ ।

(झ) “प्रशिक्षार्थी” भन्नाले शैक्षिक संस्थामा प्राविधिक एसईइ वा सो सरह, डिप्लोमा वा प्रमाणपत्र तहमा अध्ययनरत व्यक्ति सम्झनु पर्छ।

(ञ) “बैकल्पिक माध्यम” भन्नाले प्रशिक्षणको प्रयोगमा आउने रेडियो, टेलिभिजन, कम्प्युटर, स्मार्टफोन, इन्टरनेट जस्ता अनलाइन तथा अफलाइन समेतका सूचना प्रविधिगत माध्यम सम्झनु पर्छ ।

(ट) “बैकल्पिक प्रशिक्षण” भन्नाले बैकल्पिक माध्यमबाट सञ्चालन गरिने प्रशिक्षण सम्झनु पर्छ।सो शब्दले विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्ड अनुसार व्यक्तिगत सुरक्षा र सामाजिक दूरी कायम गरी शैक्षिक संस्था वा कार्यस्थलमा हुने प्रशिक्षणलाई समेत जनाउँछ ।

(ठ) “संस्था” भन्नाले प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्नको लागि नियम १७ वा १८ बमोजिम प्रतिष्ठानबाट स्वीकृति प्राप्त संस्था सम्झनु पर्छ ।

(ड) "शैक्षिक संस्था" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्द्वारा सञ्चालित आंगिक प्राविधिक शिक्षालय, सामुदायिक विद्यालयको प्राविधिक शिक्षा कार्यक्रम, सरकारी निकायद्वारा सञ्चालित प्राविधिक शिक्षालय, साझेदारीमा सञ्चालित प्राविधिक शिक्षालय, निजी तथा सार्वजनिक गुठीद्वारा सञ्चालित शिक्षालय र नाफा रहित रुपमा सञ्चालित संस्थागत शिक्षालय तथा प्रतिष्ठान सम्झनु पर्छ ।

## परिच्छेद — २

## कार्यकारी निर्देशकको काम, कर्तव्य एवं अधिकार र सेवाका शर्त

३. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** (१) ऐनमा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ —

(क) सभा र कार्यकारी समितिमा पेश गर्नुपर्ने प्रस्तावहरु तयार गर्ने, गराउने।

(ख) प्रतिष्ठानको वित्तीय कारोबारको लेखा अद्यावधिक गरी ठीकसँग राख्न लगाउने।

(ग) प्रतिष्ठानको वार्षिक कार्यक्रमको आन्तरिक समीक्षा एवं मूल्यांकन गरी त्यसको प्रगति सभा समक्ष पेश गर्ने।

(घ) प्रतिष्ठानको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने र बेरुजु फर्छ्यौट तथा खर्च समर्थन सम्बन्धमा कार्यकारी समिति मार्फत् सभामा पेश गरी सभाले तोके बमोजिम गर्ने ।

(ङ) प्रतिष्ठानको सम्पत्तिको संरक्षण एवं सम्वर्द्धन र सञ्चालन सम्बन्धमा आवश्यक कार्य गर्ने, गराउने ।

(च) प्रतिष्ठानका कर्मचारीको सबै किसिमका विदा स्वीकृत गर्ने ।

(छ) प्रतिष्ठानको कामको सिलसिलामा कर्मचारीहरुलाई काज खटाउने वा तालिम वा अध्ययन भ्रमणमा मनोनयन गर्ने।

(ज) आचरण उल्लंघन गर्ने प्रतिष्ठानका प्रशिक्षक तथा कर्मचारी उपर विभागीय कारवाही चलाउने ।

(झ) सभा वा कार्यकारी समितिबाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने, गराउने

४. <u>**कार्यकारी निर्देशकको सेवा, शर्त तथा सुविधाः**</u> (१) ऐनको दफा ११ को अधीनमा रही कार्यकारी निर्देशकले प्रदेश सरकारका एघारौं तहका कर्मचारी सरहको तलव, भत्ता, पोशाक भत्ता, चाडपर्व खर्च र बिमा सुविधा पाउनेछ ।

(२) कार्यकारी निर्देशकले प्रदेश निजामती सेवाका कर्मचारीले पाए सरहको घर विदा, बिरामी विदा, पर्व तथा भैपरी विदा, क्रिया विदा, प्रसूति विदा र प्रसूति स्याहार विदा पाउनेछ। यस्तो विदा अवधिको निजले पूरा तलव भत्ता पाउनेछ र निजले विदा बस्दा मन्त्रालयको सचिवको स्वीकृति लिनु पर्नेछ ।

तर पर्व तथा भैपरी आउने विदा बस्नु परेमा मन्त्रालयको सचिवलाई मौखिक जानकारी गराई बस्न सक्नेछ।

(३) कार्यकारी निर्देशकले ९० दिनसम्म घर बिदा सञ्चित गर्न पाउनेछ। निजले सञ्चित गरेको घर विदा वापतको रकम निज पदमुक्त हुने समयमा निजले खाईपाई आएको मासिक तलव स्केलको आधारमा एकमुष्ट भुक्तानी पाउनेछ ।

(४) कार्यकारी निर्देशकलाई चालक सहितको सवारी साधन एक र त्यस्तो सवारी साधनको लागि प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम इन्धन तथा मोविल दिईनेछ।

(५) कार्यकारी निर्देशकले प्रतिष्ठानको कामको सिलसिलामा विदेश भ्रमण गर्दा प्रदेश सरकारको र स्वदेश भ्रमण गर्दा मन्त्रालयको सचिवको स्वीकृति लिनु पर्नेछ ।

तर प्रदेश भित्र भ्रमण गर्दा सात दिन सम्मको लागि कार्यकारी निर्देशक आफैंले भ्रमण स्वीकृति गर्न सक्नेछ ।

(६) कार्यकारी निर्देशकको पदमा तोकिएको कर्मचारी कुनै कारणले सो पदमा नरहेमा निजको प्रतिष्ठानमा रहेको पदाधिकार स्वतः समाप्त हुनेछ ।

(७) कार्यकारी निर्देशक कुनै कारणले पदमा नरहेमा प्रचलित कानून बमोजिम अन्यथा व्यवस्था भएकोमा बाहेक निजले सो अवधि सम्म पकाएको तलब र अन्य सुविधा पाउनेछ ।

(८) कार्यकारी निर्देशकको अनुपस्थितिमा प्रतिष्ठानको बरिष्ठ कर्मचारीले निमित्त कार्यकारी निर्देशक भई कार्य गर्नेछ ।

५. **<u>सिफारिस समितिः</u>** (१) ऐनको दफा १३ को खण्ड (घ) बमोजिम कार्यकारी निर्देशक शारीरिक वा मानसिक रुपमा अशक्त भई कार्यसम्पादन गर्न असमर्थ रहे वा नरहेको भन्ने सम्बन्धमा सिफारिस गर्ने प्रयोजनार्थ सभाले देहाय बमोजिमको एक अशक्तता सिफारिस समिति गठन गर्नेछः-

(क) सभाका सदस्यहरु मध्येबाट अध्यक्षले तोकेको एक जना सदस्य —अध्यक्ष

(ख) नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त विशेषज्ञ चिकित्सक —सदस्य

(ग) बरिष्ठ मनोविज्ञ —सदस्य

(२) उपनियम (१) बमोजिमको सिफारिस समितिले सर्वसम्मतिबाट सिफारिस गर्नेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ ।

(३) सिफारिस समितिको अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **<u>सफाईको मौका दिने सम्बन्धी कार्यविधिः</u>** (१) ऐनको दफा १३ को उपदफा (२) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनुपर्ने अवस्था सिर्जना भएमा कार्यकारी समितिले निर्णय गरी निज उपर लगाईएको आरोपका सम्बन्धमा कम्तीमा सात दिनको समय दिई सफाईको मौका दिनु पर्नेछ । यसरी कार्यकारी निर्देशक उपर लागेको आरोपका सम्बन्धमा अन्तिम टुङ्गो नलागेसम्म प्रतिष्ठानका वरिष्ठ अधिकृतले कार्यकारी समितिको सदस्य सचिवको रुपमा कार्य गर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिईएको अवधिभित्र निजले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा कार्यकारी समितिले त्यस्तो सफाई सन्तोषजनक नभएको कारण र आधार सहित निजलाई पदबाट हटाउने प्रस्ताव प्रदेश सरकार समक्ष पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्ताव पेश भएपछि प्रदेश सरकारले मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून सचिवको संयोजकत्वमा

अध्यक्षले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ सदस्य र मन्त्रालयको सचिव सदस्य सचिव रहेको छानविन उपसमितिले आवश्यक छानविन गरी प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रतिवेदनको आधारमा प्रदेश सरकारले कार्यकारी निर्देशकलाई पदबाट हटाउन सक्नेछ ।

## परिच्छेद — ३

## सीप परीक्षण तथा प्रमाणीकरण

७. **प्रदेश सीप परीक्षण समितिको गठनः** (१) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक काम गर्नको लागि देहायको एक प्रदेश सीप परीक्षण समिति रहनेछः—

(क) कार्यकारी निर्देशक, प्रतिष्ठान —अध्यक्ष

(ख) गण्डकी विश्वविद्यालय, इन्जिनियरिङ्ग तथा विज्ञान संकायको डीन वा निजले तोकेको सो संकायको राजपत्राङ्कित द्वितीय श्रेणी सरहको व्यक्ति —सदस्य

(ग) महाशाखा प्रमुख (प्रतिष्ठान हेर्ने), मन्त्रालय —सदस्य

(घ) महाशाखा प्रमुख (श्रम तथा रोजगार हेर्ने), मन्त्रालय —सदस्य

(ङ) महाशाखा प्रमुख (शहरी विकास तथा भवन निर्माण हेर्ने), भौतिक पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय —सदस्य

(च) महाशाखा प्रमुख (उद्योग हेर्ने), उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय —सदस्य

(छ) उद्योग वाणिज्य महासंघको प्रदेश भित्रका जिल्ला स्थित प्रमुखहरु मध्येबाट कार्यकारी समितिद्वारा मनोनीत एकजना —सदस्य

(ज) निर्माण व्यवसायी महासंघका प्रदेशभित्रका जिल्लास्थित प्रमुखहरु मध्येबाट कार्यकारी समितिद्वारा मनोनीत एकजना —सदस्य

(झ) घरेलु तथा साना उद्योग महासंघको प्रदेशभित्रका जिल्ला प्रमुखहरु मध्येबाट

कार्यकारी समितिद्वारा मनोनीत एकजना —सदस्य

(ञ) निजीस्तरमा व्यावसायिक तालीम प्रदान गर्ने संस्थाहरु मध्येबाट कार्यकारी समितिद्वारा मनोनीत एकजना —सदस्य

(ट) श्रमिकहरुको व्यावसायिक संघ, संगठनहरु मध्ये बाट कार्यकारी समितिद्वारा मनोनीत एकजना —सदस्य

(ठ) शाखा प्रमुख, परीक्षा अनुगमन तथा सीप परीक्षण शाखा, प्रतिष्ठान —सदस्य सचिव

(२) उपनियम (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज अर्को कार्यकालका लागि पुनः मनोनीत हुन सक्नेछ ।

(३) परीक्षण समितिका सदस्यहरुले प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन् ।

(४) परीक्षण समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई परीक्षण समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) प्रतिष्ठानको गुणस्तर, अनुगमन तथा मूल्याङ्कन महाशाखाले परीक्षण समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

८. **परीक्षण समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) परीक्षण समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) परीक्षण समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा परीक्षण समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) परीक्षण समितिको बैठकको अध्यक्षता परीक्षण समितिको अध्यक्षले गर्नेछ।

(४) परीक्षण समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) परीक्षण समितिको निर्णय परीक्षण समितिको सदस्य—सचिवले प्रमाणित गरी राख्नेछ।

(६) परीक्षण समितिको बैठक सम्बन्धी अन्य कार्यविधि परीक्षण समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **परीक्षण समितिको काम, कर्तव्य र अधिकारः** परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) सीपको दक्षता वर्गीकरण गर्न, प्रमाणिका बनाउन र परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्न प्रदेश स्तरमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सो योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रदेश भित्रका विभिन्न व्यवसाय, सेवा वा पेशाको लागि आवश्यक पर्ने सीपको दक्षताको माग र आपूर्तिको सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने, गराउने,

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रणालीमा गुणस्तर तथा दक्षता प्रवर्द्धन गर्ने,

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमलाई सर्वसुलभ तथा उत्पादनमूलक बनाउने,

(ङ) प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमलाई प्रविधिमैत्री एवं श्रमबजारमूलक बनाउने,

(च) प्रदेश भित्रका प्राविधिक शैक्षिक संस्थाहरुको क्षमता अभिबृद्धिका लागि सहयोग पुर्याउने,

(छ) सीपको दक्षताको स्तर वर्गीकरण गर्ने र वर्गीकृत सीपस्तर अनुरुप आवश्यक कार्य विश्लेषण (जव स्पेसिफिकेशन) सहित प्रदेश सीप प्रमाणिकाको मस्यौदा तर्जुमा गर्ने,

(ज) वर्गीकृत स्तर अनुसार सीपको दक्षता भए नभएको परीक्षण गर्न परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीलाई सीपको प्रमाणपत्र दिने,

(झ) सीप परीक्षण सम्बन्धी शु:ल्क निर्धारण गर्ने,

(ञ) कार्यकारी समिति समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने,

१०. **सीपको दक्षताको स्तर र उम्मेदवार हुन पाउनेः** सीपलाई राष्ट्रिय व्यावसायिक योग्यता प्रारुप बमोजिम हुनेगरी देहाय बमोजिमको तहमा वर्गीकरण गरी त्यस तहको दक्षताको स्तर कायम हुनेछ ।

एक अर्ध दक्ष (आधारभुत तथा अनिवार्य शिक्षा सरह)

दुई मध्यम दक्ष (आधारभुत तथा अनिवार्य शिक्षा सरह)

तिन दक्ष (आधारभुत तथा अनिवार्य शिक्षा सरह)

चार राष्ट्रिय प्राविधिक प्रमाणपत्र सरह

पाँच राष्ट्रिय डिप्लोमा

११. **सीप स्तर निर्धारण सम्बन्धी व्यवस्थाः** सीपको दक्षताको स्तर निर्धारण गर्नको लागि सञ्चालन गरिने सीप परीक्षण र तत् सम्बन्धी कार्यविधि एवं सफल परीक्षार्थीलाई प्रदान गरिने सीपको प्रमाणपत्रको ढाँचा कार्यकारी समितिले तोके बमोजिम हुनेछ ।

१२. **प्राविधिक वा विशेषज्ञ उपसमितिः** (१) प्रदेश सीप प्रमाणिका बमोजिम सीप परीक्षण तथा प्रमाणिकरण र तत् सम्बन्धी अन्य कार्य गर्न कार्यकारी समितिले आवश्यकता अनुसार प्राविधिक वा विशेषज्ञ उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्राविधिक वा विशेषज्ञ उपसमितिको गठन, काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि उप समिति गठन गर्दाका बखत कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद—४

## औद्योगिक प्रशिक्षार्थी तालिम

१३. **औद्योगिक प्रशिक्षार्थी तालिम समितिको गठनः** (१) प्रदेश भित्रका सरकारी तथा गैर सरकारी औद्योगिक प्रतिष्ठानद्वारा सञ्चालन हुने आधारभूत एवं सीप अभिवृद्धि तालिम कार्यक्रमहरुको लागि आवश्यक पाठ्यक्रम तयार गर्न, त्यस्ता तालिम कार्यक्रमहरुको स्तरीकरण गर्न र समन्वय कायम गर्न प्रतिष्ठानले देहायको औद्योगिक प्रशिक्षार्थी तालिम समिति गठन गर्नेछः—

(क) कार्यकारी निर्देशक —अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, भौतिक पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय —सदस्य

(ग) अधिकृत प्रतिनिधि, मन्त्रालय —सदस्य

(घ) अधिकृत प्रतिनिधि, उद्योग/ पर्यटन, हेर्ने सम्बन्धित मन्त्रालय —सदस्य

(ङ) उपप्राध्यापक प्रतिनिधि, इन्जिनियरिङ्ग विषय अध्यापन गर्ने विश्वविद्यालयहरु मध्येबाट कार्यकारी निर्देशकले तोकेको एक जना —सदस्य

(च) प्रतिनिधि,मजदूरहरुका पेशगत संघ संगठनहरु

मध्येबाट कार्यकारी निर्देशकले तोकेको एक जना —सदस्य

(छ) प्रतिनिधि कारखाना तथा औद्योगिक प्रतिष्ठानहरु मध्ये कार्यकारी निर्देशकले तोकेको एक जना —सदस्य

(ज) निर्देशक, प्राविधिक महाशाखा, प्रतिष्ठान —सदस्य

(झ) प्रमुख, मानव श्रोत तथा तालिम शाखा, प्रतिष्ठान —सदस्य सचिब

(२) उपनियम (१) मा तोकिएका मानोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(३) तालिम समितिले आवश्यक देखेमा कुनै विशेषज्ञ वा सल्लाहकारलाई तालिम समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१४. **तालिम समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) तालिम समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) तालिम समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा तालिम समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) तालिम समितिको बैठकको अध्यक्षता तालिम समितिको अध्यक्षले गर्नेछ।

(४) तालिम समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(५) तालिम समितिको निर्णय तालिम समितिको अध्यक्ष र सदस्य—सचिवले प्रमाणित गरी राख्नेछ ।

(६) तालिम समितिको बैठक सम्बन्धी अन्य कार्यविधि तालिम समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. **तालिम समितिको काम, कर्तव्य र अधिकारः** तालिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) श्रम बजारको माग तथा रोजगारीको सम्भावना, स्वरोजगारीको अवसर, वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको माग लगायतका विषयवस्तुहरुलाई आधार लिई सीपमूलक जनशक्तिको आवश्यकता पहिचान गर्ने,

(ख) रोजगार, स्वरोजगार तथा आय आर्जन सुनिश्चितता हुने सम्भावनाको आधारमा तालिमको प्राथमिकता निर्धारण गर्ने,

(ग) आवश्यकता पहिचान भएका तालिमको क्षेत्र, विषय एवं संख्याको विवरण तयार गर्ने,

(घ) श्रम बजारको माग अनुसार तालिम पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने,

(ङ) तालिमका लक्षित वर्ग पहिचान गरी तालिमको सहभागी छनोट गर्ने,

(च) तालिमका लागि प्रशिक्षार्थी छनोटका प्रकृयाहरु निर्धारण गर्ने,

(छ) तालिम सञ्चालन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी क्षमता अभिबृद्धि गर्ने,

(ज) बैकल्पिक प्रशिक्षणको प्रकृया निर्धारण गर्ने,

(झ) बैकल्पिक प्रशिक्षणको क्रममा तालिम प्रदायक शैक्षिक संस्था, प्रशिक्षक तथा प्रशिक्षार्थीहरुले पालन गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने,

(ञ) तालिम प्रदायक शैक्षिक संस्था, प्रशिक्षक, प्रशिक्षार्थी तथा अन्य सरोकारवाला निकायहरुले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने,

(ट) तालिम कार्यक्रमको प्रतिवेदन कार्यकारी समिति समक्ष पेश गर्ने ।

## परिच्छेद–५

## संस्थाको स्वीकृति र तालिम सञ्चालन

१६. **संस्था सञ्चालन गर्न स्वीकृति लिनु पर्ने:** प्रतिष्ठानसँग सम्बन्धन लिई निजी क्षेत्रमा संस्था सञ्चालन गर्न चाहने व्यक्तिले स्वीकृतिको लागि नियम १९ बमोजिमको प्रकृया पूरा गरी प्रतिष्ठानले तोकेको ढाँचामा प्रतिष्ठानले तोके बमोजिमको दस्तुर संलग्न गरी प्रतिष्ठानको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१७. **अस्थायी स्वीकृति दिने:** नियम १६ बमोजिम परेको निवेदन र सो साथ संलग्न अन्य कागजात जाँचबुझ गर्दा निवेदकलाई संस्था सञ्चालन गर्ने स्वीकृति दिन

उपयुक्त देखिएमा प्रतिष्ठानले परीक्षणको निमित्त दुई वर्षको लागि अस्थायी स्वीकृति दिनेछ ।

१८. **<u>स्थायी स्वीकृति दिन सक्नेः</u>** नियम १७ बमोजिम अस्थायी स्वीकृति प्राप्त गरेको संस्थाले दुई वर्षभित्र प्रतिष्ठानले तोके बमोजिमका सम्पूर्ण शर्तहरु पूरा गरेको देखिएमा प्रतिष्ठानले त्यस्ता संस्थालाई स्थायी स्वीकृति दिन सक्नेछ ।

१९. **<u>धरौटी सम्बन्धी व्यवस्थाः</u>** (१) नियम १६ बमोजिम संस्था सञ्चालन गर्न स्वीकृति लिन चाहने व्यक्तिले देहाय बमोजिमको रकम प्रतिष्ठानमा धरौटी राख्नु पर्नेछः—

(क) जुनियर टेक्निसियन (तह एक देखि तिन) सम्बन्धी तालिम सञ्चालन गर्नको लागि पाँच लाख

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अन्य प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्नको लागि दश लाख रुपैयाँ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै संस्थाले एक भन्दा बढी तालिम सञ्चालन गर्न चाहेमा प्रति थप तालिम बापत सो खण्डमा उल्लिखित रकमको आधा रकम धरौटी राख्नु पर्नेछ।

(३) तहगत सम्बन्धन शुल्क र थप शैक्षिक कार्यक्रम वापत कार्यकारी समितिले तोके बमोजिम शुल्क लाग्नेछ।

२०. **<u>स्वीकृति रद्द गर्न निवेदन दिनु पर्नेः</u>** (१) कुनै पनि संस्थाले संस्था सञ्चालन गर्न नचाहेमा वा त्यस्तो संस्था सञ्चालन गर्न नसकेमा सोको कारण खुलाई आफुले पाएको स्वीकृति रद्द गर्नको लागि प्रतिष्ठानमा निवेदन दिन सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएमा प्रतिष्ठानले आवश्यकतानुसार सो संस्थाको निरीक्षण समेत गराई निवेदकको माग बमोजिम निजले पाएको स्वीकृति रद्द गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदकले पाएको स्वीकृति रद्द हुने भएमा त्यस्तो संस्थाले आफु कहाँ भर्ना भएको प्रशिक्षार्थीको तालिम सोही वा अन्य संस्थाबाट समेत पूरा गराउनु पर्नेछ ।

२१. **<u>प्रतिष्ठानले स्वीकृति स्थगन वा रद्द गर्न सक्नेः</u>** (१) नियम १७ वा १८ बमोजिम स्वीकृति प्राप्त गरेको कुनै संस्थाले ऐन वा नियमावली विपरीत कुनै काम गरे गराएमा वा प्रतिष्ठानको निर्देशनको पालना नगरेमा प्रतिष्ठानले त्यस्तो संस्थाबाट सञ्चालित कुनै तालिमलाई सो संस्थाले केही समयको लागि सञ्चालन

गर्न नपाउने गरी स्थगन गर्न वा अवधि तोकी त्यस्तो संस्थालाई नै स्थगन गर्न वा त्यस्तो संस्थाले पाएको स्वीकृति रद्द गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै संस्थाले तालिम सञ्चालन गर्न नपाउने भएमा सो तालिमको लागि वा संस्थाको स्वीकृति नै रद्द भएमा सो संस्थाले कुनै पनि तालिम दिनको लागि नयाँ प्रशिक्षार्थी भर्ना गर्न पाउने छैन ।

तर, भर्ना भइसकेको प्रतिक्षार्थीहरुको तालिम पूरा नभएको भए त्यस्तो बाँकी तालिम सोही संस्थाबाट वा आफ्नो खर्चमा अन्य संस्थाबाट पूरा गर्नु गराउनु पर्नेछ।

(३) नियम २० बमोजिम स्वीकृति रद्द भएमा वा उपनियम (१) बमोजिम स्वीकृति स्थगन वा रद्द भएमा संस्थाले आफु कहाँ भर्ना भएका प्रशिक्षार्थीहरुको बाँकी तालिम पूरा नगराएमा त्यस्तो संस्थाले प्रतिष्ठानमा राखेको धरौटी रकम फिर्ता पाउने छैन र त्यस्तो संस्थाको स्वीकृति स्थगन भएको भए रद्द समेत हुनेछ।

(४) यस नियम बमोजिम संस्थाको स्वीकृति स्थगन वा रद्द गर्नु अघि प्रतिष्ठानले त्यस्तो संस्थालाई सफाई पेश गर्न उचित मौका दिनेछ।

२२. **बाँकी तालिम प्रतिष्ठानले पूरा गराई दिन सक्नेः** नियम २० वा २१ बमोजिम स्वीकृति स्थगन वा रद्द भएका संस्थामा भर्ना भएका कुनै प्रशिक्षार्थीको त्यस्तो संस्थाको स्वीकृति स्थगन वा रद्द हुँदाका बखत कुनै तालिम पूरा भएको रहेनछ र सो तालिम त्यस्तो संस्थाले पूरा गरी नदिएमा त्यस्ता प्रशिक्षार्थीको बाँकी रहेको तालिम सो संस्थाले प्रतिष्ठानमा राखेको धरौटी रकमले पुगेसम्म प्रतिष्ठानले अन्य संस्थाबाट समेत पूरा गराई दिने व्यवस्था गर्न सक्नेछ ।

२३. **भौतिक सुविधा, पाठ्यक्रम तथा प्रशिक्षक सम्बन्धी व्यवस्थाः** संस्थाले कुनै तालिम सञ्चालन गर्नको लागि देहायको व्यवस्था गर्नु पर्नेछः–

(क) अध्ययन, अध्यापन, फिल्ड अभ्यास, शारीरिक विकास, पुस्तकालय आदिको लागि प्रतिष्ठानले तोके बमोजिमको भौतिक सुविधा,

(ख) प्रतिष्ठानले तोकिदिएको पाठ्यक्रमको आधारमा तालिम वा कार्यक्रमको सञ्चालन,

(ग) प्रतिष्ठानले तोकेको योग्यता र संख्याको आधारमा प्रशिक्षक वा प्रशिक्षार्थीको व्यवस्था,

२४. **अन्तिम परीक्षा प्रतिष्ठानले सञ्चालन गर्नेः** (१) संस्थाद्वारा सञ्चालित तालिमको अन्तिम परीक्षा प्रतिष्ठानले सञ्चालन गर्ने, गराउनेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षा सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

२५. **सञ्चालक समितिमा प्रतिनिधि राख्नुपर्नेः** संस्थाले सञ्चालक समितिको गठन गर्दा कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको अधिकृतस्तरको प्रतिनिधि राख्नु पर्नेछ।

२६. **लेखापरीक्षण र प्रगति विवरण प्रतिवेदन प्रतिष्ठानमा पठाउनु पर्नेः** (१) संस्थाले प्रत्येक आर्थिक वर्षको आफ्नो आम्दानी र खर्च स्वीकृत लेखा परीक्षकबाट लेखापरीक्षण गराई सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रतिष्ठानमा पठाउनु पर्नेछ ।

(२) संस्थाले आफ्नो वार्षिक कार्यक्रमको त्रैमासिक प्रगति विवरण प्रतिष्ठानमा पठाउनु पर्नेछ।

२७. **निरीक्षण गर्न सक्नेः** (१) प्रतिष्ठानले संस्थाको कुनै काम कारबाहीको सम्बन्धमा आवश्यक निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रतिष्ठानबाट निरीक्षण गर्न आउने प्रतिनिधिलाई त्यस्तो संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम निरीक्षणको क्रममा दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

२८. **प्रतिष्ठान जवाफदेही नहुनेः** संस्थाले आफ्नो काम कारबाहीको सिलसिलामा गरेको कुनै आर्थिक तथा प्रशासनिक कारोबारका सम्बन्धमा प्रतिष्ठान जवाफदेही हुने छैन ।

## परिच्छेद—६

## सम्बन्धन सम्बन्धी व्यवस्था

२९. **सम्बन्धन सिफारिश समितिः** (१) प्रतिष्ठानद्वारा सञ्चालन गरिने शैक्षिक संस्थाहरुलाई प्रदान गरिने सम्बन्धनको सिफारिशका लागि देहाय बमोजिम एक सम्बन्धन सिफारिश समिति गठन हुनेछः-

(क) कार्यकारी निर्देशक -अध्यक्ष

(ख) महाशाखा प्रमुख (शिक्षा हेर्ने), मन्त्रालय -सदस्य

(ग) कम्तिमा नवौं तहको अधिकृत प्रतिनिधि, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) महाशाखा प्रमुख (कानून), कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख (प्राविधिक), प्रतिष्ठान -सदस्य सचिव

(२) सम्बन्धन सिफारिश समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

३०. **<u>सम्बन्धन सिफारिश समितिको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा २१ को उपदफा (२) मा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) विषय विज्ञहरुको योग्यता निर्धारण गर्ने र सूची निर्माण गर्ने,

(ख) सम्बन्धनका लागि आवेदकहरुबाट प्राप्त प्रस्ताव विज्ञहरुद्वारा अध्ययन तथा छानविन गराई निजहरुले पेश गरेको प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय गर्ने।

३१. **<u>कार्यविधि बनाउन सक्नेः</u>** सम्बन्धनका लागि प्रस्ताव माग गर्ने, आवेदन दिंदा पालन गर्नुपर्ने शर्त, सम्बन्धन स्वीकृति दिंदा अवलम्वन गर्नुपर्ने प्रकृया, सम्बन्धन दिने आधार तथा प्राथमिकता, सम्बन्धन दिईने तह, परीक्षा सञ्चालन, प्रतिष्ठान अन्तर्गत सञ्चालन हुने शैक्षिक संस्थाको किसिम, शैक्षिक संस्थाले पालन गर्नुपर्ने शर्त, सम्बन्धन स्थगन वा खारेज गर्ने प्रकृया लगायतका विषयमा कार्यकारी समितिले छुट्टै कार्यविधि बनाउनेछ।

३२. **<u>प्रमाणपत्रको मान्यताः</u>** प्रतिष्ठानबाट सम्बन्धन प्राप्त शैक्षिक संस्थामा प्रवेशिका परीक्षा उत्तीर्ण गरी कम्तीमा तीन वर्ष अध्ययन गरेका विद्यार्थीलाई प्रतिष्ठानद्वारा प्रदान गरिएको प्रमाणपत्र विश्वविद्यालय वा अन्य शैक्षिक संस्थाको प्रवीणता प्रमाणपत्र/माध्यामिक शिक्षा उत्तीर्ण परीक्षा सरह हुनेछ ।

## परिच्छेद—७

## <u>विविध</u>

३३. **<u>कार्यकारी समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) कार्यकारी समितिको बैठक बोलाउनुपर्ने कारण र सो सम्बन्धी प्रस्ताव सदस्य सचिवले अध्यक्ष समक्ष पेश गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कारण र प्रस्ताव उपयुक्त लागेमा अध्यक्षले कार्यकारी समितिको बैठक बोलाउनेछ ।

(३) उपनियम (२) बमोजिम बोलाईएको बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगाडि नै अध्यक्षको निर्देशन बमोजिम सदस्य सचिवले सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) बैठकको अध्यक्षता कार्यकारी समितिका अध्यक्षले गर्नेछ।

(५) कार्यकारी समितिले आवश्यकता अनुसार नेपाल सरकारका बरिष्ठ अधिकृत, विश्वविद्यालयका प्राध्यापक वा कुनै स्वदेशी विज्ञलाई समितिको बैठकमा आमन्त्रितको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(६) कार्यकारी समितिको निणर्य अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(७) कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

३४. **विद्यार्थी आदान–प्रदान कार्यक्रमः** (१) प्रतिष्ठानले विश्वविद्यालय तथा शैक्षिक संस्थाका विद्यार्थीहरुबीच सिकाई, ज्ञान तथा सीपको आदानप्रदान गर्न वा त्यस्ता विद्यार्थीहरुलाई अध्ययन, अनुसन्धान वा विश्लेषणका क्षेत्रमा रुचि प्रर्वद्धन तथा उत्प्रेरित गर्न वा प्राविधिक एवं व्यवहारिक ज्ञान प्रदान गर्न समय समयमा अन्तरक्रिया, गोष्ठी, अध्ययन भ्रमण वा छात्रवृत्ति प्रदान कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रमको तौर–तरिका (मोडालिटी) कार्यकारी समितिले तोकेबमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिमको कार्यक्रम अन्तर्गत अध्ययन, अनुसन्धान वा विश्लेषण गर्ने कार्यमा संलग्न मेधावी एवं जेहन्दार विद्यार्थीलाई कार्यकारी समितिले तोकेबमोजिम छात्रवृत्ति दिन सकिनेछ।

३५. **परीक्षा समितिः** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी परीक्षा सञ्चालन र सो सम्बन्धी अन्य व्यवस्था गर्न देहाय बमोजिमको परीक्षा समिति रहनेछः–

(क) कार्यकारी निर्देशक, प्रतिष्ठान —संयोजक

(ख) प्रतिनिधि, मन्त्रालयको महाशाखा प्रमुख (प्रतिष्ठान हेर्ने) —सदस्य

(ग) प्रतिनिधि, गण्डकी विश्वविद्यालय (परीक्षा हेर्ने) —सदस्य

(घ) कार्यकारी निर्देशकले मनोनित गरेको एक जना विज्ञ —सदस्य

(ङ) प्रतिष्ठानको महाशाखा प्रमुख (परीक्षा हेर्ने) —सदस्य सचिव

(२) खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजलाई अर्को एक पदावधि सम्मका लागि पुनः मनोनयन गर्न सकिनेछ।

(३) परीक्षा समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) परीक्षा समितिको बैठकमा आवश्यकता अनुसार अधिकृत कर्मचारी तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

तर आमन्त्रित सदस्यलाई बैठकमा मताधिकारको अधिकार हुने छैन।

(५) संयोजक सहित बहुमत सदस्य उपस्थित भएमा परीक्षा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) परीक्षा समितिको बैठकमा सर्वसम्मतिले निर्णय गर्नेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ ।

(७) परीक्षा समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(८) परीक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

३६. **परीक्षा समितिको काम, कर्तव्य र अधिकारः** परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आफ्नो सुपरिवेक्षणमा परीक्षा सञ्चालन गर्ने गराउने,

(ख) परीक्षा सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने गराउने,

(ग) प्रतिष्ठानबाट सञ्चालन हुने सबै खालका परीक्षाको शूल्क तोक्ने,

(घ) परीक्षाको लागि आवश्यक प्रश्नपत्र तयार गर्ने गराउने,

(ङ) उत्तरपुस्तिका परीक्षण समपरीक्षण र पुनर्योग गर्ने गराउने,

(च) अनियमित ढंगबाट परीक्षा सञ्चालन गर्ने गराउने कार्यमा संलग्न कर्मचारी तथा परीक्षामा अनियमित कार्य गर्ने परीक्षार्थीलाई केन्द्राध्यक्षको सिफारिसका आधारमा आवश्यक कारवाही गर्ने,

(छ) नतिजा प्रकाशनमा कुनै त्रुटि देखा परेमा सो को निवारण गर्ने,

(ज) अन्तिम परीक्षा सञ्चालन गरी परीक्षाको परीक्षाफल प्रकाशन र पाठ्यक्रममा तोकेको ढाँचामा लब्धाङ्क र प्रमाणपत्र प्रदान गर्ने गराउने,

(झ) केन्द्रिय स्तरमा प्रश्नपत्र बैङ्क खडा गर्ने गराउने,

(ञ) परीक्षा सम्बन्धी कार्यमा संलग्न पदाधिकारी र कर्मचारीको विवरण कार्य विवरण र अनियमित गर्ने पदाधिकारीको कालो सूची तयार गर्ने गराउने,

(ट) आवश्यकतानुसार परीक्षा उपसमिति गठन गर्ने गराउने,

(ठ) आवश्यकतानुसार उत्तरपुस्तिका परीक्षण केन्द्र कायम गर्ने,

(ड) परीक्षा सम्बन्धी बाधा अड्काउ टुङ्गो लगाउने,

(ढ) परीक्षा र परीक्षार्थी सम्बन्धी आवश्यक अन्य काम कारवाही गर्ने गराउने।

३७. **<u>पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण उपसिमितिः-</u>** (१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्न देहाय बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण उपसमिति रहनेछः—

(क) कार्यकारी निर्देशक, प्रतिष्ठान —संयोजक

(ख) अधिकृत प्रतिनिधि, मन्त्रालय (शिक्षा हेर्ने) —सदस्य

(ग) उपप्राध्यापक प्रतिनिधि, गण्डकी विश्वविद्यालय (सम्बन्धित पाठ्यक्रम विभाग) —सदस्य

(घ) संयोजकले मनोनित गरेको उद्योग वाणिज्य क्षेत्रका एक जना प्रतिनिधि —सदस्य

(ङ) प्राविधिक महाशाखा प्रमुख, प्रतिष्ठान —सदस्य सचिव

(२) खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजलाई अर्को एक पदावधि सम्मका लागि पुनः मनोनयन गर्न सकिनेछ।

(३) उपसमितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपसमितिको बैठकमा आवश्यकता अनुसार अधिकृत कर्मचारी तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

तर आमन्त्रित सदस्यलाई बैठकमा मताधिकारको अधिकार हुने छैन।

(५) संयोजक सहित बहुमत सदस्य उपस्थित भएमा उपसमितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) उपसमितिको बैठकमा सर्वसम्मतिले निर्णय गरिनेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ।

(७) उपसमितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ।

(८) उपसमितिको बैठक सम्बन्धी अन्य कार्यविधि उपसमिति आफैंले निर्धारण गर्न सक्नेछ।

३८. **बैठक भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्थाः** सभा, कार्यकारी समिति र यस नियमावली बमोजिमका विभिन्न समिति तथा उपसमितिका अध्यक्ष वा संयोजक र सदस्यहरुले प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिमको बैठक भत्ता तथा सुविधा पाउनेछन्।

३९. **विशेषज्ञहरुको सूची तयार गर्नेः** (१) प्रतिष्ठानले आफ्नो कार्य क्षेत्रका विषयमा अध्ययन, अनुसन्धान वा विश्लेषण गर्न सम्बन्धित क्षेत्रका विशेषज्ञ वा दक्षहरु वा संस्थाहरुको सूची तयार गरी त्यसको रोष्टर बनाउन सक्नेछ।

(२) प्रतिष्ठानले उपनियम (१) बमोजिमको सूचीमा उल्लिखित विशेषज्ञ वा दक्ष वा संस्थाको नाम समय समयमा अध्यावधिक गर्नेछ।

(३) प्रतिष्ठानले उपनियम (१) मा उल्लिखित ब्यक्ति वा संस्थाहरु मध्येबाट कुनै खास विषयको अध्ययन, अनुसन्धान वा विश्लेषण गराउन सक्नेछ।

(४) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिमको सूचीमा नाम नपरेको कुनै विशेषज्ञ, दक्ष वा संस्थालाई उपनियम (३) बमोजिमको काममा लगाउन बाधा पर्ने छैन।

४०. **परामर्शदाता नियुक्ति गर्न सक्नेः** (१) कार्यकारी समितिले ऐनको १५ को उपदफा (५) को अधीनमा रही प्रशिक्षण, अध्ययन तथा अनुसन्धान कार्य गर्नका लागि आवश्यकता अनुसार सम्बन्धित विषयका प्रशिक्षक, दक्ष विज्ञ वा अनुसन्धानकर्तालाई परामर्शदाताको रुपमा नियुक्त गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम नियुक्ति हुने परामर्शदाताको कार्यक्षेत्रगत शर्त र पारिश्रमिक प्रचलित कानून बमोजिम हुनेछ।

४१. **प्रकाशनः** प्रतिष्ठानले अध्ययन र अनुसन्धान गरे वा गराएको विषय पुस्तकको रुपमा वा नियमित प्रकाशनको रुपमा प्रकाशन गर्न सक्नेछ।

४२. **कार्यदल गठन गर्न सक्नेः** (१) प्रतिष्ठानले प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्य सुचारु रूपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार कार्यदल (टास्कफोर्स) गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो कार्यदल गठन गर्दाको बखत प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुनेछ।

४३. **छलफलमा भाग लिन नहुनेः** प्रतिष्ठानले गर्ने काम कारवाहीमा कुनै किसिमको स्वार्थ भएका सम्बन्धित पदाधिकारी वा सदस्यले त्यस्तो काम कारवाही सम्बन्धमा छलफल हुँदा भाग लिन र मतदान गर्न हुँदैन।

४४. **बचाउः** यो नियमावली जारी हुनुभन्दा अघि प्रतिष्ठानबाट भए गरेको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,
हेमराज सुवेदी
प्रदेश सरकारको सचिव

# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, भदौ २८ गते, २०७९ साल (अतिरिक्ताङ्क २१

## भाग २

गण्डकी प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना**

## गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९

गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको असार महिनाको मसान्त सम्मको अवधि सम्झनु पर्छ।

(ख) "एक तह माथिको अधिकारी" भन्नाले प्रतिष्ठानको शाखा प्रमुखको हकमा निर्देशक, निर्देशकको हकमा कार्यकारी निर्देशक, कार्यकारी निर्देशकको हकमा कार्यकारी समिति र कार्यकारी समितिको हकमा सभा सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ सम्झनु पर्छ।

(घ) "धरौटी रकम" भन्नाले कुनै कामको टुङ्गो नलागेसम्म सुरक्षण वापत राखिएको सुरक्षण जमानत रकम (रिटेन्सन मनी) वा अर्नेष्ट मनी वा सो वापतको विडवण्ड वा परफरमेन्स मनी भनी सम्झनुपर्छ र सो शब्दले विद्यार्थीले शैक्षिक प्रयोजनका लागि राखिएको सुरक्षण रकम वा अन्य कुनै कारणले सुरक्षण राख्नु पर्ने भई सो वापत राखिएको रकम समेतलाई जनाउँछ।

(ङ) "निकासा" भन्नाले स्वीकृत बजेटअन्तर्गत रही प्रतिष्ठानले आफ्नो अन्तर्गतका निकायलाई दिने निकासा सम्झनु पर्छ।

(च) "पदाधिकारी" भन्नाले ऐनको दफा ५ बमोजिमको सभाका अध्यक्ष तथा सदस्य र दफा ७ बमोजिमको कार्यकारी समितिका अध्यक्ष तथा सदस्य सम्झनु पर्छ।

(छ) "बजेट" भन्नाले प्रतिष्ठानको आयव्ययको वार्षिक अनुमान सम्झनु पर्छ।

(ज) "लेखा प्रमुख" भन्नाले प्रतिष्ठानमा आर्थिक प्रशासन शाखाको प्रमुख भई काम गर्ने कर्मचारी सम्झनु पर्छ।

(झ) "सदरस्याहा" भन्नाले सुरक्षण वापत राखेको धरौटी रकमलाई प्रतिष्ठानको कोषमा दाखिला गर्ने कार्य सम्झनु पर्छ।

(ञ) "कार्यकारी समिति" भन्नाले ऐनको दफा ७ बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

(ट) "निकाय" भन्नाले प्रतिष्ठान अन्तर्गतका संस्थाहरु सम्झनुपर्छ।

(ठ) "निकाय प्रमुख" भन्नाले निकायको प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ।

(ड) "निकासा" भन्नाले स्वीकृत बजेटअन्तर्गत रही प्रतिष्ठानले आफ्नो अन्तर्गतका निकायलाई दिने निकासा सम्झनु पर्छ।

(ढ) "अधिकार प्राप्त अधिकारी" भन्नाले प्रतिष्ठानको बजेट खर्च गर्न अख्तियारी प्राप्त अधिकारी सम्झनु पर्छ ।

## परिच्छेद - २

## प्रतिष्ठानको कोषको सञ्चालन

३. **प्रतिष्ठानको कोष सञ्चालनः** (१) प्रतिष्ठानको कोषको रकम कार्यकारी समितिको निर्णयबमोजिम नेपाल राष्ट्र बैंक वाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकमा आय खाता खोली जम्मा गरिनेछ।

(२) उपनियम (१) बमोजिमको आय खाताबाट कार्यकारी समितिले तोकेबमोजिमका बैंकमा व्ययका (खर्चका) खाता खोली कार्य सञ्चालन खाताहरूमा रकम निकासा वा ट्रान्सफर गर्न सकिनेछ।

(३) उपनियम (१) वा (२) बमोजिमको आय खाता सञ्चालन कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुख वा लेखा सम्बन्धी काम गर्ने अन्य कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(४) उपनियम (१) बमोजिमको आय खाताबाट सोझै रकम खर्च गर्न सकिने छैन।

(५) उपनियम (१) बमोजिमको आय खाताबाट कार्यकारी समितिको निर्णय बमोजिमको आय खाताबाट निकासा लिई विषयगत व्यय वा कार्य सञ्चालन खाता खोल्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको व्यय वा कार्य सञ्चालन खाता कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुख वा लेखा सम्बन्धी काम गर्ने अन्य कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

४. **प्रतिष्ठानको कोषको प्रयोगः** प्रतिष्ठानको स्वीकृत बजेटको अधीनमा रही कोषको प्रयोग देहायको प्रयोजनका लागि गरिनेछ:-

(क) प्रतिष्ठान र सो अन्तर्गतका शैक्षिक संस्थाको शैक्षिक कार्यक्रम गर्न, गराउन,

(ख) प्रतिष्ठानको उद्देश्य प्राप्तिका लागि लिएका सापटी रकम, ऋण, ब्याज तथा अन्य दस्तुरको रकम भुक्तानी गर्न,

(ग) सभा, कार्यकारी समिति, तथा  कार्यकारी समितिको निर्णय वमोजिम गठित अन्य समिति वा कार्यदलजस्ता संगठन वा निकायहरुको सञ्चालन खर्चको भुक्तानी गर्न,

(घ) प्रतिष्ठानका पदाधिकारी, प्रशिक्षक तथा कर्मचारीहरुको पारिश्रमिक एवम् सुविधा बापतको रकम भुक्तानी गर्न,

(ङ) प्रतिष्ठानको सञ्चालन तथा विकास सम्बन्धी खर्च बापतको रकम भुक्तानी गर्न,

(च) प्रतिष्ठानबाट प्रदान गरिने पुरस्कार, वा छात्रवृत्ति बापतको रकम भुक्तानी गर्न,

(छ) प्रतिष्ठानका पदाधिकारी, प्रशिक्षक एवं कर्मचारीहरूको भ्रमण खर्च,पोशाक भत्ता,औषधि उपचार, बिमा, उपदान, बिदा लगायतको सुविधा वापतको रकम  भुक्तानी गर्न,

(ज) प्रतिष्ठानको लागि आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन, अचल सम्पत्ति खरिद, भौतिक पूर्वाधारको निर्माण र विकासका आवश्यक खर्चहरु भुक्तानी गर्न,

(झ) लेखापरीक्षण, जाँचबुझ तथा निरीक्षणबापतको रकम भुक्तानी गर्न,

(ञ) प्रतिष्ठानको आवश्यक प्रशासनिक खर्चहरु भुक्तानी गर्न,

(ट) सभा वा कार्यकारी समितिबाट तोकिएका अन्य खर्च भुक्तानी गर्न।

५. **धरौटी खाता सञ्चालनः** (१) प्रतिष्ठानले सुरक्षण बापत प्राप्त हुने रकमका लागि कार्यकारी समितिको निर्णय बमोजिम बैङ्कमा छुट्टै धरौटी खाता खोली सो रकम जम्मा गरिनेछ।

(२) धरौटी खाता सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

परिच्छेद - ३

## बजेट प्रणाली

६. **बजेट प्रणालीः** (१) प्रतिष्ठानको बजेट प्रणाली यस नियमावलीको अधीनमा रही सभाले तोके बमोजिम हुनेछ।

(२) यस नियमावलीको अधीनमा रही कार्यकारी समितिले बजेटको सम्पूर्ण व्यवस्थापन तथा कार्यान्वयन गर्नेछ।

७. **<u>बजेट तथा कार्यक्रम तर्जुमा</u>**: (१) सभा तथा कार्यकारी समितिको निर्देशन बमोजिम कार्यकारी निर्देशकले चालु आर्थिक वर्ष समाप्त हुनुभन्दा दुई महिना अगाडि नै आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्य प्रारम्भ गर्नेछ।

(२) प्रतिष्ठानको प्रस्तावित बजेट तथा कार्यक्रम कार्यकारी निर्देशकले छलफलका लागि कार्यकारी समिति समक्ष पेश गर्नु पर्नेछ।

८. **<u>बजेट तथा कार्यक्रम पेश गर्ने</u>**: (१) नियम ७ बमोजिम पेश भएको बजेट तथा कार्यक्रम उपर कार्यकारी समितिको सिफारिससहित कार्यकारी निर्देशकले स्वीकृतिका लागि  सभामा पेश गर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएको बजेट सभाले  छलफल गरी स्वीकृत गर्नेछ।

९. **<u>आर्थिक अनुशासन</u>**: प्रतिष्ठानमा आर्थिक अनुशासन कायम राख्न कार्यकारी समिति वा सभाले  आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

परिच्छेद - ४

## <u>लेखा तथा लेखा प्रणाली</u>

१०. **<u>लेखा प्रणाली</u>**: (१) प्रतिष्ठानको आय, व्यय, पेश्की, धरौटी, जिन्सी, नगद, चल, अचल सम्पत्ति, दाबी, दायित्व लगायतका आर्थिक कारोबारको लेखा प्रणाली ऐनको दफा १८ को अधीनमा रही राख्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्यका लागि कार्यकारी समितिले प्रदेश सरकार अर्थ मन्त्रालयको सहमती लिई आवश्यकता अनुसार निर्देशिका जारी गर्न सक्नेछ।

११. **<u>कार्यकारी निर्देशकको जिम्मेवारी</u>**: प्रतिष्ठानको आर्थिक व्ययभार र कारोबारको स्थिति वास्तविक तथा स्पष्ट रूपमा देखिने गरी लेखा अद्यावधिक रूपमा रीत पुऱ्याई राखु र राख्न लगाउनु कार्यकारी निर्देशकको कर्तव्य र जिम्मेवारी हुनेछ।

१२. **<u>लेखा विवरण र फाँटबारी</u>**: (१) लेखा र सोसँग सम्बन्धित विवरण र फाँटबारी सम्बन्धित निकायमा तोकिएको म्यादभित्रै दाखिला हुने गरी पठाउनु वा पठाउन लगाउनु कार्यकारी निर्देशक तथा लेखा प्रमुखको कर्तव्य र जिम्मेवारी हुनेछ।

(२) उपनियम (१) बमोजिम दाखिला भएको विवरण वा फाँटबारीमा आवश्यक कारबाही गर्नु गराउनु वा सो बमोजिम दाखिला हुनु पर्ने विवरण वा

फाँटबारी म्यादभित्र दाखिला नभएमा आवश्यक कारबाही गर्नु गराउनु निकाय प्रमुखको कर्तव्य र जिम्मेवारी हुनेछ।

१३. **आयव्ययको प्रतिवेदन**ः (१) कार्यकारी निर्देशकले आय-व्यय प्रतिवेदन सामान्यतयाः प्रत्येक चार महिनामा कार्यकारी समिति समक्ष पेश गर्नेछ।

(२) उपनियम (१) बमोजिमको आय-व्ययको प्रतिवेदन उपर विचार गरी कार्यकारी समितिले कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिन सक्नेछ।

१४. **लेखाको निरीक्षण**ः (१) कार्यकारी समितिले लेखा तथा आर्थिक कारोबारको प्रमाणित स्रेस्ता वा कागजात ठीक, सुरक्षित, दुरुस्त र अद्यावधिक रूपमा राखिएको छ, छैन भन्ने विषयको नियमित वा छड्के जाँच वा निरीक्षण गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम जाँच वा निरीक्षण गर्दा अनियमितता देखिएमा त्यसलाई यथाशिघ्र नियमित गराउन निकाय प्रमुख, लेखा प्रमुख तथा अन्य जिम्मेवार कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम जाँच वा निरीक्षण गर्दा लेखामा कैफियत रहेको भन्ने कुनै प्रकारबाट देखिएमा अध्यक्ष वा निजले तोकेको पदाधिकारीले सोउपर आवश्यक कारबाहीको लागि पक्रिया अगाडि बढाउनेछ।

## परिच्छेद - ५

## लेखापरीक्षण र बेरुजु फछ्र्यौट

१५. **लेखापरीक्षण**ः ऐनको दफा १८ बमोजिम प्रत्येक आर्थिक वर्षको आयव्ययको आर्थिक विवरण तयार गरी लेखा परीक्षणको निमित्त अद्यावधिक राख्नु पर्ने कर्तव्य कार्यकारी निर्देशक र लेखा प्रमुखको हुनेछ।

१६. **आन्तरिक लेखापरीक्षण**: प्रतिष्ठानको आयव्ययको लेखा तथा आर्थिक कारोवारको अन्तिम लेखापरीक्षणलाई सहयोग पुऱ्याउने उद्देश्यले प्रदेश लेखा नियन्त्रक कार्यालयवाट आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ।

१७. **आन्तरिक लेखापरीक्षण प्रतिवेदन**ः (१) आन्तरिक लेखापरीक्षकले देहायका अधिकारी वा निकाय समक्ष आफ्नो प्रतिवेदन आन्तरिक लेखापरीक्षण गरेको मितिले एक महिनाभित्र पेश गर्नु पर्नेछः-

(क) कार्यकारी निर्देशक,

(ख) महालेखापरीक्षकको कार्यालय ।

(२) आन्तरिक लेखापरीक्षकले आफ्नो आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा निम्न कुराहरू समावेश गर्नु पर्नेछः-

(क) प्रतिष्ठानले निर्दिष्ट गरेको नीति र उद्देश्य बमोजिम काम कारवाही भए नभएको

(ख) आर्थिक कारोबारमा भएका अनियमितता,

(ग) लेखा पद्दति र वित्तीय प्रणालीसम्बन्धी त्रुटि,

(घ) असुलउपर गरिनु पर्ने रकम वा देखिएको बेरुजु,

(ङ) नियमित हुनु पर्ने र गर्न सकिने आर्थिक कारोबारहरू,

(च) आर्थिक अनुशासन कायम राख्न आवश्यक देखिएका कुरा तथा सुझावहरू,

(छ) मौज्दात जाँचसम्बन्धी अवस्था र व्यवस्था ।

(३) आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा औंल्याइएका बेरुजुलाई अन्तिम लेखा परीक्षण हुनु अगाडी नै फछ्र्यौट गरी अद्यावधिक गर्नु गराउनु निकायको प्रमुख र लेखा प्रमुखको कर्तव्य, उत्तरदायित्व र जवाफदेहिता हुनेछ ।

१८. **<u>बेरुजु फछ्र्यौट गर्ने गराउने उत्तरदायित्व</u>**: (१) लेखापरीक्षणबाट औंल्याइएको बेरुजु फछ्र्यौट गर्न लगाउने दायित्व निकाय प्रमुख र लेखा प्रमुखको हुनेछ ।

(२) लेखापरीक्षणको सिलसिलामा देखिएका कैफियत ,स्पष्टीकरण र लेखासँग सम्बन्धित मागेका प्रमाणहरू उपलब्ध गराउनु सम्बन्धित लेखा प्रमुखको कर्तव्य हुनेछ ।

(३) उपनियम (२) बमोजिम माग भएको स्पष्टीकरण, जवाफ वा प्रमाण कागजात प्रस्तुत नगरेमा सम्बन्धित कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सकिनेछ।

(४) असुल उपर गर्नुपर्ने बेरुजु समयमा फछ्र्यौट नगरेमा त्यस्तो बेरुजु प्रतिष्ठानको पदाधिकारी, प्रशिक्षक वा कर्मचारीको भए निजको तलब वा निजले पाउने अन्य रकम बाट कट्टा गरी असुल उपर गर्न सकिनेछ।

## परिच्छेद - ६

## <u>बजेट माग, कार्यान्वयन र लेखाङ्कन</u>

१९. **<u>बजेट माग गर्ने</u>**: (१) बजेट स्वीकृत भइसकेपछि सो स्वीकृत बजेटभित्र रही कार्यकारी निर्देशक वा निजले तोकेको पदाधिकारी वा अधिकृतले बजेट निकासाका लागि सम्बन्धित निकायमा तोकिएको ढाँचामा बजेट माग गरी पठाउनु पर्नेछ।

(२) प्रतिष्ठानले बजेट माग गर्दा सम्बन्धित शीर्षकमा समावेश भएको रकम चौमासिक विभाजन अनुसार पटक पटक गरी खर्च गर्नु पर्नेछ।

२०. **स्वीकृत बजेटबाट खर्च गर्नेः** (१) अधिकार प्राप्त अधिकारीको स्वीकृति बेगर अरु कसैले पनि खर्च गर्न, खर्च गर्ने अधिकार दिन र खर्च गरेको कुरा स्वीकृत गर्न पाइने छैन।

(२) अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा खर्च गर्नु वा खर्चको आदेश दिनु पर्नेछ।

(३) रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ।

(४) यस नियमावली बमोजिम सम्बन्धित आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमबाट खर्च नभई बाँकी रहेको रकम सोही आर्थिक वर्षको समाप्तिमा स्वतः निष्कृय भएको मानिनेछ । त्यस्तो रकम प्रतिष्ठानको  कोषमा दाखिला गरिनेछ ।

तर, प्रदेश सरकारबाट कार्यक्रम र खर्च शीर्षक तोकि सशर्त अनुदानको रुपमा प्राप्त हुन आएको रकम खर्च हुन नसकेमा कोषमा आम्दानी बाँधिनेछैन।

२१. **बजेट निकासाः** बजेट निकासा गर्नका लागि भएको मागमा आवश्यक जाँचवुझ गरी नियम सङ्गत देखिएमा आवश्यक निर्देशन सहित बजेट निकासा दिनु पर्नेछ।

## परिच्छेद - ७

## बजेट रकमान्तर सम्बन्धी व्यवस्था

२२. **बजेट रकमान्तर गर्न नहुनेः** (१) स्वीकृत बजेटको एक बजेट शीर्षक वा उपशीर्षकबाट अर्को बजेट शीर्षक वा उपशीर्षकमा आवश्यक परेमा बाहेक बजेट रकमान्तर गर्न पाइने छैन।

(२) एक आर्थिक वर्षमा सामान्यतया एक पटक भन्दा वढी एक बजेट शीर्षकबाट अर्को बजेट शीर्षकमा रकमान्तर गर्न पाइने छैन।

(३) पुँजीगत शीर्षकको बजेट रकम चालू खर्चतर्फ रकमान्तर गर्न पाइने छैन।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अत्यावश्यक कार्यमा रकमान्तर गर्नुपर्ने भएमा कार्यकारी समितिबाट निर्णय गराई रकमान्तर गर्न सकिनेछ तर पुँजीगत शीर्षकको रकम चालु खर्चमा रकमान्तर गरिनेछैन।

(५) चालू खर्चको शीर्षक, उपशीर्षक अन्तर्गत तलब, भत्ता, कल्याण कोष, उपदान जस्ता अनिवार्य दायित्वका शीर्षक, उपशीर्षकबाट चालू खर्चको अन्य कुनै शीर्षक, उपशीर्षकमा रकमान्तर गर्न पाइने छैन ।

(६) कुनै एक बजेट शीर्षक वा उपशीर्षक बाट अर्को कुनै बजेट शीर्षक वा उपशीर्षकमा बजेट रकमान्तर भई सकेपछि सोही बजेट शीर्षक वा उपशीर्षकमा पुनः बजेट रकमान्तर वा थप बजेट माग गर्न पाइने छैन ।

२३. **बजेट रकमान्तर गर्ने** (१) पुँजीगत बजेटको एक शीर्षक, उपशीर्षकबाट पुँजीगत बजेटकै अर्को शीर्षक, उपशीर्षकमा र चालू बजेटको एक शीर्षक, उपशीर्षकबाट चालू बजेटकै अर्को शीर्षक, उपशीर्षकमा रकमान्तर गर्न सकिनेछ ।

(२) बजेट रकमान्तरको प्रयोजनका लागि प्रतिष्ठानको सम्बन्धित बजेट शीर्षकबाट अर्को बजेट शीर्षकमा थप गरी बजेट रकमान्तर गर्न सकिनेछ।

(३) जुन बजेट शीर्षकमा रकमान्तर गर्नुपर्ने हो सोही शीर्षकको देहायका प्रतिशतसम्म रकमान्तर गर्न पाउने अधिकार देहायको अख्तियारवालालाई हुनेछः-

(क) पच्चीस प्रतिशतसम्म -कार्यकारी निर्देशक,

(ख) पच्चीस प्रतिशतभन्दा माथि -कार्यकारी समिति

२४. **बजेट रकमान्तर फाँटबारी**ः बजेट रकमान्तरको अवस्था र विवरणको फाँटबारी कार्यकारी निर्देशकले कार्यकारी समिति समक्ष पेश गर्नुपर्नेछ।

परिच्छेद - ८

## खर्च गर्ने व्यवस्था र कार्यविधि

२५. **खर्च गर्ने व्यवस्था र कार्यविधिः** स्वीकृत वजेट रकम खर्च गर्दा देहायको प्रक्रिया अपनाउनु पर्नेछः-

(१) स्वीकृत बजेट शीर्षक, उपशीर्षक अन्तर्गत खर्च गरिने प्रक्रिया र सीमा बजेट निकासा दिने निकायले बजेट स्वीकृत विवरणसँगै पठाउनु पर्नेछ। बजेट खर्च गर्ने निकायले पनि सोही सिद्धान्त र सीमाभित्र रही खर्च गर्नुपर्नेछ ।

(२) अधिकारप्राप्त अधिकारी बाहेक अरु कसैले पनि खर्च गर्न, खर्च गर्ने आदेश दिन वा खर्च गरेको कुरा स्वीकृत गर्न गराउन पाइने छैन।

(३) अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्दा रीत पुर्‍याई खर्चको विल भरपाई रसिद साथै आवश्यक कागजातसहितको लेखा राख्नु पर्नेछ ।

(४) स्वीकृत बजेटभित्र रही नियमानुसार कार्य सञ्चालन गर्दा खर्च गरेको रकम लेखा प्रमुखद्वारा स्रेष्ता राख्ने र राख्न लगाउने सम्पूर्ण जवाफदेहिता र उत्तरदायित्व निकाय प्रमुखको हुनेछ

र स्वीकृत बजेटको परिधिभित्र रही निकाय प्रमुखले खर्च गर्नु गराउनु पर्नेछ ।

(५) प्रतिष्ठानबाट कुनै रकमको भुक्तानी गर्दा भुक्तानी गर्न भन्दा पहिला रीत पुगे नपुगेको जाँच गर्नुपर्छ ।

(६) उपनियम (६) बमोजिम भुक्तानीसँग सबै रसिद, बिल, भरपाईहरूमा निजले वा निजले तोकेको अधिकृत कर्मचारीले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ ।

(७) प्रतिष्ठान वा अन्तर्गतको कुनै निकाय प्रमुखले आर्थिक कारोवार गर्दा आफ्नो मातहतका कर्मचारीहरू उपर पूर्ण रेखदेख गरी नगद वा जिन्सीसमेत कुनै किसिमको हिनामिना, हानि, नोक्सानी वा लापरवाहीसमेत हुन नपाउने व्यवस्था मातहतका कर्मचारीद्वारा गराएको भएमा सो कार्यप्रति समेत सम्बन्धित प्रमुख नै उत्तरदायी र जवाफदेही हुनेछ।

(८) खर्च भएका सबै रकमहरूको बिल, रसिद, भरपाई वा अरु प्रमाण राख्ने उत्तरदायित्व र जवाफदेहिता निकाय प्रमुखमा रहनेछ ।

(९) तोकिएको कार्यक्रम बमोजिम सामानको उपलब्धि, प्राविधिक एवं प्रशासनिक व्यवस्थापन मिलाई तोकिएको कार्य निर्धारित समयमै सम्पादन गर्ने उत्तरदायित्व र जवाफदेहिता कार्यकारी निर्देशकको नै हुनेछ ।

(१०) कार्यकारी निर्देशकले सुम्पेको काम र उत्तरदायित्व वहन गरी आर्थिक कारोवारमा कार्यालय प्रमुखलाई मद्दत गर्न र प्रचलित नियम बमोजिम कार्यकारी निर्देशकको उत्तरदायित्वमा लेखा रीतपूर्वक राखी आर्थिक विवरणहरू पेश गर्नुपर्ने निकायमा पेश गरी लेखापरीक्षण गराउने काम र कर्तव्य सम्बन्धित लेखा प्रमुखको हुनेछ ।

(११) लेखा प्रमुखले यस नियमावली र प्रचलित कानून बमोजिमको प्रकृया नपुगेको आर्थिक कारोवारको भुक्तानी दिन वा भुक्तानीका निमित्त पेश गर्न वा भुक्तानीका निमित्त सिफारिस गर्नु हुँदैन । आर्थिक कारोवार तथा भुक्तानी दिने सम्बन्धमा अधिकारप्राप्त अधिकारी र लेखा प्रमुखबिच मतभेद भएमा अधिकारप्राप्त अधिकारीको निर्णय बमोजिम गर्नु पर्नेछ । लेखा प्रमुखको राय नलिई वा राय विपरीत निर्णय गरिएको

खर्च रकमको जिम्मेवारी सम्बन्धित पदाधिकारीको हुनेछ।लेखा प्रमुखले राय दिएको रकमको हकमा निजले समेत संयुक्त रूपमा जिम्मेवारी वहन गर्नु पर्नेछ ।

परिच्छेद - ९

**पेश्की तथा भ्रमण सम्बन्धि व्यवस्था**

२६. **पेश्की दिने र फछ्र्यौट गर्ने**ः (१) यस नियमावली बमोजिम कुनै पदाधिकारी, प्रशिक्षक, कर्मचारी वा अन्य कुनै ब्यक्तिले प्रतिष्ठानको कामकाजको सिलसिलामा पेश्की लिनु पर्दा कुन कामको निमित्त के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१)बमोजिम प्राप्त विवरणको आधारमा कार्यकारी निर्देशकले सम्बन्धित कामका लागि आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेश्की लिने प्रशिक्षक, कर्मचारीको हकमा पद र प्रयोजन तथा अन्य व्यक्तिको हकमा सो व्यक्तिको तीन पुस्ते स्थायी र अस्थायी ठेगाना प्रष्ट लेखी दिनु पर्नेछ ।

(३) उपनियम(२)बमोजिम दिइएको पेश्की यस नियमावलीमा तोकिएको म्यादभित्र यस नियमावली बमोजिमको कार्यविधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै को कर्तब्य हुनेछ।पेश्की रकमको बिल भरपाईसहितको विवरण सम्बन्धित निकायमा प्राप्त भएपछि प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट गरिसक्नु पर्नेछ । फछ्र्यौट गर्दा बजेट नपुगेमा प्राप्त बिल भरपाई जाँची भुक्तानी दिनुपर्ने अङ्क ठहऱ्याई पेश्की फछ्र्यौट गरी भुक्तानी दिने र बाँकी रकम भुक्तानी दिन बाँकी दायित्वमा चढाउनु पर्नेछ ।

२७. **दैनिक तथा भ्रमण भत्ता**ः (१) प्रतिष्ठानको कामको सिलसिलामा नेपालभित्र काजमा खटिने प्रतिष्ठानका पदाधिकारी, प्रशिक्षक, कर्मचारी र अन्य व्यक्तिले प्रचलित कानून बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने छन्।

(२) भ्रमण खर्च गर्ने गरी काजमा जाँदा भ्रमण आदेश वा निर्णय गराएर मात्र हिड्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम भ्रमण आदेश वा निर्णय गर्दा देहायका पदाधिकारी वा कर्मचारीको भ्रमण वा काज देहायका पदाधिकारीले आदेश वा निर्णय गर्नेछः-

(क) सभा र कार्यकारी समितिका पदाधिकारी वा सदस्यहरु भए सभाको अध्यक्षले

(ख) प्रतिष्ठानको कर्मचारी भए कार्यकारी निर्देशकले

(ग) कार्यकारी निर्देशकको हकमा मन्त्रालयको सचिवले

तर गण्डकी प्रदेश भित्र भ्रमण गर्दा कार्यकारी निर्देशक आफैले भ्रमण आदेश स्वीकृत गर्न सक्नेछ ।

२८. **भ्रमण खर्च पाउने** (१) सभा, र कार्यकारी समितिका सदस्यहरु र कार्यकारी निर्देशकले प्रदेश सरकारको एघारौ तहको कर्मचारी सरह र प्रतिष्ठानका अन्य कर्मचारीले प्रदेश सरकारको समान तहको कर्मचारीले पाए सरहको भ्रमण खर्च पाउने छन्।

(२) उपनियम (१) मा लेखिएका पदाधिकारी वा कर्मचारी बाहेक अन्य कुनै पदाधिकारी वा व्यक्तिलाई भ्रमण गर्ने आदेश दिनुपर्दा त्यस्तो आदेश दिने अधिकारीले त्यस्तो पदाधिकारी वा व्यक्तिको तह खुलाई आदेश दिनुपर्नेछ।

२९. **भ्रमण किफायती हुनुपर्नेः** (१) सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्नेछ।

(२) भ्रमण गर्दा सभा वा कार्यकारी समितिका पदाधिकारी र प्रदेश सरकारको छैटौं तह वा सो सरह र सो भन्दा माथिल्लो तहका कर्मचारीले हवाइ यातायात सञ्चालन भएको ठाउँमा भ्रमण गर्दा हवाइ यातायातबाट र हवाइ यातायात सञ्चालन नभएको ठाउँमा भ्रमण गर्दा र अन्य कर्मचारीले भ्रमण गर्दा अन्य सवारी साधन प्रयोग गर्नुपर्नेछ।

तर, अन्य यातायात साधन नभई हवाई यातायात साधन मात्र उपलब्ध भएको अवस्थामा भ्रमण आदेश वा निर्णय गर्ने अधिकारीले कारण खुलाई अन्य कर्मचारीले पनि हवाई यातायात प्रयोग गर्ने अनुमति दिन सक्नेछ।

(३) दैनिक तथा भ्रमण भत्ता सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३०. **दैनिक तथा भ्रमण भत्ता पेश्की**ः प्रतिष्ठानको कामको सिलसिलामा नेपालभित्र वा विदेश भ्रमण काजमा खटिने प्रतिष्ठानका पदाधिकारी, प्रशिक्षक, कर्मचारी र अन्य व्यक्तिलाई नियम बमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता र अन्य रकम भए सो समेत हिसाव गरी बढी नहुने गरी पेश्की दिन सकिनेछ र सो भ्रमण पुरा गरेको मितिले पैंतीस दिनभित्र फाँटबारी पेश गरी लिएको पेश्की रकम फछ्र्यौट गराउनु पर्नेछ। म्यादभित्र फाँटबारी पेश नगरी म्याद नाघे पछि पेश्की फछ्र्यौटको निमित्त फाँटबारी पेश हुन आएमा म्याद नाघेको अवधिको निमित्त बाँकी पेश्की रकममा दश प्रतिशत ब्याज समेत लगाई असुल गरिनेछ ।

३१. **मालसामान खरिद सम्बन्धी पेश्की**ः (१) प्रतिष्ठानले नेपालभित्र वा विदेशबाट मालसामान खरिद गर्दा सोझै सम्बन्धित बिक्रेतालाई भुक्तानी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न प्रतिष्ठानका कर्मचारीलाई पेश्की दिनु पर्ने भएमा पेश्की दिनु परेको कारण खोली निकायको प्रमुखको स्वीकृतिमा पेश्की दिन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम मालसमान खरिद गर्न पेश्की रकम बुझी लिने कर्मचारीले मालसामान खरिद गरी निकायमा फर्केको बढीमा सात दिनभित्र सो पेश्की रकम फछ्र्यौट गर्न मालसामानसहित बिल भरपाई पेश गर्नु पर्नेछ ।

(४) यस नियमावली बमोजिम कर्मचारीलाई पेश्की दिनुपर्ने अवस्थामा सामान्यतयाः निकायको प्रमुख र लेखा प्रमुखलाई पेश्की दिनु हुँदैन ।

(५) सामान्यतयाः एउटा पेश्की फछ्र्यौट नगरी अर्को पेश्की दिन पाइने छैन ।

३२. **<u>व्यक्ति, संगठित संस्था, कम्पनी वा फर्मलाई दिइने पेश्की</u>**: (१) प्रतिष्ठान अन्तर्गतका कुनै निकायले खरिद गर्न, सेवा उपलब्ध गर्न वा निर्माण सम्बन्धी कार्यका लागि कुनै व्यक्ति, संगठित संस्था, कम्पनी वा फर्मलाई पेश्की दिदा कानून बमोजिम बैंक जमानत लिएर मात्र पेश्की दिन सकिनेछ ।यस्तो पेश्की यस नियमावलीको अधीनमा रही सम्झौता बमोजिम फछ्र्यौट गर्नु पर्नेछ।

तर नेपाल सरकारको पचास प्रतिशतभन्दा वढी स्वामित्व भएको संगठित संस्थालाई पेश्की दिँदा बैंक जमानत लिनु पर्ने छैन ।

(२) पेश्की दिनुपर्ने ठेक्कामा कबुलियतनामा गर्दा काम पुरा हुनुपर्ने भनी तोकिएको म्यादभित्र काम पुरा नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि वार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज बुझाउनु पर्ने कुरा कबुलियतनामाको सर्तमा उल्लेख गर्नु पर्नेछ ।

(३) कबुलियतनामाको सर्तअनुसार दिइने पेश्की र भ्रमणको निमित्त दिइने पेश्की बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म नफर्छिने गरी कुनै पेश्की दिनु हुँदैन । विशेष परिस्थिति परी नदिई नहुने भएमा एक तह माथिको अधिकारीबाट निर्णय गराई दिन सकिनेछ ।

३३. **<u>पेश्कीको फाँटबारी पेश गर्नुपर्ने</u>**: (१) सम्बन्धित निकायले प्रत्येक आर्थिक वर्षको आषाढ महिनाको स्रेस्ता दाखिला गर्दा सो आर्थिक वर्ष भरिमा गएको र विगतको जिम्मेवारी सरेको पेश्कीमध्ये फछ्र्यौट हुन बाँकी रहेको पेश्की र बाँकीमध्ये फछ्र्यौट गर्नुपर्ने म्याद नाघेको र ननाघेको विवरण, नामनामेसी र सोको कारण समेत खुलाई फाँटबारी पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश्कीको फाँटबारी पेश भएपछि प्रतिष्ठानले पेश्कीको एकीकृत लगत राखी म्यादभित्र पेश्की फछ्र्यौट नगर्ने नगराउनेलाई यस विनियमावली बमोजिम कारबाही गरिनेछ ।

३४. **<u>पेश्की दिन वा धरौटी  खातामा जम्मा गर्न नहुने</u>**ः आर्थिक वर्षको अन्तसम्ममा काम हुन नपाई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा रकम जम्मा गर्न पाईनेछैन ।

३५. **<u>फछ्र्यौट हुन बाँकी पेश्की रकमको जिम्मेवारी सार्ने र बुझ बुझारथ गर्ने व्यवस्था</u>**ः (१) प्रतिष्ठानको काम काजको लागि एक आर्थिक वर्षमा दिएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा सो को जिम्मेवार व्यक्तिले उक्त फछ्र्यौट हुन बाँकी पेश्की रकमको जिम्मेवारी अर्को आर्थिक वर्षमा सार्नु पर्नेछ ।

(२) जिम्मेवार व्यक्तिले अन्य कुनै किसिमले फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको  बरबुझारथ गर्नु पर्नेछ ।

३६. **<u>म्याद थप गर्न सकिने</u>**ः (१) कसैले यस नियमावलीमा तोकेको म्यादभित्र पेश्की फछ्र्यौट गर्न नसक्ने मनासिव कारण खुलाई निवेदन दिएमा कार्यकारी निर्देशकले बढीमा एक्काईस दिनसम्मको म्याद थप गर्न सक्नेछ । सो भन्दा बढी म्याद थप गर्न पर्ने भएमा एक तह माथिको अधिकारीले मात्र म्याद थप्न सक्नेछ ।

(२) कुनै कामको ठेक्का स्वीकृत भई सकेपछि निर्धारित सर्त बमोजिम लिएको पेश्की फछ्र्यौट गर्ने म्याद बढाउन विशेष परिस्थिति पर्न आएमा प्रतिष्ठानले एक तह माथिबाट निकासा लिनु पर्नेछ र यसरी म्याद थपिँदा जमानतको म्याद नाघ्ने भएमा त्यसको म्यादसमेत बढाउन लगाउनु पर्नेछ ।

## परिच्छेद - १०

## <u>सम्पत्तिको लगत तथा संरक्षण र वरबुझारथ</u>

३७. **<u>सम्पत्तिको जिम्मा, लगत र संरक्षण</u>**ः (१) प्रतिष्ठानको स्वामित्वमा आएको चल अचल सम्पत्ति र स्रोत साधनहरूमा प्रतिष्ठानको स्वामित्व र भोगाधिकार रहेको मानिनेछ ।

(२) प्रतिष्ठान अन्तर्गतका निकायहरूमा रहेको नगद, बैंक मौज्दात, चेक र त्यसको स्रेस्ता लेखा प्रमुख वा लेखाको काम गर्ने कर्मचारीको जिम्मामा रहनेछ। जिन्सी सामान तथा सोसम्बन्धी स्रेस्ता भण्डार अधिकृत वा भण्डारपालको जिम्मामा रहनेछ । प्रतिष्ठानको आम्दानीको लगत र सोसम्बन्धी अन्य कागजात कार्यकारी निर्देशकले तोकेको कर्मचारीको जिम्मामा रहनेछ ।

(३) उपनियम (१) र (२) बमोजिम जिम्मामा रहेको सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्तासहित त्यसको संरक्षण गर्ने कर्तव्य, दायित्व र जवाफदेहिता कार्यकारी निर्देशकको हुनेछ।

(४) उपनियम (३) बमोजिमको काम गर्न कार्यकारी निर्देशकले आफ्नो जवाफदेहितामा आफ्ना मातहतका कर्मचारीलाई लगाउन सक्नेछ ।

(५) प्रतिष्ठानको जिम्मा वा स्वामित्वमा रहेका जुनसुकै स्रोतबाट प्राप्त हुन आएका सम्पत्ति, जायजेथा र सामानहरू सुरक्षित राख्नु र राख्न लगाउनु कार्यकारी निर्देशकको कर्तव्य र उत्तरदायित्व हुनेछ ।

(६) प्रतिष्ठानलाई जुनसुकै स्रोतबाट प्राप्त हुन आएका सम्पत्ति र सामान त्यसरी प्राप्त भएको सात दिनभित्र सम्बन्धित स्रेस्ता र लेखामा प्रतिष्ठानको नाममा आम्दानी बाँधी सक्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्राप्त सम्पत्ति वा मालसामान स्रेस्ता र लेखामा आम्दानी नबाँधी खर्च, प्रयोग र हस्तान्तरण गर्न गराउन हुँदैन ।

(८) प्रतिष्ठानको आयोजनाहरूमा अनुदान, ऋण वा सहायतामा प्राप्त भएका जिन्सी सामानहरू त्यसरी प्राप्त भएको सात दिनभित्र आम्दानी बाँधी सो आम्दानी बाँधेको पन्ध्र दिनभित्र सोको विवरण प्रतिष्ठानमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(९) प्रतिष्ठानले आफ्ना निकाय अन्तर्गतको घर जग्गा सवारी साधन तथा अन्य सम्पत्तिहरूको एकिकृत रूपमा लगत राख्नु वा राख्न लगाउनु पर्नेछ।

(१०) प्रतिष्ठानको स्वामित्व वा जिम्मामा रहेका सम्पत्ति वा सामान व्यक्तिगत प्रयोजन र फाइदाका लागि प्रयोग गर्नु गराउनु हुँदैन ।

३८. **जिन्सी निरीक्षणः** (१) यस नियम बमोजिम लगत खडा गरी राखिएका जिन्सी सामानहरूको अवस्थाको सम्बन्धमा कार्यकारी निर्देशकले वर्षमा कम्तीमा एक पटक स्वयं वा निजले अख्तियारी गरेको कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गरी वा गर्न लगाई सोको प्रतिवेदन लिखितरूपमा तयार गरी अभिलेखमा राखी आफूभन्दा माथिल्लो अधिकारीसमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । यसरी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँधन छुट भएको कुनै मालसामान भेटिएमा परलमूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाई त्यस्तो मालसामानको मर्मत सम्भार र संरक्षण गर्नु गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण प्रतिवेदनमा देहायका कुराहरू प्रष्टरूपमा खुलेको हुनु पर्नेछः-

(क) जिन्सी किताबमा आम्दानी नबाँधिएका जिन्सी मालसामान भए के कति र कस्तो अवस्थमा छन्,

(ख) जिन्सी सामानको ठिक समयमा आम्दानी बाँधिएको छ छैन,

(ग) मालसमानको संरक्षण र सम्भार राम्रोसँग भएको छ छैन,

(घ) के कति जिन्सी मालसामानहरू मर्मत सम्भार गर्नुपर्ने अवस्थामा छन्,

(ङ) के कति जिन्सी मालसामानहरू वेकम्मा भई लिलाम बिक्री वा मिनाह गर्नु पर्नेछन्,

(च) जिन्सी मालसामानको प्रयोग भए वा नभएको, हानीनोक्सानी भए वा नभएको र हानीनोक्सानी भएको भए कसको लापरबाहीबाट भएको हो,

(छ) एकै किसिमको मालसमानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण, र

(ज) कार्यकारी समितिले तोकी दिएका अन्य कुराहरू ।

(३) निरीक्षण प्रतिवेदन प्राप्त भएपछि त्यस्तो प्रतिवेदनका विषयमा एक महिनाभित्र कुनै निर्देशन पठाएमा कार्यकारी निर्देशकले सो समेतलाई विचार गरी र सो अवधिभित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम बिक्री गर्नुपर्ने मालसामान छ महिनाभित्र र मर्मत सम्भार गर्नु पर्ने भए तीन महिनाभित्र गरिसक्नु पर्नेछ।कर्मचारीको लापरवाहीले हानी नोक्सानी भएकोमा त्यस्तो कर्मचारीबाट असुलउपर गराउनु पर्नेछ । निकायको आवश्यकताभन्दा बढी मालसामान खरिद गरी उपयोग नभई त्यसै रहेको भए प्रतिष्ठानमा प्रतिवेदन पेश गरी निर्देशन प्राप्त भएअनुसार हस्तान्तरण गरी आवश्यकताभन्दा बढी मालसामान खरिद गर्न आदेश दिने उपर नियमानुसार विभागीय कारबाही समेत गर्नु पर्नेछ ।यसरी जिन्सी प्रतिवेदनउपर भएको कारबाहीको जानकारी कार्यकारी निर्देशक मार्फत् कार्यकारी समिति र अध्यक्षलाई गराउनु पर्नेछ ।

(४) उपनियम (२) को खण्ड (ग) बमोजिम मर्मत सम्भार गर्नुपर्ने भनी उल्लेख भएका मालसामानहरूको मर्मत सम्भारको बजेट ब्यवस्था मिलाइदिने जिम्मेवारी प्रतिष्ठानको हुनेछ ।

३९. **<u>वार्षिक प्रतिवेदन र रेखदेख</u>**: प्रतिष्ठानले गत आर्थिक वर्षको मौज्दात, चालु आर्थिक वर्षमा खरिद गरेको तथा हस्तान्तरण भई आएको मालसामान र वस्तुगत सहायताको रूपमा प्राप्त भएको मालसामानसमेत उल्लेख गरी कुल जिन्सी मालसामानको परिमाण र मूल्य, चालु आर्थिक वर्षमा लिलाम, मिनाहा, हस्तान्तरण भई खर्च भएको परिमाण र मूल्य तथा बाँकी जिन्सी मालसामान मध्ये साबुत, मर्मत सम्भार, लिलाम, मिनाहा गर्नुपर्ने मालसामानको परिमाण समेत खुलाई आर्थिक वर्ष समाप्त भएको पैंतीस दिनभित्र वार्षिक प्रतिवेदन तयार गरी अध्यक्ष समक्ष पेश गरी अध्ययन र जाँचबुझ गराई आवश्यक निर्देशन दिनु पर्नेछ ।

४०. **<u>बरबुझारथ</u>**: (१) नगद, जिन्सी मालसामान, विनियोजित रकम, राजस्व, धरौटी, बेरुजु, अन्य रकमको लगत स्रेस्ता तथा कागजात र आफ्नो जिम्मामा भएको वा रहेको काम आदिको जिम्मा लिने कर्मचारी साधारणतया सरुवा, बढुवा वा अवकास प्राप्त गरी वा अन्य कुनै कारणले आफू कार्यरत निकाय छाडी जाँदा वा

सो कामबाट अलग हुँदा निजको बरबुझारथ गर्ने कर्तव्य हुनेछ । बुझिलिने कर्मचारीले पनि तुरुन्त बुझी लिनु पर्दछ।आलटाल गरी बुझी नलिएमा त्यस्ता कर्मचारी उपर प्रचलित कानून अनुसार कारबाही हुनेछ ।

(२) उपनियम (१) बमोजिम बरबुझारथ गर्ने कर्तव्य भएका कर्मचारीले एक्काइस दिनभित्र बरबुझारथ गरिसक्नु पर्नेछ । सो म्यादभित्र पनि बरबुझारथ नगरेमा निकाय प्रमुखले निजको जिम्मामा रहेको नगदी जिन्सीको लगत तयार गरी निकायको कुनै प्रतिनिधिको रोहवरमा बरबुझारथ गराउनु पर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम बरबुझारथ हुँदा नगद वा जिन्सी मालसामान, आम्दानी, धरौटी र अन्य रकमको लगत स्रेस्ता आदि हानी नोक्सानी वा हिनामिना भएको देखिएमा त्यस्तो हानी नोक्सानी वा हिनामिना रकम प्रचलित कानून बमोजिम असुलउपर गरिनेछ ।

## परिच्छेद - ११

## लिलाम बिक्री तथा मिनाहा सम्बन्धी व्यवस्था

४१. **लिखित आदेश विना लिलाम बिक्री गर्न नहुने:** (१) कार्यकारी निर्देशक वा निजले तोकेको अधिकारीको लिखित आदेशविना जिन्सी मालसामान लिलाम बिक्री वा हस्तान्तरण गर्नु गराउनु हुँदैन।

(२) नियम ४८ बमोजिमको प्रतिवेदनमा उल्लेखित बेकम्मा भई काम नलाग्ने देखिएका मालसामानहरू लिलाम बिक्री गर्ने, मर्मत गर्ने, आम्दानी नबाँधिएको जति तुरुन्त आम्दानी बाँध्ने कर्तव्य निकाय प्रमुख वा निजले तोकेको व्यक्तिको हुनेछ ।

(३) उपनियम (१) बमोजिम जिन्सी मालसामान हस्तान्तरण गर्दा हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्नेछ । मालसामान बुझिलिने निकायले हस्तान्तरण भई आएको मालसामान जिन्सी खातामा आम्दानी बाँधी सोको जानकारी साविक निकायलाई दिनु पर्नेछ । बुझिलिने निकायबाट आम्दानी बाँधेको जानकारी प्राप्त भएपछि साविक निकायले त्यस्ता मालसामानको लगत कट्टा गर्नु पर्नेछ ।

४२. **लिलाम गर्ने व्यवस्थाः** (१) प्रत्येक आर्थिक वर्षमा मूल्य नखुलेकोमा एक लाख रुपैया सम्म र मूल्य खुलेकोमा तीन लाख रुपैया सम्म निकाय प्रमुखले लिलाम बिक्री गर्न सक्नेछ ।

(२) प्रतिष्ठानको कार्यकारी निर्देशकले पाँच लाख रुपैया सम्मको काम नलाग्ने जिन्सी सामान लिलाम गर्न सक्नेछ ।

(३) उपनियम (१) मा उल्लिखित रकम भन्दा बढीको लिलाम गर्ने अधिकार कार्यकारी समितिको सहमति लिई कार्यकारी निर्देशकको हुनेछ ।

(४) लिलाम गर्दा सम्पूर्ण वा आंशिक गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार उपनियम (१) को अधीनमा रही सम्बन्धित पदाधिकारीलाई हुनेछ ।

(५) कुनै भवितब्य वा आकस्मिक घटना वा आफ्नो काबु बाहिरको परिस्थितिले काम नलाग्ने गरी क्षति भएको मालसामान मर्मत योग्य नभएको वा मर्मतयोग्य भएकोमा मर्मत खर्च बढी लाग्ने भएमा वा सुक्न, चुहन वा जर्ति वा टुटफुट भई नोक्सान भएमा त्यस्तो मालसामान लिलाम गर्न सकिनेछ ।

(६) कार्यालयले उपनियम (१) बमोजिम लिलाम बिक्रि गर्ने निर्णय गर्दा निर्माण वा खरिद भएको मितिले सवारी साधनको हकमा बीस वर्ष कम्प्युटर ल्यापटप, प्रिन्टर, फोटोकपी, सर्भर लगायत सूचना प्रविधिजन्य मालसामानको हकमा पाँच वर्ष फर्निचरको हकमा दश वर्ष र अन्य मेशिनरी औजारको हकमा पन्ध्र वर्ष भन्दा कम अवधि भएको मालसामानको प्राविधिकबाट निरीक्षण गराइ प्रतिवेदन लिएर मात्र लिलाम गर्नुपर्ने वा नगर्नु पर्ने एकिन गर्नुपर्नेछ।

(७) यस नियम बमोजिम लिलाम गर्नुपर्दा परल मूल्य खुलेकोमा पाँचलाख रूपैयाँ भन्दा बढी र परल मूल्य नखुलेकोमा अनुमानित तीन लाख रूपैयाँ भन्दा माथिको लिलाम बिक्री गर्दा निकाय प्रमुख वा निजले तोकेको व्यक्ति, सम्बन्धित विषयको विशेषज्ञ, लेखा प्रमुख र भण्डार प्रमुख रहेको समितिको सिफारिसमा गर्नु पर्नेछ ।

(८) पुरानो भएको प्रयोगमा आउन नसक्ने वा प्रतिष्ठानलाई अनावश्यक भएको भनी निर्णय भएका जिन्सी मालसामानहरू लिलाम बिक्री गर्नुपर्दा देहायका कुराहरू खुलाई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरी लिलाम बढाबढ गराउनु पर्नेछः-

(क) मालसामानको नाम, नाप, तौल, आकार र न्यूनतम मूल्यसमेतको व्यहोराको विवरण,

(ख) लिलाम हुने मिति,

(ग) बढाबढ हुने समय र स्थान,

(घ) स्वीकृत बोलवालाले मालसामानहरू हटाउनुपर्ने अवधि,

(ङ) बढावढ गर्दा बोललाई स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार सम्बन्धित लिलाम बढाबढ गर्दा स्वीकृति दिने अधिकारीको हुनेछ ।

(च) लिलाम सकार गर्न डाँक बोल्नु अघिनै न्यूनतम मूल्यको ५ प्रतिशतले हुने नगद धरौटी राख्नु पर्ने कुरा र डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्नेछ ।

(छ) अन्य आवश्यक कुराहरू भए सोसमेत खुलाउनु पर्नेछ ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्रबाट लिलाम बिक्री गर्न मनासिब देखिएमा मालसामान हेर्न सक्ने व्यवस्था मिलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा बोलपत्र माग गर्नु पर्नेछ । यसरी बोलपत्र आह्वान गरिएकोमा बोल अङ्कको दश प्रतिशतले हुने रकम बराबरको बैंक जमानत वा धरौटी खातामा जम्मा गरेको भौचर बोलपत्रसाथ राख्नु पर्नेछ । बोलपत्र माग गर्दा बोलपत्र खरिद र दाखिला सम्बन्धी कार्य प्रतिष्ठानमा  गर्नु पर्नेछ ।

(१०) उपनियम (६) बमोजिम प्रकाशित सूचना बमोजिम लिलाम सकार गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहाय बमोजिमको रकम तिरी कार्यकारी निर्देशक वा निजले तोकेको कर्मचारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फाराम किन्नु पर्नेछः-

(क) दश लाख रूपैयाँसम्मको न्यूनतम मूल्य कायम रहेको बोलपत्रका लागि रू. १०००।-

(ख) दश लाख रूपैयाँभन्दा माथिको जतिसुकै रकम न्यूनतम मूल्य कायम रहेको बोलपत्रका लागिरू. २०००।-

(११) उपनियम (६) र (७) बमोजिम लिलाम बढाबढ गरी पहिलो पटक लिलाम बिक्री हुन नसकेमा सात दिनको म्याद दिई पुनः लिलाम बिक्रीको कारबाही गर्नु पर्नेछ । पुनः लिलाम बिक्रीको कारबाही गर्दा पनि लिलाम हुन नसकेमा कायम मूल्यमा नघट्ने गरी सिधै वार्ताद्वारा बिक्री गर्न सकिनेछ । वार्ताबाट पनि बिक्री नभएमा पुनः मूल्याङ्कन गरी लिलाम गर्न सकिनेछ ।

(१२) लिलाम सकार गरेको जिन्सी मालसामान सम्बन्धित निकायले तोकेको अवधिभित्र कबोल गरेको पुरा रकम बुझाई नउठाएमा राखिएको धरौटी जफत गरी जफत रकम बराबर मात्र घटी कबोल भएका क्रमशः दोस्रो, तेस्रो, चौथो घटीवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ । यसरी गर्दा पनि लिलाम हुन नसकेमा पुनः लिलाम गर्नु पर्नेछ ।

४३. <u>**मिनाहा सम्बन्धी व्यवस्थाः**</u> (१) प्रतिष्ठानले देहायको अवस्थामा कार्यकारी समितिको निर्णय बमोजिम मिनाहा दिन सक्नेछ :-

(क) मर्मतयोग्य नभएको, मर्मत गर्न बढी खर्च लाग्ने, लिलामीमा पठाउन उपयुक्त नहुने ठहऱ्याइएका जिन्सी तथा मालसामानहरू,

(ख) चोरी वा डकैती भएको वा हराएको वा पत्ता नलागेको वा निश्चित गर्न नसकिने भै असुलउपर हुन नसक्ने मालसामानहरू,

(ग) माथि खण्ड (क) र (ख) बमोजिम मिनाहा दिँदा आन्तरिक लेखापरीक्षक वा अन्य तोकिएको अधिकारीले मिनाहाको सिफारिस गरेको हुनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै करा लेखिएको भएतापनि पाँच लाख सम्मको मिनाहा कार्यकारी निर्देशक आफैले निर्णय गरी दिन सक्नेछ।

## परिच्छेद -१२

## लागत अनुमान तथा बोलपत्र स्वीकृति

४४. **लागत अनुमान स्वीकृत गर्ने:** (१) देहायका रकमको निर्माण कार्य, मालसमान वा अन्य सेवाको लागत अनुमान स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) एक करोड रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तरको सातौं वा आठौं तहको शाखा प्रमुख,

(ख) पाँच करोड रुपैयाँसम्मको लागत अनुमान नवौं वा दशौं तहको शाखा प्रमुख वा निर्देशक,

(ग) पाँच करोड रुपैयाँ भन्दामाथिको लागत अनुमान कार्यकारी निर्देशक।

(२) देहायका रकमको परामर्श सेवाको लागत अनुमान स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दश लाख रुपैयाँसम्मको लागत अनुमान अधिकृतस्तरको सातौं वा आठौं तहको शाखा प्रमुख,

(ख) पच्चीस लाख रुपैयाँसम्मको लागत अनुमान नवौं वा दशौं तहको शाखा प्रमुख,

(ग) पच्चीस लाख रुपैयाँभन्दा वढीको लागत अनुमान कार्यकारी निर्देशक ।

(३) कुनै शाखा वा विभागीय प्रमुखले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

४५. **बोलपत्र तथा प्रस्ताव स्वीकृत गर्नेः** (१) देहायका रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) तीन करोड रुपैयाँसम्मको अधिकृत स्तरको सातौं वा आठौं तहको शाखा प्रमुख,

(ख) सात करोड रुपैयाँसम्मको नवौं वा दशौं तहको शाखा प्रमुख,

(ग) सात करोड रुपैयाँभन्दा बढीको कार्यकारी निर्देशक ।

(२) देहायका रकमको परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दश लाख रुपैयाँसम्मको अधिकृत स्तरको सातौं वा आठौं तहको शाखा/निकाय प्रमुख,

(ख) पचास लाख रुपैयाँसम्मको नवौं वा दशौं तहको शाखा प्रमुख,

(ग) पचास लाख रुपैयाँभन्दा बढीको कार्यकारी निर्देशक ।

(३) कुनै शाखा वा विभागीय प्रमुखले यस नियम बमोजिम बोलपत्र वा परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

४६. **खरिद सम्झौताको अवधि थप गर्ने**ः खरिद सम्झौताको अवधि थप गर्ने सम्बन्धी व्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद -१३

**विविध**

४७. **सम्पत्ति बहाल वा लिजमा लिने दिनेसम्बन्धी व्यवस्थाः** (१) प्रतिष्ठानले कुनै भौतिक वस्तु, सम्पत्ति वा माल भाडा वा लिजमा लिनु दिनु पर्दा यस नियमावली बमोजिमको बोलपत्र सम्बन्धी सिद्धान्त र प्रक्रिया अनुसरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्पत्ति बहाल वा लिजमा लिने दिनेसम्बन्धी कार्यविधि प्रचलित कानून बमोजिम हुनेछ ।

४८. **बिमा सम्बन्धी व्यवस्थाः** प्रतिष्ठानको स्वामित्व वा जिम्मामा रहेको चल अचल सम्पत्तिको कार्यकारी समितिले तोकेबमोजिम स्वदेशी बिमा कम्पनीबाट आवश्यकता अनुसार बिमा गराउन सकिनेछ। यसरी बिमा गराउँदा प्रतिष्ठानको जोखिमपूर्ण जिन्सी मालसामान र सम्पत्तिलाई प्राथमिकता दिइनेछ।

४९. **<u>ह्रास कट्टी पद्धति:</u>** ह्रासकट्टी पद्धति प्रचलित आयकर ऐन तथा नियमावली बमोजिम हुनेछ ।

५०. **<u>सेवा शुल्क दर तोक्ने:</u>** (१) प्रतिष्ठानबाट प्रदान गरिने अध्ययन, अध्यापन, प्रशिक्षण, अनुसन्धान, तालिम, परामर्श लगायतका सेवाहरूको शुल्क तोक्ने वा तोकिएको सेवा शुल्कको पुनरावलोकन गर्ने प्रयोजनका लागि कार्यकारी समितिले कार्यकारी निर्देशकको संयोजकत्वमा अन्य विषय विशेषज्ञहरूसहित पाँच सदस्यीय सेवा शुल्क दर सिफारिस समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले सेवा शुल्क दर तोक्ने वा पुनरावलोकन गर्ने सिफारिस गर्दा सोको आधार र पुष्ट्याइँ समेत प्रस्तुत गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिको सिफारिसमा कार्यकारी समितिले सेवा शुल्क दर तोक्न वा सेवा शुल्कको पुनरावलोकन गर्न सक्नेछ । यसरी तोकिएको सेवा शुल्कको जानकारी प्रतिष्ठानको सभालाई दिनु पर्नेछ ।

५१. **<u>सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुने:</u>** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानबाट हुने निर्माण कार्य, मालसामान खरिद वा परामर्श सेवा तथा अन्य सेवा खरिद कार्यका लागि नियम ४६ र ४७ लगायतका विषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमका व्यवस्थाहरू लागु हुनेछन् ।

५२. **<u>कार्यविधि, मापदण्ड वा मार्गनिर्देशिका बनाई लागु गर्न सक्ने</u> :** कार्यकारी समितिले यस नियमावलीको अधीनमा रही आर्थिक प्रशासन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न आवश्यकताअनुसार कार्यविधि, मापदण्ड वा मार्गनिर्देशिका बनाई लागु गर्न गराउन सक्नेछ ।

(२) प्रतिष्ठानको आर्थिक प्रशासन सम्बन्धी विषयमा यस नियमावलीमा लेखिए जति कुरामा यसै बमोजिम र अरुमा प्रचलित कानून बमाजिम हुनेछ ।

(३) यो नियमावली लागु हुनुभन्दा अगाडि प्रतिष्ठानबाट भए गरेको आर्थिक प्रशासन सम्बन्धी काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,
हेमराज सुवेदी
प्रदेश सरकारको सचिव

# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, भदौ ७ गते, २०७८ साल (अतिरिक्ताङ्क २२

## भाग ३

गण्डकी प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना**

## गण्डकी प्रदेश शिक्षा नीति, २०७८

**पृष्ठभूमि**

जीवन र जगतको अन्तर सम्बन्धलाई बुझ्ने क्रममा मानव जातिले पुस्तौँदेखि संगालेका अनुभव एवम् अनुभूतिहरूलाई ज्ञानको रूपमा आत्मसात् गर्दै अनुभव, प्रयोग, चिन्तन, अन्तर्क्रिया जस्ता माध्यमबाट मानिसले ज्ञान प्राप्त गरेका हुन्छन् । प्राचीन कालमा सैद्धान्तिक ज्ञान हासिल गर्नुलाई शिक्षा मानिन्थ्यो भने हाल आएर शिक्षा तथा सिकाइ व्यावहारिक ज्ञान, सिप, अभिवृत्ति र कामसँग बढी सम्बन्धित हुन गएको छ । शिक्षाले गुणस्तरीय शिक्षण सिकाइद्वारा देशको लागि आवश्यक पर्ने सक्षम, प्रतिस्पर्धी र समाज तथा मुलुकप्रति उत्तरदायी

जनशक्ति तयार गर्नुका साथै व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउँदछ । मुलुकको सर्वाङ्गीण विकासका लागि उपयुक्त ज्ञान, सिप र अभिवृत्ति भएका जनशक्तिको भूमिका सर्वोपरि रहने हुनाले यसका लागि शिक्षालाई उत्पादनमूलक एवम् व्यावहारिक बनाई गुणस्तरीय शिक्षामा सबै नागरिकको समन्यायिक पहुँच स्थापित गराउनु राज्यको प्रमुख दायित्त्व हो । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गर्दै सबै नागरिकलाई शिक्षाको समान अवसरको सिर्जना गर्नु राज्यको संवैधानिक दायित्व हुने व्यवस्था गरेको छ । यो दायित्त्व पूरा गर्न सबै तहका सरकारहरूले आवश्यक नीति, योजना र कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्दै आएका छन् ।

यस पृष्ठभूमिमा संविधानको मूल मर्म र भावनालाई आत्मसात् गर्दै गण्डकी प्रदेश सरकारले "समृद्ध प्रदेश र सुखी नागरिक" भन्ने विकासको नारालाई यथार्थमा बदली, ज्ञानमा आधारित समाजको माध्यमबाट दिगो शान्ति र समृद्धि हासिल गर्नका लागि शिक्षालाई एक सशक्त माध्यमका रूपमा स्वीकार गरेको छ । प्रदेश सरकार स्थापनापश्चात् सरकारले प्रदेश तहको विशिष्ट परिवेश र आवश्यकता समेतलाई सम्बोधन हुने गरी आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रममार्फत शिक्षाका गन्तव्यहरू तय गरेको छ ।

संवैधानिक प्रावधान, राष्ट्रिय शिक्षा नीति - २०७६, गण्डकी प्रदेश सरकार (कार्य विभाजन) नियमावली - २०७४, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-०८०/८१) एवं प्रदेश सरकारले वार्षिक नीति तथा कार्यक्रम मार्फत घोषणा गरेका शैक्षिक नीतिका साथै दिगो विकासका राष्ट्रिय र अन्तर्राष्ट्रिय लक्ष्य पूरा गर्न शिक्षालाई स्थानीय आवश्यकतासँग आबद्ध गरी सबल र व्यावहारिक प्रदेश शिक्षा प्रणालीको स्थापना गर्नु प्रदेश सरकारको प्रमुख दायित्त्व हो ।

प्रदेशको समग्र विकासको दृष्टिकोणका आधारमा शैक्षिक विकासका कार्यदिशा तथा प्राथमिकताहरू निर्धारण गर्न शिक्षाका ठोस लक्ष्य, उद्देश्य, नीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिनु पर्दछ । यसै वास्तविकतालाई आत्मसात् गर्दै प्रदेशको शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रूपमा गण्डकी प्रदेश सरकारबाट यो गण्डकी प्रदेश शिक्षा नीति, २०७८ तर्जुमा गरिएको छ ।

## विगतका अभ्यासहरु

प्रदेश सरकारको विभिन्न आर्थिक वर्षका नीति तथा कार्यक्रम अनुरूप शिक्षालाई पहुँच योग्य, जीवनोपयोगी, व्यावहारिक, रोजगारमुखी बनाउने; विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न नक्साङ्कन गरी हिमाली र दुर्गम पहाडी क्षेत्रमा आवासीय विद्यालयको स्थापना, सूचना प्रविधिको सुविधा विस्तार र आदर्श विद्यालय तथा नमूना बालविकास केन्द्र विकास गर्ने जस्ता कार्यक्रमका लागि स्थानीय तहलाई सबलीकरण गर्ने कार्यक्रमहरू अभ्यासमा ल्याइएको छ। यसका साथै प्रदेश सरकारले उच्च शिक्षाको क्षेत्रमा प्रदेश विश्वविद्यालय, मध्यमस्तरको प्राविधिक जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापना गर्ने लगायतका अति महत्त्वपूर्ण नीतिहरू अङ्गीकार गरी सो अनुरूपका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-०८०/८१) ले शिक्षा क्षेत्रमा आधुनिकीकरण र समान पहुँच स्थापित गर्ने सोचका साथ राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएको छ । यसैगरी आर्थिक वर्ष २०७६/७७ को सरकारको नीति तथा कार्यक्रमले "प्रदेशको धन : दक्ष जनशक्ति उत्पादन" भन्ने मूल नारा तय गरी प्रदेश शिक्षा नीति, कानुन, मापदण्डहरू तयार गर्ने; पूर्ण साक्षर प्रदेश घोषणा गर्ने; गण्डकी विश्वविद्यालय र गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान स्थापना गर्ने; शिक्षकको सक्षमता अभिबृद्धि गर्ने जस्ता महत्त्वपूर्ण नीति तथा कार्यक्रमहरू अगाडि बढाएको छ । आ.व. २०७७/७८ को नीति तथा कार्यक्रमले विगतका नीति तथा कार्यक्रमले जोड दिएका विषयहरूमा निरन्तरता दिँदै स्थानीय पाठ्यक्रम विकासमा सहजीकरण र जीवनपर्यन्त सिकाइका लागि प्रविधिमैत्री वित्तीय साक्षरतामा जोड दिएको छ । आ.व. २०७८/७९ मा **प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षा समेतका विद्यालयस्तरीय कार्यक्रम र गण्डकी विश्वविद्यालय अन्तर्गत चिकित्सा विज्ञान र सूचना तथा प्रविधिको विकासमा विशेष जोड दिएको छ ।

## विद्यमान शैक्षिक स्थिति

राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार यस प्रदेशको कूल जनसङ्ख्या २४,०३,०१६ रहेको छ ।सो मध्ये १३,१२,९४९ महिला र १०,९०,८०८ पुरुष रहेका छन् । औषत कुल साक्षरता दर राष्ट्रिय रूपमा ६५.९४ हुँदा यस प्रदेशको ७४.८ प्रतिशत रहेको छ । जसमध्ये पुरुष साक्षरता ८३.५ प्रतिशत र महिला साक्षरता ६७.७ प्रतिशत रहेको छ । उच्च शिक्षातर्फ यस प्रदेशमा २ वटा विश्वविद्यालयहरू (पोखरा विश्वविद्यालय र गण्डकी विश्वविद्यालय) सञ्चालनमा रहेका छन् । त्यसैगरी विभिन्न विश्वविद्यालयहरूका सम्बन्धनप्राप्त

क्याम्पसहरू (सामुदायिक र संस्थागत) १५१ वटा र आङ्गिक क्याम्पस १६ वटा सञ्चालित छन् । यी शिक्षण संस्थाहरूमा कूल ३९४०७ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । देशकै धेरै विद्यार्थीहरू अध्ययन गर्ने क्याम्पस मध्येको पृथ्वीनारायण क्याम्पस पोखरामा १०,५११ जना विद्यार्थीहरू अध्ययनरत छन् । प्रदेशमा सञ्चालित क्याम्पसहरूमा ४३ प्रतिशत व्यवस्थापन, ३४.३१ प्रतिशत शिक्षाशास्त्र, ९.६२ प्रतिशत मानविकी तथा समाजशास्त्र, ४.१८ प्रतिशत विज्ञान तथा प्रविधि, २.९३ प्रतिशत चिकित्साशास्त्र, २.०९ प्रतिशत इञ्जिनियरिङ, १.२६ प्रतिशत संस्कृत विषय, १.२६ प्रतिशत वन विज्ञान, ०.८४ प्रतिशत कृषि विषय, ०.४२ प्रतिशत कानुन विषय अध्यापन गर्ने क्याम्पसहरू रहेको तथ्याङ्कबाट देखिन्छ । यस तथ्याङ्कले प्रदेशलाई अगाडि बढाउन आगामी दिनमा साधारण शिक्षालाईभन्दा प्राविधिक शिक्षालाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ । [१]

यस प्रदेशमा शैक्षिक सत्र २०७६ मा ३७२८ सामुदायिक विद्यालय र ५८९ संस्थागत विद्यालय गरी जम्मा ४३१७ विद्यालय र ती विद्यालयहरूमा पूर्व प्राथमिकतर्फ १,०२,६०६ जना, आधारभूततर्फ ४,२०,९८८ जना र माध्यमिकतर्फ १,७१,६५८ जना विद्यार्थी अध्ययनरत छन् । [२]

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमतर्फ CTEVT बाट सम्बन्धन प्राप्त आङ्गिक विद्यालय १२ वटा, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECs) ५६ वटा र ५० वटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक धार कक्षा (९-१२) सञ्चालनमा रहेका छन् ।[३]

गण्डकी प्रदेशको शैक्षिक उपलब्धिलाई हेर्दा राष्ट्रिय औषतको तुलनामा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । वि.सं. २०७६ (सन् २०१९) को शैक्षिक तथ्याङ्कअनुसार पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना हुने विद्यार्थीको दर, राष्ट्रिय रूपमा ६८.७ प्रतिशत रहँदा यस प्रदेशमा ७९.५ प्रतिशत रहेको छ । आधारभूत तहतर्फ कक्षा (१-५) को खुद भर्ना दर ९७.१ प्रतिशत र कक्षा (१-८) को ९६.४ प्रतिशत रहँदा माध्यमिक तह कक्षा (९-१२) को खुद भर्ना दर ४८.७ प्रतिशत छ । कक्षा ८ को टिकाउ दर ८३.३ प्रतिशत र कक्षा १० को ६७.१ प्रतिशत रहेको छ ।

त्यसैगरी कक्षा छाड्ने दर आधारभूत तहतर्फ कक्षा १-५ को ४.५३ र कक्षा ६-८ को ३.९४ प्रतिशत छ भने माध्यमिक तह (कक्षा ९-१०) को २.५१ प्रतिशत रहेको छ ।

---

१ Source: EMIS Report on Higher Education 2018/019)

२ स्रोतः शिक्षा तथा मानवस्रोत विकास केन्द्र, २०७६

३ Source: CEHRD & CTEVT,2076

कक्षा दोहोऱ्याउने दर आधारभूत तहको कक्षा १-५ मा ५.१ र कक्षा ६-८ मा ४.३ प्रतिशत छ । माध्यमिक तह (कक्षा ९-१०) को कक्षा दोहोऱ्याउने दर २.२ प्रतिशत रहेको छ ।[४] यी सूचकहरुले विद्यालय तहको आन्तरिक सक्षमतामा अझै सुधार गर्नुपर्ने र उच्च शिक्षाको क्षेत्रमा प्राविधिक विषय तर्फ विद्यार्थीहरुको पहुँच वृद्धि गर्नुपर्ने अवस्था देखाउँछन् ।

## समस्या, चुनौती र अवसर

समग्र राष्ट्रको शैक्षिक प्रणालीमा रहेका समस्या, चुनौती र अवसरहरू यो प्रदेशमा पनि विद्यमान छन् । सबै तहको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न, गुणस्तर र सान्दर्भिकता अभिबृद्धि गर्न, सक्षमता अभिबृद्धि गर्न, शैक्षिक क्षति कम गर्न र शैक्षिक सुशासन कायम गर्न विभिन्न प्रयासहरू भए तापनि अझैसम्म अपेक्षित प्रतिफल हासिल गर्न सकिएको छैन । सामुदायिक विद्यालय लगायत शैक्षिक संस्थाहरुको वितरण बैज्ञानिक बन्न नसक्दा जनसंख्या वृद्धिदरमा कमी आउनुको कारणले विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गर्न कठिनाई हुनु र माध्यमिक तहको शिक्षालाई निःशुल्क गर्ने संवैधानिक व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयन हुन नसक्नु जस्ता समस्याहरु रहेका छन् । यसैगरी शिक्षामा रूपान्तरण गरी सार्वजनिक शिक्षाप्रति अभिभावकलाई विश्वस्त बनाउन नसक्नु, प्रारम्भिक बालबिकास केन्द्रको प्रभावकारी व्यवस्थापन, विद्यालय नक्साङ्कन तथा समायोजन गरी विषयगत एवम् तहगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्न नसक्नु समेत यस प्रदेशका समस्याहरु हुन । माध्यमिक विद्यालयमा विज्ञान विषयको पठन पाठन विस्तार गर्न नसकेका कारणले उच्च शिक्षामा समेत साधारण शिक्षाको बाहुल्यता रहनु र गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर वृद्धि र पर्याप्त प्रयोगात्मक सामग्रीको व्यवस्था नसक्नु पनि समस्याका रुपमा रहेका छन् । यसैगरी कार्यगत सिप तालिमलाई प्रभावकारी बनाउने, तालिम प्राप्त व्यावसायिक शिक्षक जुटाउने, सिकाइमा नवीनतम प्रविधिको प्रयोग गर्ने वातावरण तयार गर्ने, सिकाई सामग्रीको प्रयोग गर्ने, शिक्षामा पर्याप्त लगानी बढाउने र शिक्षाका हरेक क्षेत्रमा सुशासनको प्रत्याभूति गराउनेजस्ता विषयमा अपेक्षित उपलब्धि हासिल गर्न नसकिनु यस क्षेत्रका समस्याहरू हुन् । यसका साथै उच्च शिक्षामा सैद्धान्तिक ज्ञानको बोझ र खोजमूलक सिकाइको न्यूनता पनि समस्याका रूपमा रहेका छन् ।

संघीय शासन पद्धति अनुकूल हुनेगरी तीनै तहका शैक्षिक प्रशासनिक संरचनाको प्रभावकारी परिचालन गर्नु, संविधानको मर्म र भावना अनुरूप स्थानीय सरकारलाई शिक्षा सम्बन्धी

[४] Flash Report CEHRD, 2076

जिम्मेवारी र अधिकार बहन गर्न सक्ने गरी संस्थागत क्षमता विकास गर्नु जस्ता चुनौतीहरू यस क्षेत्रका हुन् । तीनै तहका सरकार बिचको शिक्षामा रहेको साझा अधिकार सूचीको प्रयोगलाई कानुनबाट निर्क्योल हुन नसकेकोले यसका लागि प्रदेशले संघ र स्थानीय तहसँग समन्वय कायम गर्दै विगतमा आर्जित अनुकरणीय, शासकीय ज्ञान, संस्थागत स्मरण (institutional memory), कार्यसंस्कृति एवम् अनुभवको व्यावहारिक प्रयोगमा जोड दिनु जरुरी छ । यसका लागि आवश्यक स्रोतको सुनिश्चितता गर्दै सार्वजनिक शिक्षाप्रतिको जनविश्वास कायम गराउने कार्य उत्तिकै चुनौतीका रूपमा रहेको छ । त्यस्तै निजी विद्यालय तथा शिक्षण संस्थाहरूलाई सहभागितामूलक र सरकारको पूरक प्रणालीका रूपमा व्यवस्थित गरी सेवा प्रदायक संस्थाको रूपमा सञ्चालनमा ल्याउनु पनि चुनौतीपूर्ण छ । विद्यालय शिक्षा प्रणालीलाई विविधीकरण गर्दै समाजको आवश्यकतालाई सम्बोधन गर्नु र महाविद्यालयहरूबाट दक्ष, व्यावहारिक, सिपयुक्त, संस्कारयुक्त प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी बजारको माग सम्बोधन गर्ने कार्य र उच्च शिक्षाको लागि अन्य प्रदेश र विदेश जाने प्रवृत्ति रोक्नु पनि उत्तिकै चुनौतीपूर्ण छ ।

यस पृष्ठभूमिमा प्रदेशको वर्तमान शैक्षिक स्थिति र अभ्यासलाई हेर्दा राष्ट्रिय औषतको तुलनामा विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचकाङ्कमा देखिएको प्रगति, साक्षरता दरमा देखिएको वृद्धि, शिक्षामा समावेशी सहभागिताको अभिवृद्धि, उच्च शिक्षाको विकासका लागि गण्डकी विश्वविद्यालयको स्थापना र प्रदेश सरकारको प्राविधिक तथा व्यावसायिक शिक्षामा देखिएको प्राथमिकता जस्ता विषयहरु प्रदेशको शैक्षिक सुधारका क्षेत्रमा देखिएका प्रमुख अवसरहरू हुन् ।

शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने, प्रदेश र स्थानीय तहका सरकारको क्षमता विकास गर्दै शिक्षाको व्यवस्थापनलाई प्रभावकारी तुल्याई शैक्षिक सेवा प्रवाहमा सुधार गर्न सकिने अवसरहरू पनि हाम्रो सामु रहेका छन् । गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको स्थापनाबाट शिक्षा विस्तार गरी स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्दै देशको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने एवं रोजगारीको खोजीमा विदेश पलायन भएका युवा जनशक्तिलाई स्वदेशमा नै फिर्ता गर्न र उद्यमशील बनाउन सकिने वातावरण क्रमश: तयार हुँदै जानुलाई पनि अवसरका रूपमा लिन सकिन्छ । उच्च शिक्षाको क्षेत्रमा गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्दै खोज तथा अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गरी गण्डकी प्रदेशलाई पर्यटन, जलस्रोत, कृषि तथा सूचना प्रविधिको विकास लगायतका विषयमा उच्च शिक्षा अध्ययनको केन्द्र बनाउन सकिने वातावरण तयार गर्न सकिने अवसर पनि हाम्रो सामु रहेका छन् ।

**प्रदेश शिक्षा नीतिको आवश्यकता**

नागरिकका संविधान प्रदत्त शैक्षिक अधिकारहरूको कार्यान्वयनको सुनिश्चितता गरी प्रदेशको एकल तथा साझा अधिकार क्षेत्र भित्र सूचीकृत शिक्षा सम्बन्धी विषयलाई समन्वयात्मक ढङ्गबाट कार्यान्वयन गर्नु; शिक्षामा सबैको समन्यायिक पहुँच सुनिश्चित गरी प्रदेशको आवश्यकता अनुरूपको दक्ष एवम् गुणस्तरीय जनशक्ति उत्पादन गर्नु; स्थानीय तहको क्षमता विकासका लागि आवश्यक स्रोत साधनको उपलब्धता र नीतिगत एवम् कानुनी सहजीकरणको प्रबन्ध गर्नु प्रदेश सरकारको मुख्य जिम्मेवारी हो । यसका लागि सङ्घीय र स्थानीय सरकारका पहुँच, गुणस्तर र सुशासन सम्बन्धी शैक्षिक नीति, योजना तथा कार्यक्रमहरू बिचको दुरी पहिचान गर्ने र विद्यमान कार्यक्रमहरूको कार्यान्वयनमा थप सहजता प्रदान गरी प्रभावकारिता ल्याउन आवश्यक छ । यसरी गण्डकी प्रदेशका विशिष्टताको पहिचान गरी सो अनुसारका प्रादेशिक शैक्षिक योजना तथा कार्यक्रमहरूको कार्यान्वयनबाट शिक्षालाई प्रदेशको समृद्धिको आधार बनाउने प्रदेश सरकारको अठोट र सङ्कल्प पूरा गर्न गण्डकी प्रदेश शिक्षा नीति, २०७८ आवश्यक देखिएको छ ।

**दूरदृष्टि**

गुणस्तरीय मानव पुँजीको अभिवृद्धि, गण्डकी प्रदेशको समृद्धि

**ध्येय**

सिर्जनशील, उद्यमशील एवम् प्रतिस्पर्धी दक्ष जनशक्तिको माध्यमबाट समृद्ध र आत्मनिर्भर प्रदेशको निर्माण गर्ने ।

**लक्ष्य**

सबै तह र प्रकारको शिक्षालाई पहुँच योग्य, गुणस्तरीय, प्रविधिमैत्री, रोजगारमूलक, नवप्रवर्तनात्मक एवम् उत्पादनमुखी बनाई प्रदेशको आवश्यकता अनुरूप समाज र मुलुकप्रति उत्तरदायी मानव संशाधन विकास गर्ने ।

**उद्देश्य**

९.१ बालबालिकाहरूको सर्वाङ्गीण विकासका साथै विद्यालय शिक्षामा फरक क्षमता भएका बालबालिकासहित सबैको सहज र समन्यायिक गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु ।

९.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सिपका अवसरहरूको विस्तार गरी उद्यमी, उत्पादनशील र सक्षम जनशक्ति तयार पार्नु ।

९.३ उच्च शिक्षालाई बैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक र उत्पादनमुखी बनाउँदै ज्ञानमा आधारित समाज र स्वाधीन अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउनु ।

९.४ अनौपचारिक एवं बैकल्पिक शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ।

९.५ शिक्षा प्रणालीमा सम्बद्ध जनशक्तिको योग्यता, सक्षमता एवम् सचेतना अभिवृद्धि गरी जबाफदेहिता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु ।

९.६ विज्ञान तथा प्रविधि मार्फत् व्यक्तिमा वैज्ञानिक चिन्तन एवम् व्यवहार विकास गर्दै आधुनिक सूचना तथा सञ्चार प्रविधिलाई समग्र शैक्षिक प्रणालीको अभिन्न अङ्गको रूपमा विकास गर्नु ।

९.७ समालोचनात्मक चिन्तन भएका समाज र राष्ट्रप्रति प्रतिवद्ध र उत्तरदायी नागरिक तयार गर्नु ।

**नीति**

१०.१ प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्ने। (९.१)

१०.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चितताका लागि स्थानीय तह र विद्यालयलाई क्षमतावान एवम् जवाफदेही बनाउने ।(९.१)

१०.३ विद्यालयको शैक्षिक एवम् भौतिक पक्षहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री एवम् समावेशी बनाउने। (९.१)

१०.४ राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुरूप जीवनोपयोगी ज्ञान र सिपमा आधारित प्रदेश तहको पाठ्यक्रम विकास, मातृभाषामा शिक्षाको प्रबन्ध र स्थानीय पाठ्यक्रम विकास, शिक्षण सिकाइको व्यवस्थापनका साथै मूल्याङ्कन प्रणालीको सुदृढीकरणबाट सबै प्रकारका विद्यालयहरूमा समान शैक्षिक गुणस्तर कायम गर्ने । (९.१)

१०.५ अपाङ्गता भएका र विभिन्न कारणले सिकाइ सम्बन्धी समस्यामा रहेका बालबालिकाहरूका सिकाइ आवश्यकता पूरा गर्न विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने । (९.१)

१०.६ प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिममा सबै वर्ग, क्षेत्र र समुदायको समतामूलक पहुँच सुनिश्चित गर्ने। (९.२)

१०.७ विश्वविद्यालय र मातहतका संस्थाले दिने शिक्षाको गुणस्तर अभिवृद्धि गरी राष्ट्रिय र प्रदेश आवश्यकता एवं अन्तर्राष्ट्रिय मान्यता र प्रचलन अनुरूप हुने गरी उच्च शिक्षालाई सान्दर्भिक, गुणस्तरीय एवम् खोज तथा अनुसन्धानमुखी बनाउने । (९.३)

१०.८ बहुसाक्षरता अन्तर्गतका विविध कार्यक्रमहरूबाट अनौपचारिक तथा बैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान र सिपलाई आयमूलक कार्यक्रम र सहभागितामूलक सामाजिक जीवनसँग आबद्ध गर्ने । (९.४)

१०.९ पठन संस्कृतिको विकासका लागि पुस्तकालय, वाचनालय र सामुदायिक सिकाइ केन्द्रको स्थापना एवम् सुदृढीकरण गरी आजीवन सिकाइलाई निरन्तरता दिने । (९.४)

१०.१० प्रदेशको जनशक्तिको उपलब्धता र आवश्यकताको प्रक्षेपणको आधारमा योजनाबद्ध रूपमा जनशक्ति उत्पादन, विद्यमान जनशक्तिको सक्षमता परीक्षण गरी क्षमता विकासका कार्यलाई निरन्तरता दिने । (९.५)

१०.११ सबै तह र प्रकारका शिक्षामा नेतृत्वको सबलीकरण, पेशागत उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गरी समग्र शिक्षा क्षेत्रमा सुशासन कायम गर्ने । (९.५)

१०.१२ मापनीय मानक र मापदण्ड सहितको सुदृढ अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गरी सोको आधारमा सबै प्रकारका शिक्षण संस्थाहरूको अनुगमन, सुपरिवेक्षण, मूल्याङ्कन तथा नियमन गर्न स्थानीय तहलाई सबल र सक्षम बनाउने। (९.५)

१०.१३ सस्थागत संरचना तथा कानुनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गराउन प्रदेश अन्तर्गतका शिक्षा सम्बद्ध सबै तह र निकायलाई तोकिएको कार्यसम्पादन र उपलब्धि प्रति जिम्मेवार र जवाफदेही बनाउने ।(९.५)

१०.१४ शिक्षा क्षेत्रका संवैधानिक र कानुनी दायित्व पूरा गर्न प्रदेश सरकारले शिक्षालाई पहिलो प्राथमिकतामा राखी पर्याप्तता, समन्यायिकता र प्रतिफलमूखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्ने ।(९.५)

१०.१५ विद्यार्थीमा वैज्ञानिक, सिर्जनात्मक एवम् समालोचनात्मक चिन्तनको बिकास गर्न शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM Education) जस्ता विषयहरूलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्ग बनाउने। (९.६)

१०.१६ सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ र शैक्षिक व्यवस्थापन प्रणालीको अभिन्न अङ्गको रूपमा विकास गरी सुदृढीकरण गर्ने । (९.६)

१०.१७ शैक्षिक संस्थाहरूलाई सामाजिक मूल्य, मान्यताप्रति सचेत, सहयोगी, अनुशासित र नैतिकवान् नागरिक तयार गर्न सक्षम बनाउने ।(९.७)

## रणनीति तथा कार्यनीति

गण्डकी प्रदेशको शैक्षिक अवस्थालाई सुदृढीकरण गर्नका लागि तय गरिएको शिक्षाको दूरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य र नीतिहरूको परिधिभित्र रही देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरू अवलम्बन गरिने छ। संविधानको अनुसूची - ८ बमोजिमका स्थानीय तहको एकल अधिकार भित्र शिक्षासँग सम्बन्धित विषय कार्यान्वयन गर्न प्रदेशले स्थानीय तहहरूसँग समन्वय, सहकार्य एवम् सहयोग गर्नेछ । स्थानीय तहहरूले यस नीतिको प्रतिकूल नहुने गरी स्थानीय आवश्यकता र सम्भावना अनुसार शैक्षिक नीति, रणनीति, कार्यनीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न गराउन सक्नेछन् ।

### (क) प्रारम्भिक बालविकास तथा शिक्षा

**रणनीति ११.१ बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गरी गुणस्तरीय प्रारम्भिक बाल विकास तथा शिक्षामा सबै बालबालिकाको समन्यायिक पहुँच सुनिश्चित गर्न स्थानीय तहलाई सहयोग एवम् सहजीकरण गर्ने** । (१०.१)

११.१.१ तीन वर्ष उमेर पुगेका बालबालिकाका लागि तोकिएको न्यूनतम मापदण्डको आधारमा प्रदेश सरकारको सहयोग, समन्वय र सहकार्यमा स्थानीय तह र अभिभावकहरूको साझेदारीमा एक वर्ष थप गरी दुई वर्षे प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिनेछ ।

११.१.२ राष्ट्रिय मापदण्डका आधारमा गण्डकी प्रदेशको विशिष्ट अवस्था समेतलाई सम्बोधन हुनेगरी प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा बालबालिकाको स्वास्थ्य र पोषण, सुरक्षा, खेल (सामग्री र स्थान), बालउद्यान, शयन स्थल, भवन, कक्षाकोठा, दिवा खाजा व्यवस्थापनसहित भौतिक पूर्वाधार, जनशक्तिको क्षमता विकास र सहजीकरण प्रक्रियासँग सम्बन्धित विभिन्न पक्षको प्रदेश मापदण्ड र कार्यविधि निर्माण गरी कार्यान्वयनका लागि स्थानीय तहहरूलाई सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

११.१.३ प्रारम्भिक बालविकास शिक्षकहरूको न्यूनतम शैक्षिक योग्यता र सुविधा आधारभूत तहका शिक्षक सरह (कक्षा १२) हुने व्यवस्थालाई कार्यान्वयन गर्दै बालवालिकाहरुको उमेर क्षमता अनुसार वालमैत्री शिक्षण सिकाइ गर्न सक्ने गरी उनीहरूको क्षमता विकासका निम्ति बाल मनोविज्ञान सम्बन्धी तालिमका लागि स्थानीय तहलाई सहयोग, समन्वय र सहकार्य गरिनेछ ।

११.१.४ प्रत्येक स्थानीय तहमा स्थापना भएकामध्ये कम्तिमा एउटा बालविकास केन्द्रलाई प्राविधिक सहयोग र साझेदारीको माध्यमबाट आवश्यक थप स्रोतको व्यवस्था गरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सक्ने गरी सिकाइमूलक स्रोतकेन्द्र (नमूना) को रूपमा विकास गरिनेछ ।

११.१.५ बालबालिकाको सर्वाङ्गीण विकासका निमित्त अभिभावकलाई उत्प्रेरित गर्न स्थानीय तहमार्फत शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षा लगायतका निकायहरू र वडा समिति समेतको संलग्नतामा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

११.१.६ प्रारम्भिक बालविकासका कार्यक्रमहरूलाई प्रभावकारी बनाउन प्रदेशस्तरमा सभासदहरूको सहकार्य समूह (ECD CAUCUS) स्थापना गरिनेछ ।

**(ख) आधारभूत तथा माध्यमिक शिक्षा**

**रणनीति ११.२ शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयनका लागि पहुँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । (१०.२)**

११.२.१ आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको व्यवस्था सुनिश्चित भएको सार्वजनिक घोषणा गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।

११.२.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सही रूपमा कार्यान्वयन भए नभएको एकिन गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको व्यवस्था गरी संयन्त्रको सिफारिसमा सक्षम भएका स्थानीय तहहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।

११.२.३ गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चितताको लागि स्थानीय तह तथा विद्यालयहरूलाई क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै प्रदेश अन्तर्गतका कुनै पनि किसिमका विद्यालयले गरेका अनुकरणीय अभ्यासहरूलाई अन्य विद्यालय बिच आदानप्रदान गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११.२.४ सबै प्रकार र तहका विद्यालयमा बालबालिकाहरूको हक र अधिकार संरक्षण गरी हरेक क्रियाकलापमा उनीहरूको सहभागिता सुनिश्चित गर्दै भौतिक तथा

मानसिक डर, त्रास वा दवावरहित वातावरणमा सिक्न पाउने अवस्थाको सुनिश्चितता गर्न विद्यालय तथा स्थानीय तहलाई सहजिकरण गरिनेछ ।

**रणनीति ११.३ राष्ट्रिय मापदण्डका आधारमा प्रदेशका स्थान विशेषका आवश्यकता समेत समेटिएको विद्यालय सेवाक्षेत्रसम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गरी सबै प्रकारका विद्यालयहरूलाई सेवाक्षेत्र (School Zone) को अवधारणा अनुरूप पुनर्व्यवस्थित गर्न स्थानीय तहसँग सहकार्य गर्ने। (१०.२)**

११.३.१ विद्यालय सेवा (School Zone) क्षेत्र निर्धारणका आधार, निर्धारित मापदण्ड र मानकअनुसार विद्यालय सेवाक्षेत्रको अवधारणा क्रमशः कार्यान्वयनमा ल्याउन स्थानीय तहलाई सहजीकरण एवम् क्षमता विकास गर्ने व्यवस्था मिलाइने छ ।

११.३.२ भौगोलिक विकटता एवम् नक्साङ्कनका आधारमा नयाँ विद्यालय खोल्नुपर्ने अवस्थामा साधन र स्रोतको सुनिश्चित गरेर मात्र विद्यालय खोल्ने; विद्यालयहरूको समायोजन गर्ने र समायोजन गर्दा आधा घण्टासम्म पनि हिँडेर विद्यालय पुग्न नसक्ने अवस्था भएका बालबालिकाहरूलाई आवासिय सुविधा उपलब्ध गराउन स्थानीय तहलाई उत्प्रेरित गरिने छ ।

११.३.३ विद्यालय एकीकरण तथा समायोजन गर्दा बालबालिकालाई घरबाट विद्यालय पैदल जान आउन सम्भव नहुने अवस्थामा आवासीय सुविधा वा सडक सञ्जाल छ भने लागत साझेदारीका आधारमा यातायात सुविधा उपलब्ध गराइ वालवालिकाको शिक्षण सिकाई सुनिश्चित गर्ने व्यवस्था मिलाउन स्थानीय तहलाई सहयोग गरिने छ ।

११.३.४ स्थानीय तहसँगको समन्वयमा विद्यालय उमेरका सबै बालबालिकाहरूलाई सेवाक्षेत्र तोकिएको विद्यालयमा नै अध्ययन गर्ने व्यवस्था मिलाउन स्थानीय तहलाई प्रेरित गरिने छ ।

११.३.५ हरेक विद्यालयले आफ्नो सेवा क्षेत्रका बालबालिकालाई भर्ना गरी टिकाउन विद्यार्थीको रुची र अभिभावकको अपेक्षाअनुसारको गुणस्तर सुनिश्चित गर्नुपर्ने छ।

**रणनीति ११.४ विद्यालय शिक्षाका लागि आवश्यक शैक्षिक एवम् भौतिक पूर्वाधारको व्यवस्था गरी शिक्षण सिकाइ प्रक्रियालाई उत्पादनसँग जोडी जीवनोपयोगी बनाउने । (१०.३)**

११.४.१ विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधार पूरा गर्न स्थानीय तहसँग सहयोग र समन्वय गरिनुका साथै त्यस्ता नयाँ पूर्वाधारहरू निर्माण तथा थप गर्दा प्रदेश सरकारले उपलब्ध गराएको आधारभूत डिजाइन र मापदण्ड पालना गर्नुपर्ने छ ।

११.४.२ बालबालिकालाई अध्ययनको निरन्तरताका लागि स्थानीय तह र अभिभावकसँगको सहकार्यमा आधारभूत तहसम्मका विद्यार्थीहरूलाई दिवा खाजाको व्यवस्था गर्न सहयोग गरिने छ ।

११.४.३ सुरक्षित कक्षाकोठा, बालमैत्री शैक्षणिक वातावरण, विद्यार्थी बिच सुमधुर सम्बन्ध विकास एवम् सम्मानपूर्ण व्यवहारबाट बालकेन्द्रित शिक्षण सिकाइलाई व्यावहारिक र जीवनोपयोगी बनाउन शिक्षक र व्यवस्थापकहरूको क्षमता विकास गरिने छ ।

११.४.४ विद्यालय तहका विद्यार्थीलाई समाजसँग परिचित हुने अवसर प्रदान गर्न न्यूनतम २ हप्ताको परियोजना कार्यलाई अनिवार्य गर्न र उक्त कार्यलाई मूल्याकनसँग जोड्ने व्यवस्था मिलाउन स्थानीय तह र विद्यालयलाई सहजीकरण गरिने छ।

११.४.५ गुणस्तरीय निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सूचना प्रविधि, प्रयोगशालाहरू तथा कार्यशाला एवम पुस्तकालय जस्ता शिक्षण सिकाइका आवश्यक पूर्वाधार व्यवस्थापनका लागि स्थानीय तहसँग सहकार्य गरिने छ ।

११.४.६ विज्ञान, संगीत, खेलकुद, योगा, भाषा, साँस्कृतिक कार्यक्रम, सूचना तथा सञ्चार प्रविधिलगायत विभिन्न विधाका विशिष्टीकृत र नवीन विषयहरूलाई माध्यमिक शिक्षामा एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक सहयोग तथा समन्वय गरिने छ ।

**रणनीति ११.५ प्रदेशको भाषिक र साँस्कृतिक विविधता, बालबालिकाको रुचि र आवश्यकता अनुसार मातृभाषा, नेपाली र अङ्ग्रेजी भाषालाई शिक्षणको माध्यम भाषाको रूपमा अपनाई बहुभाषिक शिक्षण व्यवस्थापनबाट शिक्षण सिकाइमा प्रभावकारिता ल्याउने । (१०.४)**

११.५.१ आधारभूत तहमा आवश्यकता अनुसार बहुभाषिक शिक्षा व्यवस्थापनका लागि शिक्षकहरूको क्षमता विकास गर्नका लागि स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोगको व्यवस्था मिलाइने छ ।

११.५.२ स्थानीय सरोकारवाला तथा विज्ञहरू परिचालन गरी मातृभाषाका पाठ्यसामग्री, शिक्षण सामग्री तथा अन्य सन्दर्भ सामग्रीहरूको (विद्युतीय सामग्रीहरू समेत) विकास, छपाइ, वितरण साथै त्यसको अनुगमन तथा मूल्याङ्कन गरिने छ ।

११.५.३ गणित, अङ्ग्रेजी भाषा, नैतिक तथा सामाजिक, व्यावसायिक तथा स्वावलम्बनका अन्य विषयहरूमा पनि स्थानीयकरण गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार ल्याउन सम्बन्धित स्थानीय तह तथा विद्यालयहरूलाई सक्षम बनाइने छ ।

११.५.४ स्थानीय तह तथा निजी क्षेत्रसँग समेत सहकार्य गरी प्रदेशभित्रका मातृभाषामा सञ्चार सामग्री, श्रव्य दृश्य सामग्री वा शैक्षिक सामग्री विकास गरी शिक्षण सिकाइमा प्रयोग गर्न प्रोत्साहित गरिने छ ।

११.५.५ माध्यमिक तहका कक्षाहरूमा पठनपाठनको भाषाको प्रयोग सम्बन्धमा आवश्यकता अनुसार विज्ञान, गणित, कम्प्युटर जस्ता विषयहरू अङ्ग्रेजी माध्यम र नैतिक शिक्षा, सामाजिक अध्ययन, स्वास्थ्य शारीरिक जस्ता विषयलाई नेपाली भाषामा अध्यापन गर्ने व्यवस्था गरी सबै प्रकारका विद्यालयहरूमा शिक्षणको माध्यममा एकरूपता ल्याउन अभिप्रेरित गरिने छ ।

११.५.६ स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न स्थानीय तहलाई सहजीकरण गरिने छ ।

**रणनीति ११.६ पाठ्यक्रम निर्माण, पाठ्यसामग्री विकास, शिक्षण सिकाइ प्रक्रिया र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणालीमा सुधार गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने। (१०.४)**

११.६.१ विद्यालय तहको ऐच्छिक विषयको पाठ्यक्रम विकास, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, उत्पादन र वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

११.६.२ विद्यालय तहका थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री छनौट तथा प्रयोग सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ ।

११.६.३ स्थानीय र मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माणका लागि स्थानीय तहको क्षमता विकास गर्नुका साथै स्थानीय र मातृभाषाका पाठ्यक्रमको नमूना पाठ्यक्रम विकास गरी स्थानीय तहमा वितरण गरिने छ ।

११.६.४ शिक्षण सिकाइ र विद्यार्थीको आन्तरिक मूल्याङ्कन प्रणाली सुधारका लागि सूचक, मापदण्ड एवम् सामग्रीको विकास गरी कार्यान्वयनका लागि स्थानीय तहलाई सहजीकरण गरिने छ ।

११.६.५ माध्यमिक शिक्षा (कक्षा १०) को परीक्षाको सञ्चालन, व्यवस्थापन एवम् प्रमाणीकरण गर्न संस्थागत प्रबन्ध र प्रणाली स्थापित गर्न प्रदेशको शिक्षा हेर्ने मन्त्रालयको मातहतमा रहने गरी प्रदेश परीक्षा व्यवस्थापन कार्यालयको स्थापना गरिने छ ।

११.६.६ आवधिक रूपमा सबै प्रकृतिका (सामुदायिक तथा संस्थागत) विद्यालयको सिकाइ स्तर परीक्षण गर्ने र देखिएका समस्या समाधानका उपायहरू पहिचान गरी कार्यान्वयन गर्ने प्रणाली विकास गरिने छ ।

११.६.७ स्थानीय तहद्वारा आधारभूत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षा र विद्यालय तहका विभिन्न कक्षामा गरिने आन्तरिक मूल्याङ्कन तथा सिकाइ उपलब्धि मापन सम्बन्धी विषयलाई व्यवस्थित र प्रभावकारी बनाउन मापदण्डहरू समेत निर्माण गरी कार्यान्वयनका लागि क्षमता विकास कार्यक्रममा सहजीकरण गरिने छ ।

११.६.८ प्रदेश तहको विद्यार्थी उपलब्धि परीक्षाहरू (Achievement test ) सञ्चालन गरी प्राप्त तथ्य र सूचनाका आधारमा शिक्षा प्रणालीको विश्लेषण एवम् गुणस्तर सुधारका लागि नतिजाको उपयोग गरिने छ ।

११.६.९ परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउन निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवस्थित गर्न क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

### (ग) समावेशी र विशेष शिक्षा

### रणनीति ११.७ विभिन्न अपाङ्गता भएका ब्यक्तिहरूको सिकाइ आवश्यकता सम्बोधन हुने गरी समावेशी एवं विशेष शिक्षाका अवसर उपलब्ध गराउने ।(१०.५)

११.७.१ विभिन्न प्रकारका अपाङ्गता एवम् विशेष आवश्यकता भएका बालबालिकाका लागि आवासीय सुविधा लगायतका सुविधा सहित पढ्न पाउने अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।

११.७.२ अपाङ्गताको अवस्था हेरी अन्य बालबालिकाहरूसँगै सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्न अपाङ्गमैत्री भौतिक पूर्वाधार, अन्य सहायता सामग्रीसहितको तथा सिकाइ वातावरणको प्रबन्धका लागि स्थानीय तहसँग समन्वय, सहजीकरण तथा आवश्यक सहयोग गरिने छ ।

११.७.३ अपाङ्गता भएका बालबालिकालाई अपाङ्गताको प्रकृतिअनुसार शिक्षण विधि, शिक्षण सामग्री (साङ्केतिक भाषा, ब्रेल लिपि लगायत) एवम् मूल्याङ्कन प्रणाली अवलम्बन गरी विशेष कक्षा तथा सुधारात्मक कक्षाको समेत व्यवस्था मिलाई सोअनुरूप पठनपाठन गराउन शिक्षकको क्षमता विकास गरिने छ ।

११.७.४ विशेष कक्षा सञ्चालन गर्ने शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि आवश्यकताका आधारमा प्रदेश अन्तर्गतका विश्वविद्यालयसँग सहकार्य गरिने छ।

११.७.५ अपाङ्गता भएका बालबालिकाहरूको शिक्षण सिकाइ सँगसँगै उनीहरूको रुचि, योग्यता र क्षमता पहिचान गरी आवश्यक व्यावसायिक सिप प्रदान गरिने व्यवस्था मिलाइने छ ।

११.७.६ विभिन्न प्रकारका अपाङ्गता भएका सुविधाविहीन बालवालिकाहरूका लागि पहुँच सुनिश्चित हुने गरी प्रदेशस्तरमा बहु अपाङ्गता आवासिय विद्यालय स्थापना गरिने छ ।

११.७.७ बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि पहुँच सुनिश्चित हुने गरी आवासीय सुविधासहितको विद्यालय स्थापना गर्न सङ्घीय सरकारसँग सहकार्य गरिने छ।

**रणनीति ११.८ शिक्षाका सबै प्रकार र तहमा विभिन्न कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गर्न सकारात्मक विभेदका उपायहरू अवलम्बन गर्ने । (१०.५)**

११.८.१ विद्यालयको सेवा क्षेत्रभित्रका दलित, जनजाति, यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख समुदायहरूको शिक्षामा सहभागिता बृद्धि गराउन स्थानीय तहलाई उत्प्रेरित गरिने छ ।

११.८.२ महिला र पछाडी परेका समुदायको शिक्षण पेशामा सहभागिता वृद्धि गर्न शिक्षक प्रवेश कार्यक्रमका लागि लक्षित गरी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

११.८.३ विभिन्न कारणले पछि परेका, विशेष प्रतिभावान् र विशिष्टीकृत विषयमा आवश्यक जनशक्ति उत्पादनका लागि स्थानीय तहको सहकार्यमा पूर्ण वा आंशिक छात्रवृत्ति, सहुलियतपूर्ण ऋणको व्यवस्था गरी शिक्षाको पहुँचको सुनिश्चितता गरिने छ ।

११.८.४ विद्यालयभित्र हुने छुवाछुत लगायत सबै प्रकारका भेदभावलाई पूर्ण रूपमा उन्मूलन गरी समान व्यवहार र सिकाइका समान अवसर प्रदान गर्न विद्यालयलाई पूर्ण जिम्मेवार बनाउन सहयोग गरिने छ ।

**(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**

**रणनीति ११.९ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालन गर्न प्रदेशका सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरू उपलब्ध गराउने ।(१०.६)**

११.९.१ तोकिएको मापदण्ड र आवश्यकता पहिचानका आधारमा स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको स्थापना तथा स्तरोन्नतिमा जोड दिइने छ ।

११.९.२ विद्यार्थीहरूको रुचि, समाजको आवश्यकताको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको अवसर प्रदान गरिने छ ।

११.९.३ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास कार्यक्रमहरूमा आर्थिक रूपमा विपन्न महिला, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका समुदाय, दलित, जनजाति र अपाङ्गता भएकाहरूलाई स्थानीय तहको तथ्याङ्क (Data Base) का आधारमा आवासीय सुविधा, छात्रवृत्ति, सहुलियत ऋण लगायतका सुविधाहरू प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

११.९.४ श्रम बजारको अध्ययन तथा अनुसन्धान गरी बजारको माग अनुसार नयाँ सिप, प्रविधि विकास गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

**रणनीति ११.१० प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता विकास जस्ता कार्यमार्फत् गुणस्तरीय प्राविधिक जनशक्ति उत्पादनमा जोड दिने । (१०.६)**

११.१०.१ दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न एक उच्चस्तरीय निकायको रूपमा स्थापना गरिएको गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानसँग प्रदेशभित्र सञ्चालनमा रहेका प्रादेशिक संस्था एवम् प्राविधिक शिक्षालय र सिप विकास केन्द्रलाई आवश्यक कानूनी व्यवस्था सहित संस्थागत रूपमा समायोजन गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

११.१०.२ श्रम बजार सूचना प्रणालीको स्थापना गरी प्राविधिक शिक्षालय वा विद्यालयमा स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तर मापदण्ड पूरा गर्न सकिने विधाका प्राविधिक तथा व्यावसायिक शिक्षा (डिप्लोमा तहसम्म) का कार्यक्रमहरू सञ्चालन गरिने छ ।

११.१०.३ राष्ट्रिय पाठ्यक्रम प्रारूपको परिधिभित्र रही सिटिइभिटिको टिएसएलसिको पाठ्यक्रम र प्राविधिक धार कक्षा ९-१० को पाठ्यक्रम, सिटिइभिटिको डिप्लोमा र प्राबिधिक धार कक्षा ११-१२ को पाठ्यक्रम परिमार्जन गरी ओजेटि तथा एप्रेन्टिसिसिप सहित एकै स्टान्डर्डको बनाउन आवश्यक व्यवस्था मिलाइने छ।

११.१०.४ सबै प्रकारका प्राविधिक शिक्षाका विद्यार्थीलाई सम्बन्धित विषयको सीपमा दक्ष बनाउनका लागि विषय हेरि कम्तिमा छ महिनाको कार्यगत तालिम तथा एप्रेन्टिसिशिप तालिम अनिवार्य गरिनेछ। यस्ता कार्यका लागि उद्योग, कलकारखाना, कार्यशाला आदि संस्थाहरूसँग सहकार्य गरिने छ ।

११.१०.५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र सिप विकाससम्बन्धी कार्यक्रमहरूको आवश्यकता पहिचान, योजना निर्माण, व्यवस्थापन, अनुगमन तथा निरीक्षणका लागि स्थानीय तहसँग सहकार्य गरिने छ ।

११.१०.६ प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनका लागि विश्वविद्यालयहरूसँग सहकार्य गरिने छ ।

११.१०.७ प्राविधिक धारका माध्यमिक विद्यालयमा भौतिक पूर्वाधारको सर्वेक्षण गरी सुदृढीकरण गर्न स्थानीय तहलाई सहयोग तथा सहजीकरण गरिने छ ।

११.१०.८ स्थानीय तहको आवश्यकता अनुसार विद्यमान सामुदायिक विद्यालयलाई प्राविधिक धारमा रुपान्तरण गर्न स्थानीय तहलाई सहजीकरण गरिने छ।

११.१०.९ साधारण धारबाट प्राविधिक धार र प्राविधिक धारबाट साधारण धारमा जान र कुनै पनि धारको उच्च शिक्षामा प्रवेश गर्न पूर्व सर्त कोर्स (Pre- requisite Course) पास गरी वा उच्च शिक्षाको भर्नाको प्रवेश परीक्षा पास गरी धार परिवर्तनका साथै उच्च शिक्षा प्रवेश गर्न पाउने गरी आवश्यक कानूनी व्यवस्था मिलाइनेछ । यसै गरी क्रेडिट आवर (Credit Hour) गणनाको व्यवस्था पनि कानूनमा समेटिने छ ।

**रणनीति ११.११ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी सम्बन्धित संस्था र स्थानीय तहहरूलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने । (१०.६)**

११.११.१ गण्डकी प्राविधिक तथा व्यावसायिक तालिम प्रतिष्ठानमार्फत प्राविधिक प्रशिक्षक प्रशिक्षण प्रतिष्ठान (TITI), विद्यालय, प्राविधिक शिक्षालय र विश्वविद्यालय तथा उद्योगहरूसँग सहकार्य गरी प्रशिक्षक तयारी गरिने छ।

११.११.२ प्राविधिक प्रशिक्षक तयारीको लागि सम्बन्धित विषयमा कम्तिमा स्नातक गरेको र सहायक प्रशिक्षकको लागि सम्बन्धित प्राविधिक/व्यावसायिक धारमा कक्षा १२ (डिप्लोमा) पास वा सो सरह उत्तीर्ण गरी शिक्षण अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याईने छ । यसका लागि शिक्षण अनुमति पत्र प्राप्तिको लागि सम्बन्धित विषयमा सिप तालिम (Skill Training) र शिक्षण प्रविधि (Pedagogy) को तालिम अनिवार्य गरी त्यसको लागि तालिम दिने व्यवस्था समेत गरिने छ ।

११.११.३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई प्रदेशको विशिष्टता भएका क्षेत्रमा केन्द्रित गरिने छ । प्रतिष्ठानले समय सान्दर्भिक पाठ्यक्रम, सिकाइ सामग्री, दक्ष प्रशिक्षक, प्रविधियुक्त शिक्षण र मूल्याङ्कनका आधार तयार पार्ने व्यवस्था मिलाउने छ ।

११.११.४ प्राविधिक शिक्षाका गतिविधिलाई प्रयोगात्मक, व्यावहारिक र समयानुकूल बनाउन शैक्षिक संस्थाले उद्योग, व्यापार, संघ, संस्था लगायतका कार्यस्थल र समुदायसँग पाठ्यक्रम निर्माण, तालिम सञ्चालन र साझेदारीमा सहकार्य गरिने छ ।

११.११.५ राष्ट्रिय योग्यता प्रारुप अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका बीच पारगम्यता (Permeability) र समकक्षता (Equivalency) मिलाई यस्ता शैक्षिक कार्यक्रममा क्रेडिट ट्रान्सफर तथा क्रेडिट बैङ्कको व्यवस्था गरी लागु गरिने छ ।

११.११.६ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्था, प्राविधिक धारका विद्यालयहरूको अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण गर्न, त्यस्ता संस्थामा आइपरेका समस्यालाई तत्तत् स्थानमा नै समाधान गर्न तथा विज्ञता सहितको प्राविधिक सहयोग उपलब्ध गराउन प्रदेशमा विषय विज्ञहरूको रोष्टर तयार गरी आवश्यकता अनुसार परिचालन गरिने छ ।

**(घ) उच्च शिक्षा**

**रणनीति ११.१२ उच्च शिक्षाको पहुँच सहज र सुलभ एवम् अनुसन्धानमूलक बनाउन र उच्च शिक्षाको सम्बन्धन, समन्वय, गुणस्तर सुनिश्चितता, पारगम्यता (Permeability) र समकक्षता (Equivalency) सहित मापदण्ड निर्धारण, अनुगमन तथा नियमन लगायतका कार्यका लागि संस्थागत विकास तथा सुदृढीकरण गर्ने । (१०.७)**

११.१२.१ उच्च शिक्षाको नीति निर्देशन गर्ने, विश्वविद्यालयहरूलाई मार्गदर्शन गर्ने लगायतका कार्य गर्नका निम्ति मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा परिषद् गठन गरिने छ ।

११.१२.२ प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा परिषद्मा प्रदेश सरकारका मानव संसाधन विकाससँग प्रत्यक्ष सम्बन्ध राख्ने मन्त्रालयहरू, प्रदेश नीति तथा योजना आयोग, विश्वविद्यालयका कुलपति, उपकुलपतिहरू, प्रदेश तथा स्थानीय तहका प्रतिनिधिहरू, शिक्षाविद्हरू, उद्योगी, व्यवसायी, व्यापारीहरू, चन्दादाता तथा समाजसेवीहरू रहने व्यवस्था मिलाइने छ ।

११.१२.३ गण्डकी प्रदेशभित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालयहरू र विभिन्न विश्वविद्यालयबाट सम्बन्धन लिई यस प्रदेशभित्र सञ्चालनमा रहेका सामुदायिक, आङ्गिक तथा निजी उच्च शिक्षा प्रदायक संस्थाहरूलाई प्रदेश विश्वविद्यालयको मातहतमा सञ्चालन हुन अभिप्रेरित गरिने छ ।

११.१२.४ गण्डकी प्रदेश भित्र सञ्चालनमा रहेका विश्वविद्यालयहरूलाई प्रदेश अन्तर्गत सञ्चालन हुन उत्प्रेरित गरी विश्वविद्यालयहरूको सुदृढीकरण गर्दै लैजाने व्यवस्था मिलाइने छ ।

११.१२.५ प्रदेशभित्र सञ्चालनमा रहेका भौतिक, मानवीय तथा वित्तीय स्रोत र साधन समेतले सम्पन्न क्याम्पसहरूलाई स्तरवृद्धि गरी प्रदेशको आवश्यकता अनुसार मानित (Deemed) विश्वविद्यालयको रूपमा सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइने छ ।

११.१२.६ विद्यार्थी सङ्ख्या, सञ्चालन गरेको विषय, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमा, छात्रवृत्ति, आर्थिक कारोवारमा पारदर्शिता र भौतिक पूर्वाधार, सेवा पुऱ्याएको क्षेत्र र समुदाय, समाजमा पुऱ्याएको योगदान लगायतका मापदण्डको आधारमा सामुदायिक क्याम्पसहरूको वर्गीकरण गरी आर्थिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराइने छ ।

११.१२.७ प्रदेशभित्र सञ्चालन भइरहेका विश्वविद्यालयलाई नयाँ सम्बन्धन दिई संस्था वृद्धि गर्नुको साटो भइरहेका संस्थाहरूको गुणस्तर वृद्धि गर्न र उत्कृष्टताको केन्द्र (Centre of excellency) को रूपमा विकसित गर्दै लैजान अभिप्रेरित गरिने छ ।

११.१२.८ उच्च शिक्षाको पहुँच विस्तारका लागि प्रदेशभित्र सञ्चालन भएका विश्वविद्यालयअन्तर्गतका शैक्षिक संस्थाहरूमा खुला शैक्षिक कार्यक्रम, सूचना तथा सञ्चार प्रविधिमा आधारित कार्यक्रम, दुरशिक्षा पद्धति कार्यक्रम, काम र व्यवसायबाट सिकेका ज्ञानलाई प्रमाणीकरण गर्ने तथा समकक्षता निर्धारण गर्ने कार्यक्रम सञ्चालन गराउन सहजीकरण गरिने छ ।

११.१२.९ प्रदेशमा उपलव्ध श्रोत साधनको उच्चतम हदमा उपयोग गर्न विश्ववद्यालयहरूले सञ्चालन गर्ने उच्च शिक्षा सम्वन्धी कार्यक्रम, अध्ययनका विषयहरू बिचमा पुनरावृत्ति (Duplication) हुन नदिने प्रबन्ध गरिने छ ।

**रणनीति ११.१३ प्रदेश विशिष्टतामा केन्द्रित रही स्थापना भएको गण्डकी विश्वविद्यालयलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने उत्कृष्ट शैक्षिक केन्द्रको रूपमा विकास गर्ने । (१०.७)**

११.१३.१ प्रदेशअन्तर्गत स्थापित गण्डकी विश्वविद्यालयलाई आवश्यक स्रोतको खोजी गरी समयानुकूल आधुनिक विज्ञान प्रविधि, अन्य विश्वविद्यालयहरूमा सञ्चालन नभएका नविनतम र विकास सम्बन्धी विषयहरू सञ्चालन गर्न, नवप्रवर्तन र अनुसन्धानमा

आधारित सुदृढ संस्थाको रूपमा विकास गर्दै विश्वस्तरीय विश्वविद्यालय (World Class University) को रूपमा लैजान सहयोग तथा सहकार्य गरिने छ ।

११.१३.२ प्रदेश विश्वविद्यालय मातहत रहने गरी चिकित्सा शिक्षा, नर्सिङ शिक्षा, आयुर्वेद शिक्षा, इन्जिनियरिङ शिक्षा लगायत विशिष्टीकृत उच्च प्राविधिक शिक्षाको क्षेत्रमा स्वशासित प्रतिष्ठान वा निकायहरू स्थापना गरी विशिष्टीकृत उच्च प्राविधिक शिक्षाका विषय क्षेत्रको विकास गरिने छ ।

११.१३.३ मानविकी, समाजशास्त्र एवं मानवशास्त्रको विद्यार्थीहरूको लागि गण्डकी प्रदेश भित्र रहेका विविध भाषाभाषी, जात जाति, धर्म तथा संस्कृति, रीतिरिवाज एवं रहनसहन जस्ता विषयहरूको उत्कृष्ट अध्ययनको क्षेत्र बनाइनेछ ।

११.१३.४ मेडिकल, नर्सिङ, आयुर्वेद, इन्जिनियरिङ, ऊर्जा, जडीबुटी प्रशोधन, कृषि, नगदे वाली, फूल तथा फलफूल, खाद्य प्रविधि, पशुपंक्षीपालन लगायतका प्राविधिक विषयहरूको समेत अध्ययनको व्यवस्था गरी सो सम्बन्धी अनुसन्धानमा विद्यार्थीहरूलाई आकर्षित गर्न विश्वविद्यालयसँग सहकार्य गरिने छ ।

**रणनीति ११.१४ उच्च शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने। (१०.७)**

११.१४.१ उच्च शिक्षालाई उत्पादनका प्रमुख क्षेत्रहरूमा केन्द्रित गर्न स्थानीय/रैथाने ज्ञान (Indigenous Knowledge) लाई विश्व ज्ञानसँग जोड्दै प्रदेश र राष्ट्रिय आवश्यकता सम्बोधन हुने गरी उच्च शिक्षाको पाठ्यक्रम तर्जुमा एवम् परिमार्जन गर्न सहयोग पुऱ्याइने छ ।

११.१४.२ शिक्षालाई सामाजिक दायित्व निर्वाहमा जिम्मेवार बनाउन, ज्ञान, सिप, अभिवृत्ति एवम् कौशल विकास गराउन व्यवहार कुशल सिप समावेश भएको सक्षमतामा आधारित उच्च शिक्षाको पाठ्यक्रम विकास गरिने छ।

११.१४.३ काम र अध्ययनको सम्बन्धलाई परियोजनामा आधारित शिक्षण सिकाइको माध्यमबाट सुदृढ गर्न उद्योग, व्यवसाय सार्वजनिक र निजी क्षेत्र बिचको सहकार्य र साझेदारी बढाई विद्यार्थीहरूलाई काम गर्दै अध्ययन गर्न पाउने अवसर सिर्जना गरिने छ ।

**रणनीति ११.१५ उच्च शिक्षालाई अनुसन्धानमा आधारित बनाउने । (१०.७)**

११.१५.१ उच्च शिक्षामा अनुसन्धानलाई प्रोत्साहन गर्ने, अनुसन्धानका प्राथमिकताहरू पहिचान गर्ने, शैक्षिक अनुसन्धानमा संलग्न व्यक्ति तथा संस्थाहरूका बिचमा समन्वय कायम गर्ने, अनुसन्धानशालाहरू स्थापना गर्ने, शिक्षक र विद्यार्थीलाई अनुसन्धानमा उत्प्रेरित गर्ने, अनुसन्धानको गुणस्तर सुनिश्चित गर्न आवश्यक उपायहरू अबलम्बन गरिने छ ।

११.१५.२ अनुसन्धान तथा नवप्रवर्तनलाई उच्च शिक्षाको अभिन्न अङ्गको रूपमा विकास गर्नका लागि विदेशी विश्वविद्यालयसँगको प्राज्ञिक र वित्तीय सहकार्य र सिकाइ आदानप्रदानका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

११.१५.३ उद्यमी, व्यवसायी, कलकारखानाको आवश्यकता अनुसारका अध्ययन अनुसन्धानका लागि विश्वविद्यालय र उद्यमी व्यवसायीको बिच सहकार्य गर्न उत्प्रेरित गरिने छ ।

११.१५.४ अनुसन्धानका नतिजाहरूलाई सरकारको नीति निर्माण एवं शैक्षिक अभ्यासको सुधारमा अधिकतम रूपमा प्रयोगमा ल्याउने वातावरण सिर्जना गर्न प्रदेश भित्रका विश्वविद्यालयहरूसँग सहकार्य, सहयोग र सबलीकरण गरिने छ ।

११.१५.५ अनुसन्धानका निचोडहरूलाई एकिकृत गर्न, विश्व ज्ञानसँग परिचित हुन र अध्ययन अनुसन्धानकर्तालाई थप उत्प्रेरणा जगाउनका लागि विश्वविद्यालय र शैक्षिक संस्थाहरूले अनुसन्धानमुखी जर्नलहरू प्रकाशन गर्ने वातावरण मिलाउँदै विश्वका उत्कृष्ट अनुसन्धानमूलक जर्नलहरूको अध्ययनमा इच्छुक पाठकहरूको लागि डिजिटल पहुँचको व्यवस्था मिलाईने छ ।

**रणनीति ११.१६ हिमाली तथा उच्च पहाडी विशिष्टता सम्बन्धी अध्ययनको व्यवस्था गर्ने। (१०.७)**

११.१६.१ प्रदेशका हिमाली जिल्ला मुस्ताङ र मनाङमा हिमाली र पहाडी भूभागको प्राकृतिक एवं भौगोलिक विविधताअनुरूप प्राणी, वनस्पति, ताल तलैया तथा वातावरण सम्बन्धी अध्ययन अनुसन्धानका लागि हिमाली अध्ययन केन्द्रको स्थापना गरिने छ ।

११.१६.२ हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि Mountain Engineering, Mountain Risk Management, Mountaineering, Climbing, High Altitude Training, High Altitude Sports, Mountain Tourism and Mountain Economy आदि विषयमा अध्ययन तथा तालिम प्रदान गरिने छ । यस्ता विषयहरूमा अध्ययन अनुसन्धान गर्न विदेशी विद्यार्थीहरूलाई समेत आकर्षित गरिने छ ।

**रणनीति ११.१७ व्यावहारिक अनुभव हासिल गर्न स्वयंसेवकीय सामाजिक सेवाका रूपमा "गण्डकी विकास सेवा" सञ्चालनलाई उच्च शिक्षाको अभिन्न अङ्ग बनाउने। (१०.७)**

११.१७.१ प्राविधिक विषयमा स्नातक र साधारण विषयहरूमा स्नातकोत्तर तहमा छ महिना (एक सेमेष्टर) सम्म अवधिको प्रदेश विकास सेवा गर्नुपर्ने व्यवस्थाका लागि विश्वविद्यालयसँग सहकार्य र सहयोग गरिने छ । छोटो अवधिको शैक्षिक सत्रको लागि गर्नुपर्ने सेवा अवधिमा विश्वविद्यालयले मिलान गर्न सक्ने छ।

११.१७.२ "गण्डकी विकास सेवा" अन्तर्गत समुदायको सेवा तथा प्रदेश विकासका लागि जाने विद्यार्थीहरूलाई कामअनुसारको निर्वाह खर्च उपलब्ध गराउन विश्वविद्यालयसँग सहकार्य गरिनेछ ।

११.१७.३ "गण्डकी विकास सेवा" अन्तर्गत विश्वविद्यालय वा कलेजले कुनै एउटा समुदाय वा भौगोलिक क्षेत्रलाई विशेष प्राथमिकतामा राखी कलेज भिलेजको रूपमा विकास गर्ने, नक्साङ्कनको आधारमा छुट्याइएको सेवाक्षेत्रमा हरेक कलेज वा विश्वविद्यालयले सेवा गाउँ बनाउने र त्यही क्षेत्रमा नमूना विकास गर्नुपर्ने व्यवस्था गर्ने गरी विश्वविद्यालयसँग सहकार्य गरिने छ ।

११.१७.४ विश्वविद्यालयहरूलाई स्वयम् उत्पादनमुखी संस्थाका रूपमा विकास गर्दै त्यस्ता संस्थाहरूमा उद्यमशीलताका कार्यक्रमहरू सञ्चालन गरी रोजगारीका अवसर सिर्जना गर्न पथप्रदर्शन गरिने छ ।

**रणनीति ११.१८ प्रदेशका विभिन्न जाति तथा समुदाय लगायतका भाषा, संस्कृति साहित्य, मूल्य मान्यता र बहुसांस्कृतिक पक्ष तथा नेपाली समाजमा रहेको विविधताको अध्ययन तथा अनुसन्धानको व्यवस्था मिलाउने । (१०.७)**

११.१८.१ गण्डकी प्रदेशमा रहेका विभिन्न जातिहरु गुरूङ, मगर, दुरा, थारु, थाक, चुम्बा, बरायु लगायत समुदायको भाषा, साहित्य, संस्कृति, मौलिक दर्शन एवं परम्परा

आदि विषयको अध्ययन तथा अनुसन्धानका लागि प्रदेश प्रज्ञा प्रतिष्ठानलाई सुदृढीकरण गरिने छ ।

११.१८.२ गण्डकी प्रदेशका विशिष्टतामा आधारित परम्परागत मौलिक संस्कृति, चित्रकला, मूर्तिकला, काष्ठकला, प्रविधि, वाद्यवादन, गीत, सङ्गित तथा नृत्यलाई समेटेर अध्ययन अनुसन्धान गर्न स्वदेशी एवम् विदेशी विद्यार्थीहरूलाई आकर्षित गर्न प्रदेश प्रज्ञा प्रतिष्ठानलाई जिम्मेवार बनाइने छ ।

**(ङ) अनौपचारिक, जीवनपर्यन्त, परम्परागत र खुला शिक्षा**

**रणनीति ११.१९ अनौपचारिक र जीवनपर्यन्त शिक्षाको माध्यमबाट सवै नागरिकलाई सामान्य पुस्तक पढन, व्यावहारिक जीवनमा आइपर्ने हिसाब गर्न तथा व्यवसायमा सामान्य प्रविधिको प्रयोग गर्न सक्ने गरी सक्षम बनाउने । (१०.८)**

११.१९.१ स्थानीय तहसँगको सहकार्यमा प्रदेशभित्रका निरक्षरहरूको तथ्याङ्क यकिन गरी आवश्यक भएको स्थानमा साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सहयोग गरिने छ ।

११.१९.२ स्थानीय तह, सामुदायिक सिकाइ केन्द्र, विद्यालय र शिक्षा क्षेत्रमा कार्य गरिरहेका समुदायमा आधारित सामाजिक तथा गैरसरकारी संस्थाहरू मार्फत साक्षरता, बहुसाक्षरता (आधारभूत साक्षरता, प्रविधि साक्षरता, वित्तीय साक्षरता, व्यावसायिक साक्षरता) शिक्षालाई व्यापक पारी साक्षर प्रदेश बनाइने छ ।

११.१९.३ स्थानीय तहसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्रलाई सुदृढीकरण गरी सिकाइ केन्द्र मार्फत आयमूलक कार्यक्रम र निरन्तर शिक्षालाई प्रवर्द्धन गरिनेछ।

**रणनीति ११.२० खुला शिक्षालाई औपचारिक शिक्षाको पूरक प्रणालीको रूपमा विकास गर्ने। (१०.८)**

११.२०.१ नवसाक्षर र औपचारिक शिक्षाको मौकाबाट बञ्चित औपचारिक शैक्षिक संस्थामा उपस्थित भै शिक्षा लिन नसक्ने तर शिक्षालाई निरन्तरता दिन चाहने नागरिकलाई खुला तथा दूर शिक्षाका अवसरहरू श्रृजना गर्न स्थानीय तह र विश्वविद्यालयहरूलाई सहयोग गरिने छ ।

११.२०.२ खुला शिक्षाको अवसर बढाउनका निम्ति प्राध्यापक, शिक्षक तथा विज्ञ र विद्यार्थीहरू समेतको सहयोग लिई मुद्रित, मल्टिमिडिया र अनलाइनमा आधारित सिकाइ सामग्री विकास गरिने छ ।

**रणनीति ११.२१ परम्परागत शिक्षालाई औपचारिक शिक्षाको समकक्षी बनाउने । (१०.८)**

११.२१.१ परम्परागत/धार्मिक प्रकृतिका (गुम्बा, गुरुकुल, मदरसा आदि) र मातृभाषाको अध्यापन गराउने शैक्षिक संस्थाहरूले दिइरहेको शिक्षाको स्तर सङ्घिय मापदण्डका आधारमा निर्धारण गरी समकक्ष मान्यता दिने व्यवस्था मिलाइने छ।

११.२१.२ परम्परागत/धार्मिक प्रकृतिका र मातृभाषाको अध्यापन गराउने संस्थाहरूको क्षमता विकास, अनुगमन र नियमन गर्न स्थानीय तह र विश्वविद्यालयसँग समन्वय र सहजीकरण गरिने छ ।

**(च) पुस्तकालय तथा सङ्ग्रहालय**

**रणनीति ११.२२ पठन संस्कृतिको विकासका लागि प्रदेश तथा स्थानीय तहमा पुस्तकालय र सामुदायिक सूचना केन्द्रको स्थापना र विकास गर्ने । (१०.९)**

११.२२.१ पुस्तकालयको मापदण्ड तयार गरी पुस्तकालय नभएका स्थानीय तहमा सामुदायिक सूचना केन्द्रसहितको एक स्थानीय तह एक पुस्तकालय स्थापना गर्न सहयोग गरिने छ ।

११.२२.२ प्रदेशअन्तर्गत एक सुविधा सम्पन्न प्रादेशिक पुस्तकालयको स्थापना गरी उक्त पुस्तकालय मार्फत् स्थानीय तहमा रहेका पुस्तकालयसँग समन्वय, सहकार्य, अन्तर पुस्तकालय सञ्जाल लगायतका माध्यमबाट तिनीहरूको क्षमता विकास गर्ने व्यवस्था मिलाइने छ ।

११.२२.३ एक विद्यालय एक पुस्तकालयको अवधारणा पूरा गर्न स्थानीय तहसँग सहकार्य तथा समन्वय गरी विद्यालयमा ई–पुस्तकालय सहितको पुस्तकालयको स्थापना, सुदृढीकरण तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

**रणनीति ११.२३ प्रदेशस्तरीय सङ्ग्रहालयको सुदृढीकरण एवम् स्थान विशेषको महत्त्व र सम्भाव्यताका आधारमा थप सङ्ग्रहालयको स्थापना र सुदृढीकरण गर्ने। (१०.९)**

११.२३.१ स्थानीय जाति, भाषा, कला तथा संस्कृति एवम् पुरातात्विक महत्त्वका स्थान र वस्तुको जगेर्ना, संरक्षण एवम् प्रवर्द्धन गरी आन्तरिक र बाह्य पर्यटनलाई बढावा दिन स्थानीय तह र जाति विशेषको आवश्यकता अनुसार संङ्ग्रहालयको स्थापना, विस्तार एवम् विकास गरिने छ ।

११.२३.२ सङ्ग्राहलयहरूलाई विद्यार्थीको सिकाइको अभिन्न अङ्गको रूपमा उपयोगमा ल्याउन विद्यालय तथा उच्च शैक्षिक संस्थाहरूलाई अभिप्रेरित गरिने छ।

**(ज) शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन**

**रणनीति ११.२४ प्रदेशभित्र आवश्यक पर्ने मानव संशाधनको प्रक्षेपण गरी योजनाबद्ध रूपमा जनशक्ति उत्पादन गरी कार्यान्वयनमा ल्याउने । (१०.१०)**

११.२४.१ प्रदेशभित्र मानव संशाधनको आवश्यकताको पहिचान र आँकलन गर्न स्थानीय तह, व्यावसायिक क्षेत्र लगायत जनशक्ति विकास र खपत गर्ने विभिन्न पक्षहरूसँग सहकार्य गरिने छ ।

११.२४.२ मानव संशाधन प्रक्षेपण अनुसारको जनशक्ति उत्पादनका लागि विश्वविद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षालय, विभिन्न सङ्घ संस्था आदिलाई प्रोत्साहन एवम् परिचालन गरिने छ ।

११.२४.३ शैक्षिक संस्थाहरुबाट उत्पादित गुणस्तरीय जनशक्तिको उपयोगबाट समावेशी, लोककल्याणकारी, न्यायपूर्ण, सभ्य तथा मर्यादित समाज निर्माणका लागि जनमुखी सुशासन प्रवर्द्धन गरिने छ ।

**रणनीति ११.२५ शिक्षण पेशालाई आकर्षक बनाई शिक्षकको योग्यता र सक्षमता बढाउन शिक्षक पेशागत विकास (Teacher Professional Development) सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने । (१०.१०)**

११.२५.१ शिक्षकहरूको क्षमता विकासको लागि प्रविधिको प्रयोगद्वारा काम गर्दागर्दै कार्यस्थलमा नै सिक्ने मौकाहरू प्रदान गरिने छ ।

११.२५.२ शिक्षकका पेसागत सक्षमताका स्पष्ट र पारदर्शी सूचकका आधारमा मूल्याङ्कन गर्ने र उपलव्धीलाई वृत्ती विकास र सुविधासँग जोड्ने व्यवस्था गरी शिक्षकलाई पेसाप्रति अभिप्रेरित गरिने छ ।

११.२५.३ निरन्तर रूपमा शिक्षकको पेसागत सक्षमता अभिवृद्धि गर्नका लागि विद्यमान शिक्षा तालिम केन्द्रलाई प्रदेश शैक्षिक जनशक्ति विकास केन्द्रको रूपमा विकास गरिने छ । साथै विगतमा सञ्चालन भइरहेका शिक्षा तालिम केन्द्रको भौतिक सुविधालाई सुदृढीकरण गरी प्रयोगमा ल्याइने छ।

११.२५.४ विद्यालय तहमा विज्ञान, गणित र प्राविधिक विषय जस्ता जनशक्ति अभाव हुने विषयहरू (Scarcity of Human Resources) शिक्षण गर्ने शिक्षकका लागि थप सुविधाको व्यवस्था गर्ने र त्यस्ता विषयमा शिक्षण सिकाइको कमी हुन नदिन न्यूनतम शैक्षिक योग्यता हासिल गरेका जनशक्तिलाई तालिम नभए पनि तोकिएको आधारमा सहज रूपमा शिक्षण अनुमति पत्र उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

**रणनीति ११.२६ सरोकारवालाको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व सुनिश्चित गर्नका लागि सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्ने । (१०.११)**

११.२६.१ बालबालिकाको शिक्षा प्रतिको दायित्व एवम् जिम्मेवारी बहन गर्न तथा विद्यालय र समुदायका बिच जीवन्त सम्बन्ध निर्माण गर्न विद्यालय ब्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्न र अभिभावक शिक्षामार्फत् सचेतना विकासका लागि स्थानीय तहसँग सहकार्य गरिने छ ।

११.२६.२ विद्यालयको योजना तर्जुमा, स्रोत व्यवस्थापन, अनुगमन, सुपरिवेक्षण, आधारभूत तहको परीक्षा व्यवस्थापन र स्थानीय पाठ्यक्रम निर्माण लगायत निरन्तर संवाद र अन्तरक्रियाका माध्यमबाट शैक्षिक क्रियाकलापहरूमा समुदायलाई सहभागी गराउन स्थानीय तह र विद्यालयलाई सहजीकरण गरिने छ ।

११.२६.३ सरकारी एवम् गैरसरकारी सङ्घसंस्था (कृषि, वन, स्वास्थ्य, खेलकुद, सामुदायिक सङ्घसंस्था/ क्लब) हरूले विद्यालय पाठ्यक्रमसँग सम्बन्धित विभिन्न क्रियाकलापहरू सञ्चालन गरी विद्यालयलाई सहयोग पुऱ्याउँदै सामाजिक

दायित्व पूरा गर्न स्थानीय तह र सङ्घसंस्था बिचको सहकार्यका लागि उत्प्रेरित गरिने छ ।

११.२६.४ शैक्षिक संस्थाहरूको आर्थिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन, सामाजिक परीक्षण (Social Audit) को प्रभावकारी कार्यान्वयनका लागि शैक्षिक संस्था र स्थानीय तहलाई सशक्त बनाइनेछ। साथै शैक्षिक व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुमा बालबालिकाको प्रतिनिधित्त्व सुनिश्चित गरी बालमैत्री सुशासनको प्रत्याभूत गर्न विद्यालय तथा स्थानीय तहसँग सहकार्य गरिने छ ।

**रणनीति ११.२७ शैक्षिक संस्थाको नेतृत्वको भूमिका सबलीकरण गर्न नेतृत्व विकासका कार्यक्रमहरू सञ्चालन गर्ने । (१०.११)**

११.२७.१ आवश्यक मापदण्ड र कार्यविधि तयार गरी विद्यालय नेतृत्व परीक्षणका आधारमा नेतृत्व छनोट गर्ने नीति अवलम्बन गर्न स्थानीय तहलाई सहजीकरण गरिने छ।

११.२७.२ प्रधानाध्यापक तथा शैक्षिक संस्थाका प्रमुख र व्यवस्थापकहरूका लागि क्षमता अभिवृद्धि र नेतृत्व विकासका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

११.२७.३ शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन नतिजाका आधारमा मूल्याङ्कन गर्ने र कार्यबोझ तथा कार्यसम्पादनका आधारमा प्रोत्साहन तथा दण्डित गर्ने व्यवस्था गरिने छ ।

**रणनीति ११.२८ शैक्षिक प्रणालीभित्रका सम्पूर्ण मानव संसाधनलाई आफ्नो पेसा र जिम्मेवारीप्रति उत्तरदायी बनाउन नतिजामा आधारित पेसागत आचार संहिता बनाई लागु गर्ने । (१०.११)**

११.२८.१ शैक्षिक प्रणालीभित्रका सम्पूर्ण मानव संसाधनलाई दलीय आवद्धतारहित प्राज्ञिक जनशक्तिको रूपमा विकास गर्ने गरी पेसागत आचारसंहिता तयार गरी लागु गर्न स्थानीय तह एवम् शैक्षिक संस्थासँग सहकार्य गरिने छ ।

११.२८.२ मापदण्ड र सूचकका विकास गरी सो का आधारमा विज्ञहरू समेत रहेको अनुगमन संयन्त्रद्वारा पेसागत आचार संहिता पालना भए नभएको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ ।

११.२८.३ कार्य सम्पादनका सूचक तथा मापदण्ड निर्माण गरी प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्य सम्पादनलाई उच्च पार्न; मूल्याङ्कन प्रक्रियालाई पारदर्शी तथा नतिजामुखी बनाउन स्थानीय तह र प्रधानाध्यापक, प्रधानाध्यापक र शिक्षक एवम् कर्मचारी बिच कार्यसम्पादन सम्झौता गरी नतिजाको आधारमा पुरस्कृत तथा उत्प्रेरित गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति ११.२९ शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण, ट्युसन र कोचिङ कक्षा जस्ता कार्यक्रम सञ्चालन गर्ने शैक्षिक सेवा प्रदायक संस्थाहरूको नियमन गर्ने । (१०.१२)**

११.२९.१ गण्डकी प्रदेशको मापदण्डका आधारमा भाषा शिक्षण कक्षाहरूको अनुमति वा स्वीकृति सम्बन्धी कार्यविधि निर्माण गरी नियमन गरिने छ ।

११.२९.२ ट्युसन र कोचिङ कक्षा जस्ता शैक्षिक सेवा प्रदायक संस्थाहरूको अनुमति, स्वीकृति तथा सञ्चालन सम्बन्धी मापदण्ड निर्माण गरी नियमन गर्न स्थानीय तहलाई सहजीकरण गरिने छ ।

११.२९.३ शैक्षिक परामर्श सेवा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने संस्थाहरूले गण्डकी प्रदेश मापदण्ड पालना गरी सेवाग्राहीको विवरण सहितको वार्षिक प्रतिवेदन स्थानीय तह र प्रदेशमा पेश गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिने छ।

**रणनीति ११.३० विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई प्रभावकारी र उपलब्धिपूर्ण बनाउने । (१०.१२)**

११.३०.१ प्रदेश तहमा शिक्षा क्षेत्रको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनको लागि आवश्यक पर्ने संस्थागत संयन्त्र, प्रक्रिया, मापदण्ड र सूचक निर्धारण गरी जिम्मेवारी एवं जवाफदेहिता किटान गरिने छ ।

११.३०.२ स्थानीय तहले विषय विज्ञता तथा शिक्षण पद्धतिको विज्ञता हासिल गरेका स्थानीयस्तरमा उपलब्ध हुन सक्ने प्राध्यापक, शिक्षक, अवकाश प्राप्त शिक्षक र कर्मचारीहरू मध्येबाट विज्ञ समूह गठन र आवश्यक स्रोत साधनको समेत व्यवस्था गरी विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई प्रभावकारी र उपलब्धिपूर्ण बनाउन प्राविधिक सहायता उपलब्ध गराइने छ।

११.३०.३ सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन र अध्ययन अनुसन्धानका माध्यमबाट विद्यालयको समग्र लगानी, प्रक्रिया र उपलव्धीको मापन गर्ने प्रणाली विकास गरिने छ ।

११.३०.४ सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गर्ने परिपाटी शुरू गरिने छ ।

११.३०.५ निश्चित मापदण्डका आधारमा हरेक वर्ष भौतिक, शैक्षिक अवस्था, सिकाइ वातावरण, विद्यार्थीको सिकाइ उपलब्धि जस्ता पक्षहरूको मूल्याङ्कनका आधारमा विद्यालयहरूको स्तरीकरण गरी सुधारका कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहलाई सहजीकरण गरिनेछ ।

११.३०.६ प्रदेश तहमा विद्यालयको प्राविधिक धार सञ्चालन गर्ने विद्यालयहरू तथा प्राविधिक शिक्षालयको निरीक्षण अनुगमन र मूल्याङ्कन गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानद्वारा गर्ने व्यवस्था मिलाइने छ ।

**रणनीति ११.३१ गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि शिक्षा प्रणाली सबलीकरण अभियान सञ्चालन गर्ने । (१०.१३)**

११.३१.१ सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न अभिभावक शिक्षा, नागरिक संवाद, छलफल, अन्तर्क्रिया, सार्वजनिक सुनुवाइ जस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सामुदायिक विद्यालयलाई सबैको आकर्षणको केन्द्र बनाइने छ ।

११.३१.२ सार्वजनिक पद धारण गर्ने अभिभावकहरूलाई सार्वजनिक विद्यालय सबलीकरण अभियानमा सहभागी हुन र आफ्ना बालबालिकालाई सार्वजनिक विद्यालयमा पढाउने वातावरण सिर्जना गर्न अभिप्रेरित गरिने छ ।

११.३१.३ शिक्षा प्रणालीको सुधारका अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी प्रदेश र स्थानीय तहमा योजना निर्माण र कार्यान्वयन गर्ने प्रणाली सुदृढ पार्न क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११.३१.४ विश्वविद्यालयबाट विशिष्ट श्रेणीमा उतीर्ण वा विशिष्टता प्राप्त गरेका मेधावी व्यक्तिहरूलाई शिक्षण पेसामा भित्र्याउन सहज प्रक्रिया र थप प्रोत्साहनको व्यवस्था गरिने छ ।

११.३१.५ शिक्षण सिकाइमा आधारभूत नवीनतम सूचना प्रविधिको प्रयोग र बहुविषय शिक्षण क्षमता वृद्धि गर्ने अवसर प्रदान गरिने छ । यो सुविधा उपयोग गर्न नचाहने वा नसक्ने शिक्षकलाई सुविधासहित अवकास दिइ नयाँ नियुक्ति गर्दा सूचना प्रविधि सहित बहुविषय शिक्षण गर्न सक्ने योग्य र युवा शिक्षकलाई नियुक्ति गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।

११.३१.६ शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सङ्घिय मापदण्ड र प्रदेशले तयार गरेका आधारहरू बमोजिम कक्षागत एवम् विषयगत शिक्षकको उपलब्धता सुनिश्चित गराउन शिक्षक विद्यार्थी अनुपात पुनरावलोकन गरी शिक्षक दरबन्दी मिलान गर्ने कार्यमा स्थानीय तहलाई आवश्यक सहजीकरण गरिने छ ।

११.३१.७ भौतिक निर्माणका लागि संघीय मापदण्ड र भौगोलिक अवस्था अनुसार थप मापदण्डका आधारमा शिक्षण संस्थाको भौतिक पूर्वाधार सुधार गरी सुरक्षित र जोखिममुक्त बनाइने छ । यस कार्यमा स्थानीय तह र विद्यालयलाई सहयोग र सहजीकरण गरिने छ ।

११.३१.८ अभिभावक तथा विभिन्न सामुदायिक सङ्घसंस्थाको सहभागितामा शिक्षण संस्थाहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गमैत्री सिकाइ केन्द्रको रूपमा विकास गर्न पूर्वाधार निर्माणका साथै सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ।

११.३१.९ विद्यालय तथा शिक्षालय हातामा खानेपानी, शौचालय, खेलमैदान, बगैंचा, सरसफाइ किट, प्राथमिक उपचार बाकस अनिवार्य रूपमा रहने व्यवस्था गर्न स्थानीय तहको क्षमता विकास र सहकार्य गरिने छ ।

११.३१.१० शैक्षिक संस्थाको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालय तथा स्थानीय तहहरूलाई प्रोत्साहित गरिने छ ।

११.३१.११ शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा पूर्वतयारीको लागि विपद् व्यवस्थापन तालिम, मनोसामाजिक परामर्श

सेवा र शैक्षिक पुनर्लाभिको व्यवस्थापन गर्ने वातावरण मिलाउन स्थानीय तहलाई सहयोग र सहजीकरण गरिने छ ।

११.३१.१२ मानव क्रियाकलाप एवम् भूमण्डलीय उष्मीकरण (Global Warming) ले वातावरणमा पार्ने प्रभाव सम्बन्धी सचेतना विकास गरी यस्ता कार्यहरू रोक्न र त्यसबाट जोगिने उपाय अबलम्बन गर्ने सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न स्थानीय तहमार्फत् विद्यालय तथा समुदायलाई सुसूचित गरिने छ ।

**रणनीति ११.३२ संघीय मापदण्डको प्रतिकूल नहुने र प्रदेशका विशिष्टताको सम्वोधन हुनेगरी शिक्षा सम्बन्धी प्रदेश कानुन एवम् मापदण्ड निर्माण गर्ने । (१०.१३)**

११.३२.१ संवैधानिक प्रावधान कार्यान्वयनमा ल्याउन शिक्षा सम्बन्धी प्रदेश कानुन तर्जुमा गरिने छ साथै स्थानीय तहलाई शिक्षा सम्बन्धी कानुन तर्जुमाका लागि क्षमता विकास एवम् सहजीकरण गरिने छ ।

११.३२.२ विद्यार्थी सङ्ख्या, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमा, छात्रवृत्ति, कर पालना, आर्थिक कारोवारमा पारदर्शिता, सामाजिक उत्तरदायित्त्व र भौतिक पूर्वाधार लगायतका मापदण्डको आधारमा निजी लगानीका शिक्षण संस्थाहरूको वर्गीकरण एवम् नियमनका मापदण्ड तयार गरी सहयोग तथा नियमन गर्न स्थानीय तहलाई सहयोग गरिने छ ।

११.३२.३ शिक्षक तालिम, पाठ्यक्रम तथा पाठ्यपुस्तक, शैक्षिक सामग्री विकास र प्रयोग, विषय शिक्षक क्षमता विकास जस्ता गुणस्तर र सान्दर्भिकता वृद्धि गर्ने कार्यक्रम सञ्चालनका लागि निजी लगानीका शिक्षण संस्थाहरूलाई कर छुट र विभिन्न सहुलियत प्रदान गरी प्रोत्साहन गर्ने कार्यका लागि स्थानीय तहलाई सहजीकरण गरिने छ ।

११.३२.४ निजी लगानीमा सञ्चालन भएका शैक्षिक संस्थाहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा समायोजन हुन; सार्वजनिक, सामुदायिक, सार्वजनिक गुठी एवम् सहकारीको रूपमा क्रमशः रूपान्तरणका लागि प्रोत्साहन गर्ने व्यवस्थाका लागि स्थानीय तहसँग सहकार्य गरिने छ ।

**झ) शैक्षिक लगानी**

**रणनीति ११.३३ शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्न प्रदेश सरकारले क्रमशः लगानी वृद्धि गर्दै जाने । (१०.१४)**

११.३३.१ शिक्षामा प्रदेश सरकारको सम्पुर्ण बजेटको न्यूनतम २० प्रतिशत बजेट विनियोजन गर्नुका साथै त्यसलाई गुणस्तर सुधार र अनुसन्धानमा आधारित भएर लगानी गर्ने परिपाटी विकास गरिनेछ । साथै स्थानीय तहबाट लगानी वृद्धि गर्न उत्प्रेरित गर्दै अन्य दाताहरूबाट पनि स्रोत सङ्कलन गर्न प्रोत्साहित गरिनेछ।

११.३३.२ समग्र आर्थिक तथा सामाजिक विकास एवम् प्रदेशका प्राथमिकताका क्षेत्रहरूलाई सम्बोधन गर्ने र उत्पादकत्व वृद्धिका लागि आवश्यक पर्ने गुणस्तरीय जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षामा लगानी बढाइनेछ ।

**रणनीति ११.३४ उच्च शिक्षा प्रदायक संस्थाहरूको स्तरीकरण र प्रमाणीकरणको आधारमा थप अनुदान तथा अन्य सुविधा प्रदान गर्ने । (१०.१४)**

११.३४.१ विश्वविद्यालय अनुदान आयोगसँग सहकार्य गरी गुणस्तर सुनिश्चितता र प्रत्यायन प्रमाणपत्र लिन तोकिएको मापदण्ड पूरा गरेका प्रदेशभित्रका उच्च शिक्षा प्रदायक संस्थाहरूलाई उच्च शिक्षा सञ्चालनको अनुमति, आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराइने छ । यस्ता संस्थाहरूलाई क्रमशः स्रोत साधनमा आत्मनिर्भर हुन अभिप्रेरित गरिने छ।

११.३४.२ उच्च शिक्षा प्रदायक संस्थाहरूलाई उपलब्ध हुने एकमुष्ट अनुदानको मात्राका आधारमा सम्बन्धित संस्थाले आफ्नो वार्षिक बजेट निर्माण गर्दा लागत साझेदारी (Cost Sharing) का सिद्धान्तमा आधारित भई विद्यार्थी शुल्क लगायत अन्य स्रोतबाट व्यवस्था गर्दै खर्च प्रणालीमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता जस्ता मान्यता अवलम्बन गर्न अभिप्रेरित गरिने छ ।

११.३४.३ प्रत्येक पाँच वर्षमा उच्च शिक्षा प्रदायक सवै शिक्षण संस्था तथा निकायहरूको गुणस्तर परीक्षण गर्ने व्यवस्था गरिनेछ ।

**रणनीति ११.३५ शिक्षा विकासका निम्ति "प्रदेश शिक्षा कोष" खडा गरिने छ र स्थानीय तहमा सम्बन्धित सरकारले नै परिचालन गर्ने गरी स्थानीय शिक्षा कोष**

**खडा गरी स्थानीय र प्रदेशका आवश्यकतालाई सम्बोधन हुने गरी स्रोत परिचालन गर्ने । (१०.१४)**

११.३५.१ प्रदेशस्तरमा शिक्षा हेर्ने मन्त्रालयको मन्त्रीको अध्यक्षतामा शिक्षा विकास कोष खडा गरिनेछ । उक्त कोषमा अन्तरसरकारी वित्तीय हस्तान्तरणमार्फत् प्राप्त हुने स्रोत, सम्बन्धित सरकारी स्रोत, विभिन्न सङ्घसंस्था र दाताहरूबाट प्राप्त सहयोगलाई एकीकृत गरिनेछ ।

११.३५.२ स्थानीय तहमा स्थानीय शिक्षा कोष खडा गरी स्थानीय आवश्यकतालाई सम्बोधन हुने गरी स्रोत परिचालन गर्ने कार्यविधि विकास गरी कार्यान्वयनमा ल्याउन स्थानीय तहसँग समन्वय र सहजीकरण गरिनेछ ।

११.३५.३ शिक्षा विकासका लागि सहयोग जुटाउन र उद्यमी, व्यवसायीको आवश्यकतालाई सहयोग पुग्ने जनशक्ति विकासका लागि लगानी गर्न उद्योग व्यवसायीसँग सहकार्य गरिनेछ ।

**रणनीति ११.३६ प्रदेशमा प्राविधिक शिक्षाको प्रभावकारिता अभिवृद्धि गर्न दिगो लगानीको एकीकृत र क्षेत्रगत लगानी ढाँचा तयार गरी कार्यान्वयनमा ल्याउने । (१०.१४)**

११.३६.१ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका लागि प्रदेश सरकार, सहकारी, निजी क्षेत्र र समुदायको सहकार्य र साझेदारीमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान अन्तर्गत सिप विकास कोष स्थापना गरिने छ ।

११.३६.२ औद्योगिक सिप विकासमा आधारित पाठ्यक्रम निर्माण, कार्यस्थलको सिकाइ, कार्यगत तालिम, एप्रेन्टिसिसिप तालिम सञ्चालनमा उद्योगी तथा व्यवसायीहरूको सक्रिय सहभागिता सुनिश्चित गरिने छ ।

११.३६.३ सरकारी, सहकारी र निजी क्षेत्रबिच सहकार्य र साझेदारीमा सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै तत् तत् क्षेत्रबाट कोषमा निश्चित योगदान गर्नुपर्ने कानुनी व्यवस्था मिलाइने छ ।

**ञ) विज्ञान तथा प्रविधि**

**रणनीति ११.३७ आधारभूत तथा वैज्ञानिक अनुसन्धानका निम्ति प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानलाई सबलीकरण गर्ने ।(१०.१५)**

११.३७.१ विज्ञान तथा प्रविधि प्रतिष्ठानलाई अनुसन्धान र अन्वेषणका निम्ति प्रादेशिक विश्वविद्यालयहरू र औद्योगिक प्रतिष्ठानहरू बिच सहकार्य गर्न प्रोत्साहित गरिने छ ।

११.३७.२ विज्ञान तथा प्रविधि प्रतिष्ठान अन्तर्गत एक अनुसन्धानशाला स्थापना गरी सो मार्फत विज्ञान प्रविधि र उत्पादनका क्षेत्रमा अध्ययन अनुसन्धान र सामग्री विकास गर्न आवश्यक सहयोग गरिने छ ।

११.३७.३ उच्च पर्वतीय पारिस्थितिक प्रणाली, जलश्रोतजस्ता नेपालको विशेषता रहेका विषयमा अन्तर्राष्ट्रियस्तरको उत्कृष्ट अनुसन्धान केन्द्रहरू स्थापना तथा विकास गरी त्यस्ता विषयलाई प्रदेश एवम् राष्ट्रको पहिचान क्षेत्र बनाइने छ ।

११.३७.४ शैक्षिक गतिविधिहरूलाई अनुसन्धानसँग आबद्ध गर्दै विद्यालय तहदेखि नै विद्यार्थी र शिक्षकहरूमा अनुसन्धान संस्कारको विकास गर्न शैक्षिक संस्थाहरूलाई प्रोत्साहित गरिने छ ।

**रणनीति ११.३८ प्रदेशमा विज्ञान प्रविधि र व्यवसाय अध्ययनको अवसर विस्तार गर्न सो सम्बन्धी शिक्षण संस्थाहरूको विस्तार एवं सबलीकरण गर्ने । (१०.१५)**

११.३८.१ नागरिकहरूमा वैज्ञानिक चेतना विस्तारका लागि प्रदेश तहमा विज्ञान प्रविधि प्रतिष्ठानलाई सबलीकरण गरिने छ ।

११.३८.२ विज्ञान र प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी विशिष्टकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग गरिनुका साथै योगदानका आधारमा वैज्ञानिक प्रतिभाहरूलाई कदर एवं पुरस्कृत गर्ने र थप अनुसन्धान गर्ने व्यवस्था मिलाइने छ ।

११.३८.३ वैज्ञानिक प्रतिभा प्रवर्द्धन गर्न नियमित रूपमा स्थानीय तह हुँदै प्रदेश तहसम्म विज्ञान प्रदर्शनी लगायतका सृजनात्मक प्रतियोगिताहरूको आयोजना गरिनेछ ।

**रणनीति ११.३९ सामुदायिक माध्यमिक विद्यालयमा विज्ञान तथा प्रविधि शिक्षाको विस्तार गर्ने । (१०.१५)**

११.३९.१ विज्ञान तथा प्रविधि शिक्षाको विस्तारका लागि हरेक सामुदायिक माध्यमिक विद्यालयको सम्भाव्यता अध्ययन गरिने छ ।

११.३९.२ सम्भाव्यता अध्ययनका आधारमा हरेक स्थानीय तहका कम्तिमा एक सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय पढाउने व्यवस्थाका लागि स्थानीय तहसँग सहकार्य गरिने छ ।

११.३९.३ सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा विज्ञान प्रयोगशालाका लागि आवश्यक विज्ञान प्रविधि सम्बन्धी र भौतिक पूर्वाधार विकास तथा उपकरणको व्यवस्थापन गरिनेछ ।

११.३९.४ विज्ञान तथा प्रविधिको जनशक्ति उत्पादनका लागि विश्वविद्यालयहरूसँग सहकार्य गरिनेछ ।

**रणनीति ११.४० विज्ञान, प्रविधि, इञ्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM Education) लाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रूपमा विकास तथा विस्तार गर्ने । (१०.१५)**

११.४०.१ पाठ्यक्रम र पाठ्यसामग्रीमा STEAM Education जस्ता विषयलाई उचित स्थान दिई यस क्षेत्रमा लगानी वृद्धि गरी जनशक्ति विकास, पाठ्यक्रम परिमार्जन, समायोजन र शिक्षण पद्धतिको विकास गर्दै आधुनिकीकरण गरिने छ ।

११.४०.२ STEAM Education शिक्षणमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षकको क्षमता विकास गरिने छ ।

११.४०.३ STEAM Education को प्रवर्द्धनका लागि समुदाय, सङ्घसंस्था, उद्योग र आमसञ्चारका साधनहरूसँग शिक्षण संस्थाहरूले सहकार्य गरी असल अभ्यासहरूलाई प्रचारप्रसार र विज्ञान प्रविधिसम्बन्धी साक्षरताका कार्यक्रमहरू सञ्चालन गर्न अभिप्रेरित गरिने छ ।

११.४०.४ प्रारम्भिक तहदेखि नै STEAM Education सँग सम्बन्धित विषयहरूमा बालबालिकाहरूको रूचि, सहभागिता, संलग्नता, र क्षमता विकास गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।

११.४०.५ STEAM Education सम्बन्धी शिक्षाको प्रवर्द्धन गर्नका लागि प्रदेश स्तरमा विज्ञान प्रविधि प्रतिष्ठानमार्फत् सङ्ग्रहालय, कार्यशाला, अनुसन्धान तथा आविष्कार केन्द्र र प्लानिटोरियमको व्यवस्था गरिने छ ।

११.४०.६ STEAM Education को विकास र विस्तारका लागि अन्तर्राष्ट्रिय विश्वविद्यालयहरू, समान कार्यमा संलग्न विश्वविद्यालयहरू तथा विकास साझेदारहरू बिचको सहकार्यलाई प्रोत्साहन गरिने छ ।

**ट) सूचना, सञ्चार तथा प्रविधि**

**रणनीति ११.४१ शिक्षण सिकाइ प्रक्रिया र शैक्षिक व्यवस्थापनलाई सूचना तथा प्रविधिमैत्री बनाउनका साथै आम सञ्चार माध्यमलाई शिक्षा प्रणालीको बैकल्पिक माध्यमको रूपमा विकास गर्ने । (१०.१६)**

११.४१.१ विद्यालय तथा शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गरी सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अङ्ग बनाइनेछ ।

११.४१.२ इ–लाइब्रेरी, भर्चुअल ल्याब, भर्चुअल कक्षाकोठा, अनलाइन परीक्षा, इ–पोर्टफोलियो, आइसिटी सहितको पाठयोजना, विषयगत शिक्षण साधन, पोडकास्ट, वेभ सेमिनार, एडुकास्ट, मेकरस्पेस, जस्ता शिक्षण सिकाइमा आधारित एप्सहरूको विकासका साथै एफ एम रेडियो, पत्रपत्रिका, टेलिभिजन तथा सामाजिक सञ्जाल समेतलाई प्रयोगमा ल्याइने छ ।

११.४१.३ प्रभावकारी शिक्षण, प्राध्यापन, प्रशिक्षण, अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण पद्धतिको विकास गर्न प्रदेशस्तरमा (भर्चुअल शिक्षक, प्राध्यापक, प्रशिक्षक, अनुगमनकर्ता, निरीक्षक तथा सुपरीवेक्षकको विकास गर्ने) डिजिटल प्रविधि विकास गरिने छ ।

११.४१.४ शिक्षाको प्रारम्भिक तहदेखि नै सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रूपमा प्रयोग गर्न सबै शिक्षक तथा प्राध्यापकलाई प्रविधि प्रयोगमा सक्षम तुल्याइने छ ।

११.४१.५ प्रदेश अन्तरगतका शैक्षिक सेवाप्रदायक निकाय, विद्यालय, विश्वविद्यालय र स्वायत्त संस्थाहरूमा अफिस अटोमेशन गर्नुका साथै अनलाइन सेवाप्रवाह प्रणाली कार्यान्वयन गरी सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाइने छ ।

११.४१.६ कोभिड-१९, भूकम्प, बाढी र पहिरो जस्ता आकस्मिक विपत्तीका अवस्थामा पनि बालवालिकाको सिक्ने अवसर र अधिकार अकुण्ठित बनाई राख्न संघीय सरकार, स्थानीय सरकार र सञ्चार माध्यम, दूर सञ्चार, विद्युत, बैंक तथा वित्तीय संस्था आदि सहयोगी संस्था र अभिभावकहरु समेतको सहकार्यमा आर्थिक रूपमा विपन्न परिवारका बालवालिकाहरुको सूचना तथा सञ्चार प्रविधिमा पहुँच पुऱ्याउन सो सम्बन्धी आवश्यक उपकरणहरू क्रमशः निःशुल्क उपलव्ध गराउने व्यवस्था मिलाइने छ ।

**रणनीति ११.४२ उपयुक्त प्रविधिको प्रयोग गरी शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) व्यवस्थित गरिनेछ । (१०.१६)**

११.४२.१ शैक्षिक सूचना व्यवस्थापन प्रणालीको सुदृढीकरण गरी तथ्याङ्क व्यवस्थापन गर्न स्थानीय तह र विद्यालयलाई सक्षम र जिम्मेवार बनाउन सहयोग गरिने छ ।

११.४२.२ विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, उच्च शिक्षालगायत सबै तह र किसिमका शैक्षिक सूचना सङ्कलन र व्यवस्थापन प्रणालीलाई संस्थागत रूपमा सुदृढीकरण गरी अनलाइनमा आधारित बनाई सङ्घ, प्रदेश र स्थानीय तहबिच दोहोरो सञ्चारको वातावरण निर्माण गरिने छ।

११.४२.३ शैक्षिक क्षेत्रको संश्लेषित तथा वर्गिकृत (Analytic and Disagregated) तथ्यांक तथा सूचनालाई नीति तथा योजना तर्जुमा र अनुसन्धान तथा विकासका लागि प्रयोगमा ल्याइने छ ।

**ठ) नागरिक उत्तरदायित्व**

**रणनीति ११.४३ सामाजिक मूल्य र मान्यता प्रति सचेत नागरिक उत्पादन गर्न बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउने । (१०.१७)**

११.४३.१ विद्यार्थीको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन तथा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न खेलकुद, साहित्यिक, लोक साँस्कृतिक, साङ्गीतिक, प्रतिभा पहिचान, शैक्षिक

महोत्सव र प्रोत्साहन लगायतका सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाउन स्थानीय तह र सम्बद्ध शैक्षिक संस्थासँग सहकार्य गरिने छ।

११.४३.२ विद्यालय तहदेखि नै विद्यार्थीलाई कर्तव्य र जिम्मेवारीको बोध गराई सामाजिकीकरण गर्न पूर्वीय दर्शन, नैतिक शिक्षा तथा सामाजिक अध्ययनलाई पाठ्यक्रममा अनिवार्य समावेश गर्ने व्यवस्था मिलाइने छ।

११.४३.३ गुणस्तरीय शिक्षाको माध्यमबाट सकारात्मक सोच, समालोचनात्मक चिन्तन र सामाजिक मूल्य मान्यताप्रति सचेत र जीवनोपयोगी सिपयुक्त विद्यार्थी उत्पादन गर्न अभिभावक तथा विद्यालयलाई अभिप्रेरित गर्ने कार्यमा सहयोग पुऱ्याउन स्थानीय तहसँग सहकार्य गरिने छ ।

११.४३.४ खेलकुद, कला र सङ्गीत क्षेत्रको विकासको सम्भावना रहेका विद्यालयहरूलाई सबलीकरण गरी खेलकुद, कला र सङ्गीत विशेष विद्यालयको विकास गरिनेछ।

११.४३.५ आफ्नो परम्परागत चाडपर्व, धर्म संस्कृति, संस्कार, रीतिरिवाज एवम् मूल्य मान्यताको संरक्षण तथा विभिन्न जातजाति, बहुभाषिक, बहुसाँस्कृतिक विविधताको सम्मान गर्दै आपसी एकता, सद्भाव र शान्ति संस्कृतिको विकास गर्न अभिप्रेरित गरिने छ ।

**संस्थागत व्यवस्था**

गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका लागि मौजुदा शैक्षिक संरचनाहरू प्रदेशमा शिक्षा हेर्ने मन्त्रालय, विश्वविद्यालयहरू, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान, शिक्षा विकास निर्देशनालय, तालिम केन्द्रहरूको महत्त्वपूर्ण भूमिका रहने छ । नीति कार्यान्वयनका लागि सङ्घीय सरकार मातहतका शैक्षिक निकायहरूसँगको समन्वय र सहकार्यमा जोड दिइनेछ । यस नीति कार्यान्वयनमा स्थानीय तहसँग समन्वय र सहकार्यका साथै आवश्यक सहजीकरण एवम् प्राविधिक सहायता उपलब्ध गराइने छ । विद्यमान शिक्षा तालिम केन्द्रलाई प्रदेश शैक्षिक जनशक्ति विकास केन्द्रको रुपमा विकास गरी यसको सबलीकरण गर्नुका साथै विगतमा सञ्चालनमा रहेका तालिम केन्द्रहरुलाई क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न प्रयोगमा ल्याइने छ । पाठ्यक्रम निर्माण र परिमार्जन, कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (SEE) व्यवस्थापन तथा शिक्षा विकासका अन्य गतिविधि समेतका कार्य गर्न सक्ने गरी शिक्षा विकास निर्देशनालयलाई सबलीकरण गरी प्रदेशमा शिक्षा हेर्ने मन्त्रालयको मातहतमा रहेका सामाजिक विकास कार्यालयहरुलाई शिक्षा विकास

निर्देशनालय अन्तर्गत ल्याइने छ । प्रदेश भित्रका विद्यालयहरुमा योग्य शिक्षक नियुक्ति गर्न र शिक्षण अनुमतिपत्रको व्यवस्था गर्नका लागि मन्त्रालयबाट आवश्यक व्यवस्था गरिने छ । स्थानीय तहसँग समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्न सङ्घीय सरकारको मातहतमा सबै जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेश सरकारको मातहतमा रहेका सामाजिक विकास कार्यालयलाई एकीकृत गरी सङ्घ तथा प्रदेश सरकारको कार्य गर्ने गरी कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउने व्यवस्थाका लागि सङ्घीय सरकारसँग समन्वय गरिने छ ।

**आर्थिक पक्ष**

गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयन गर्न आवश्यक वित्तीय व्यवस्थापनका लागि सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिने छ । प्रदेशको आफ्नै वित्तीय स्रोतको योजनाबद्ध परिचालन गर्नुका अतिरिक्त स्थानीय तहसँग साझेदारी गर्ने नीति अवलम्बन गरिने छ । यसै गरी निजी र सहकारी क्षेत्रको परिचालन गरी शैक्षिक कार्यक्रम कार्यान्वयनमा सार्वजनिक निजी साझेदारीको नीतिलाई प्रोत्साहित गरिने छ । शिक्षामा समुदायको योगदानलाई प्रोत्साहन गर्दै शिक्षा विकासका लागि व्यक्ति, समुदाय, सङ्घसंस्था र अभिभावकहरूबाट स्वेच्छिक रूपमा लगानी गर्ने वातावरण सिर्जना गरिने छ । प्रदेशमा शैक्षिक विकासमा वैदेशिक सम्बन्धको विस्तार र बैदेशिक सहायता आकर्षण गरी परिचालन गर्न समेत प्रयास गरिने छ ।

**कानुनी व्यवस्था**

गण्डकी प्रदेश शिक्षा नीति, २०७८ को प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका ऐन, नियम, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छः-

(क) नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम संङ्घीय कानून, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा गण्डकी प्रदेश शिक्षा नीति, २०७८ को परिधि भित्र रही शिक्षा सम्बन्धी प्रदेश कानुन तर्जुमा गरी लागु गरिने छ।

(ख) विद्यार्थीका लागि छात्रवृत्ति व्यवस्थापन, सहुलियत ऋण, वैदेशिक शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा लगायतका विषयमा आवश्यक कानूनी व्यवस्था मिलाइने छ।

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको सञ्चालन, व्यवस्थापन एवं नियमनका लागि गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ अनुसार नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

(घ) उच्च शिक्षाको सञ्चालन, व्यवस्थापन र नियमनका लागि विश्वविद्यालय ऐनले गरेको व्यवस्थालाई कार्यान्वयन गर्नुका साथै सङ्घीय कानूनले व्यवस्था गरे बमोजिमका कार्यलाई अगाडि बढाइने छ।

(ङ) स्थानीय तहको क्षेत्राधिकार भित्र रहेका विषयको सञ्चालन, व्यवस्थापन र नियमनका लागि उक्त तहबाट कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सहयोग र सहजीकरण गरिनेछ।

(च) गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका र कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ।

**अनुगमन तथा मूल्याङ्कन**

गण्डकी प्रदेश शिक्षा नीति, २०७८ को कार्यान्वयनका लागि प्राथमिकता तोकी नीति स्वीकृत भएको छ महिना भित्र शिक्षा हेर्ने मन्त्रालयले नीति कार्यान्वयन योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने छ । यस नीतिको कार्यान्वयनमा सहजीकरण, अनुगमन, मूल्याङ्कन तथा आवधिक समीक्षा गरी प्रभावकारिता ल्याउन प्रदेशमा शिक्षा हेर्ने मन्त्रीको अध्यक्षतामा उच्च स्तरीय संयन्त्र निर्माण गरिने छ । कार्यान्वयनको समग्र स्थितिको मूल्याङ्कन वार्षिक तथा आवधिक रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने छ । त्यसैगरी प्रदेशको शिक्षा हेर्ने मन्त्रालय, शिक्षा विकास निर्देशनालय र अन्य निकायहरूले आ-आफ्नो जिम्मेवारी भित्र रही नियमित अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने छन् । यी निकायका अतिरिक्त प्रदेश नीति तथा योजना आयोग र स्थानीय तहले आफ्नो क्षेत्र भित्रको नीति कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्ने छन् । विश्वविद्यालयहरू, गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान लगायत प्रदेश मातहतका शैक्षिक निकायहरूले आफ्नो क्षेत्राधिकार भित्रका कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने छन् । नीतिको अनुगमन तथा मूल्याङ्कनका लागि मापदण्ड एवम् सूचकहरूको विकास गरी ती सूचकहरूको आधारमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ । नीति कार्यान्वयनका लागि आवश्यक सूचक तथा सामग्रीहरूको विकास गरी सोको आवधिक रूपमा समीक्षा गरिने छ । नीति कार्यान्वयनको क्रममा आएका समस्याको पहिचान, अध्ययन, अनुसन्धान गर्ने र प्राप्त सुझावहरूलाई शैक्षिक सुधारका निम्ति कार्यान्वयनमा ल्याइने छ । प्रथम पञ्चवर्षीय आवधिक योजनाको अन्त्यमा तेस्रो पक्ष समेतको सहभागितामा मध्यावधि मूल्याङ्कन र दश वर्षपछि पूर्णावधि मूल्याङ्कन गरिने छ ।

**जोखिम तथा जोखिम न्यूनीकरण**

प्रदेश शिक्षा नीति कार्यान्वयनको क्रममा देखिने जोखिमको समयमै आँकलनगरी निरूपणका उपायहरू अवलम्बन गरिने छ। कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरू र तिनीहरूको न्यूनीकरणका उपायहरू देहाय बमोजिम हुनसक्ने आँकलन गरिएको छ ।

**अ) जोखिमहरू**

(क) तीन तहका सरकारबीच गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयन गर्ने क्रममा समन्वय र सहकार्यमा आधारित कार्यप्रणाली अवलम्बन गर्नु चुनौतीपूर्ण रहने देखिन्छ।

(ख) स्वशासित निकायका पदाधिकारीहरू, विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरू र शैक्षिक सरोकारवालाहरूको पूर्ण सहयोग प्राप्त गर्न कठिनाइ हुन सक्नेछ।

(ग) गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका लागि प्रदेश सरकारसँग रहेका जनशक्ति र संरचनाहरू अपर्याप्त हुन सक्ने देखिन्छ।

(घ) प्रदेश सरकारले शिक्षा क्षेत्रको सुधारका लागि आफ्नो स्रोतबाट पर्याप्त बजेट विनियोजन गर्ने अवस्था नभई अन्य क्षेत्रलाई प्राथमिकता दिएमा योनीति कार्यान्वयनमा बाधा उत्पन्न हुन सक्नेछ।

(ङ) निजी क्षेत्रलाई कानून बमोजिम परिचालन गर्ने व्यवस्था मिलाई सार्वजनिक निजी साझेदारीको नीतिका आधारमा निजी क्षेत्रबाट शिक्षामा गरिने लगानी र प्रदान गरिने सेवा आकर्षक बनाउन नसकिएमा जोखिम रहन सक्ने छ।

(च) प्रदेश शिक्षा नीति कार्यान्वयनका लागि आवश्यक दक्ष जनशक्ति व्यवस्थापनका लागि प्रदेश भित्रका संघीय र प्रदेश संरचना एवम बाह्य क्षेत्रका जनशक्तिको व्यवस्थित रूपमा परिचालन गर्न समेत जोखिम रहन सक्ने अवस्था देखिन्छ।

**आ) जोखिम न्यूनीकरणका सम्भावित उपायहरू :**

(क) प्रदेशका शैक्षिक संरचना, स्थानीय तह एवम निजी तथा सार्वजनिक क्षेत्रका विज्ञ जनशक्ति परिचालन गर्ने गरी प्रदेशको शिक्षा हेर्ने मन्त्रीको संयोजकत्वमा प्रदेश शिक्षा समन्वय समिति गठन गरी समन्वय र सहकार्यको वातावरण सिर्जना गरिने छ।

(ख) गण्डकी प्रदेश शिक्षा नीति, २०७८ कार्यान्वयनका लागि सम्बद्ध स्थानीय तह, शैक्षिक सरोकारवालाहरू र निजी तथा सार्वजनिक क्षेत्रलाई नीति कार्यान्वयनका